CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त वाटिका

(आध्यात्मिक महाकाव्य)

प्रा. शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त वाटिका

(आध्यात्मिक महाकाव्य)

प्रा. शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थनाम	:	वेदान्त वाटिका
ग्रन्थकार	:	प्रा. शिवगोपाल रिसाल
ग्रन्थ प्रकाशन	:	स्वाध्याय परिवार, भैरवस्थान तफालोँह, ललितपुर
ग्रन्थ प्रकाशनार्थ अर्थ सहयोगी	:	गोविन्द बस्नेत र श्रीमती मेनू बस्नेत एवं वसन्त रायमाझी र श्रीमती इना रायमाझी
ग्रन्थ विधा	:	आध्यात्मिक महाकाव्य
सर्वाधिकार	:	ग्रन्थकारमा
प्रकाशित संख्या	:	१००० प्रति
संस्करण	:	प्रथम
प्रकाशित मिति	:	वि.सं. २०७० वैशाख १ गते (चैत्रशुक्ल चतुर्थी)
आवरण कला	:	उत्तम नेपाल
मूल्य	:	रु. ३००।-
ISBN	:	978-9937-2-7046-5
मुद्रक	:	**श्री प्रेस,** जावलाखेल, ललितपुर फोनः ५५३२८२२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीपरमपूजनीय, प्रातःस्मरणीय, ब्रह्मनिष्ठ, ब्रह्मलीन
मेरा पिताश्री पण्डित श्रीविश्वनाथ रिसाल
एवं
परमपूजनीया, परमश्रद्धेया, ममतामयी माता
श्रीमती जनककुमारी रिसालज्यूमा
सादर समर्पण !

– पुत्र शिव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल भवाटवीको एउटा सानो वाटिका

अनन्त ब्रह्माण्डभित्रको एउटा सानो नाटकको म एक सानो पात्र मात्र हुँ । सूत्रधार हुन् उनै अनन्त, विशाल असीमित ब्रह्माण्डका नायक, पालक, सञ्चालक परब्रह्म, परमात्मा-मायावी तर मायातीत ईश्वर । उनैले 'उठ' भन्छन् उठिदिन्छु, 'बस' भन्छन् बसिदिन्छु । 'लेख' भन्छन् लेखिदिन्छु- म त केही पनि होइन । नाङ्गो मान्छे उनको अगाडि । तर अरूका अगाडि सबैथोक हुँ । किनभने यो पनि एउटा साधन हो साधनाका लागि । साध्य त परमात्मा हो । उसैले लेखायो मैले लेखें रे- पढ्नेले त्यसै भन्छन् । उसैले देखायो मैले हेरिदिएँ । यी सारा अक्षर उसैका रूप हुन्, वाङ्मय मूर्ति हुन् । उसैका कृपाले, अनुग्रहले यी प्रत्येक अक्षर-अक्षरमा म नै म छु रे उसैले भनेर । म त नितान्त नाङ्गो मान्छे । यी सारा मेरै हुन् भनी उसैले लिइदिएमा म त शून्यमा हुन्छु तर शून्यको साक्षीरूपमा ।

'वेदान्त वाटिका' नामकरण गरियो- यस महाकाव्यको । यो सृष्टि नै एउटा महान्, अति महान् काव्य हो । यो विशाल भवाटवीको एउटा सानो वाटिका पनि यहाँ त महान् बनेछ, लेख्दै-लेख्दै जाँदा । यहाँ काँडा सहितका अनि काँडा रहितका फूल पनि होलान् वाटिका हो नि । कुनै कोपिलै पनि होलान् । फूलले फुल्न पाएझैं कोपिलाले कोपिलिन पनि पाउँछ नि । त्यसैले कोपिला पनि आफ्ना ठाउँमा सुन्दर नै मानिएका छन्- फूलका बगैंचामा । त्यति मात्र होइन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काँडाको पनि भूमिका छ है- पुष्प संसारमा । काँडालाई पन्छाई पन्छाई फूलको सौन्दर्य परमात्मालाई चढाउनु पारखीको पारख हो । मालीले त काँडा सहितको फूलको बिरुवालाई गोडमेल गर्छ र काँडा विनाका फूल फुलाउँछ । समीक्षकहरूले त्यसै गर्नुपर्ला ।

वेदान्त वाटिकाको अभीष्ट हो वेदान्त दर्शन । सर्वत्र छताछुल्ल भएका होलान् वेदान्तले प्रतिपादन गर्न खोजेका विषय वस्तुहरू । अझ प्रमेय स्वरूप परब्रह्म परमात्मालाई आत्मसात गर्न खोज्नु नै 'वेदान्त वाटिका'को उद्देश्य हो । प्रमाणतिर भन्दा पनि प्रमेयतिर अभिमुख भएको छ यो महाकाव्य । यहाँ कथावस्तु छैन, नायक-नायिका छैनन्, चरित्र आदि इत्यादि केही पनि छैन । अनि छैन भित्र सबै थोक छ- तात्विक रूपमा । चाहिने भन्दा बढी छैन भनेको मात्र हो, चाहिने एउटै हो, त्यो त छ, छ ।

लक्षित वर्ग संसारी, विषयी होइनन् । भूत-भौतिक विषयमा चुर्लुम्म डुबेकाले यस वाटिकामा प्रवेश गर्न गाह्रो छ । श्रद्धालु, मुमुक्षु, आस्थावान्, सज्जन, पाठकले केही न केही पाए भने केही न केही मात्रामा यो साधना, यो अभियान सफल भयो । लेखनी धन्य बन्यो । सबै थोक सबैका लागि हुँदैन । कुनै थोक कसैका लागि, कुनै थोक कसैका लागि- यो सामान्य नीति हो, व्यवहार हो । यो पनि कसैका लागि हो, सबैका लागि होइन । एउटै औषधिले सबै रोग निको पनि हुँदैन नि । भवरोग लागेको थाहा पाएकाहरूले केही मात्रामा भए पनि यो महौषधि सेवन गरे भने सम्भवतः रोग राम्रै निको होला, नभए केही न केही आराम अवश्य हुन्छ नै । तर औषधि सेवन गर्दा अनुपाम पनि मिलाउनु पर्छ नि । अनुपाम हो आचार-विचार, आहार-विहार अनि विशुद्ध व्यवहार पनि ।

यसरी विधिपूर्वक यस वाटिकाभित्र प्रवेश गरे यसका सुवासले, सौन्दर्यले अवश्य पनि लाभान्वित बनिन्छ । फूल बेच्ने व्यापारीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टि त पैसामा मात्र पर्छ– वाटिकामा होइन । एक दिने भ्यालेन्टाइनले पुष्पवाटिकाको महत्त्व बुझ्न गाऱ्हो छ ।

लेख्न प्रेरणा गर्ने र वाटिकाभित्रका शीर्षकीकरणमा सहयोग पुऱ्याउने मेरा अत्यन्त नजिकका प्रेमी श्रीरविप्रसाद पराजुलीमा धेरै धेरै आशीर्वाद । अर्थसहयोगी खोज्ने र विक्री वितरणका व्यवस्थापक श्रीसीताराम खत्रीलाई पनि मुरी मुरी आशीर्वाद । मलाई लेख्न अत्यन्त अनुकूल वातावरण तयार गरिदिने एवं बेलामौकामा खानपान र शरीरको स्वस्थतामा विशेष दृष्टि पुऱ्याउने मेरी धर्मपत्नी श्रीमती गायत्री (मीनाकुमारी) रिसाललाई कहिल्यै नसकिने शुभाशीर्वाद ।

पुस्तक प्रकाशनार्थ अत्यन्त श्रद्धापूर्वक मैले एक शब्द पनि नभनीकन स्वतः स्फूर्त रूपमा धनराशि दान गर्ने दान परायण, स्वाध्याय परायण, अध्यात्म परायण नित्य स्वाध्यायी श्रीगोविन्द बस्नेत र श्रीमती मेनू बस्नेत एवं वसन्त रायमाझी र श्रीमती इना रायमाझीमा हजारौं हजारौं वार शुभ-आशीर्वाद । उहाँहरूको चित्त सदाकाल परमात्मामा लागिरहोस् ! यही श्रीपशुपतिनाथका पाउमा प्रार्थना गर्दछु ।

प्रकाशक स्वाध्याय परिवारमा साधुवाद ! आवरण पृष्ठका कलाकार श्रीउत्तम नेपाललाई मुरीमुरी धन्यवाद !

वि.सं. २०७० साल
वैशाख १ गते
(चैत्रशुक्ल चतुर्थी)

एकात्मीय
प्रा. शिवगोपाल रिसाल
'शिव-मन्दिर', शान्तिकुना, ललितपुर-५
फोन : ५५२१७२२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

विषय	पृष्ठ
सयपत्री खण्ड (मङ्गलाचरण)	१-२६
पारिजात खण्ड (माया-जगत्)	२७-५८
गोदावरी खण्ड (जीव)	५९-९०
चमेली खण्ड (विवेक)	९१-१२२
बेली खण्ड (वैराग्य)	१२३-१५६
मखमली खण्ड (षट् सम्पत्ति)	१५७-१८८
लालीगुँरास खण्ड (मुमुक्षा)	१८९-२२४
कमल खण्ड (ब्रह्म र ज्ञान)	२२५-२५८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम सर्ग

सयपत्री खण्ड

(मङ्गलाचरण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

प्रथम सर्ग

सयपत्री खण्ड

(मङ्गलाचरण)

श्रीगणेश

आदिदेव नमस्तुभ्यं परमात्मा सनातन ।
जे जस्ता छौ तिमी त्यस्तालाई हार्द नमोनमः ।।
गणेश विघ्नेश गुणी स्वरूप, हेरम्ब भीम कवि एकदन्त ।
ओम्कार शूली गुरु भालचन्द्र, ईशानपुत्रं प्रणमामि नित्यम् ।।१।।

श्रीसूर्य

श्रीसूर्य शास्ता रवि कालहर्ता
हिरण्यरेता सविता विधाता ।
आदित्य सप्ताश्व वरेण्य होता
भूतेश श्रीमान् प्रणमामि धाता ।।२।।

श्रीदुर्गा

दुर्गा पराम्बा ललिता भवानी
आर्या अपर्णा विजया मृडानी ।
गौरी सुकेशी वरदा सुगन्धा
काली नमस्ते सुभगा सुमेधा ।।३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

श्रीविष्णु

श्रीविष्णु साक्षी जगदीश धाता
विश्वेश वत्सी सविता विधाता ।
अमोघ दामोदर भानु भर्ता
चक्री नमस्ते वसु धाम सत्ता ।।४।।

आनन्दी काम कर्ता कुमुद कवि अभू कृष्ण गोविन्द भोक्ता
एकात्मा कान्त गोप्ता अचल शिव सनात् विष्णु वैकुण्ठ शास्ता ।
संक्षेप्ता सत्य सिद्धि कपिल हरि क किम् साम सिद्धार्थ जेता
सन्धाता साधु साक्षी गहन गुरु महान् शान्त सर्वज्ञ नेता ।।५।।

श्रीशिव

श्मशानवासी शिव सर्व ईश
जटी महादेव सुधी महेश ।
आनन्द भोला हर आशुतोष
योगी नमस्ते भगवान् उमेश ।।६।।

जलमा स्थलमा विष्णु, आदि, मध्य र अन्त्यमा ।
गणेश रविमा श्रद्धा, उमामा र महेशमा ।।७।।

दिगम्बर महादेव, तिमी निर्गुण निर्मल ।
नाङ्गो बनाऊ हे भोला, ज्ञानको देऊ सामल ।।८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

श्रीसद्गुरु

आत्मा ज्ञान दिने अनादि भवको अज्ञान नासीदिने ।
आफ्ना शिष्य सुधार्न आत्म बुझ्ने सर्वस्व नै सुम्पने ।।
ब्रह्मैमा नित निष्ठ मुक्त गुरु हे कल्याण मेरो गर ।
अद्वैतात्म प्रबोध होस् सहजले अज्ञान नष्टै गर ।।९।।

निर्विकार निराकार, निर्गुण ब्रह्म चिन्मय
निरालम्ब निराधार, निरहङ्कार अव्यय ।।१०।।

प्रत्यक्चेतन कूटस्थ, आत्मा ब्रह्म परात्पर ।
सच्चिदानन्द सर्वात्मा, शब्दातीत सदक्षर ।।११।।

तिमी साक्षी तिमी चेता, वेदका लक्ष्य तत् पद ।
अद्वैत र अभेदात्मा, बोध होस् ऐक्य त्वं पद ।।१२।।

तिमी ब्रह्मा तिमी विष्णु, तिमी नै हौ सदाशिव ।
गुरुदेव नमस्कार, तिमी सर्वस्व गौरव ।।१३।।

अनादिकालदेखिको, अबोध अन्धकार छ
विवेक र विरागले, प्रकाशमा बसाउछ ।
उपाय दिव्य एक छ, परेर पाउ देशिक
म गर्छु चिन्तना सदा, अखण्ड बोध सात्विक ।।१४।।

गरिमा, महिमा ठुलो, गुरु हौ ज्ञान भास्कर ।
ज्ञान वर्षा गराएर, तार अज्ञान सागर ।।१५।।

प्रा.शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

गुरु हुन् ज्ञानका दाता, गुरु अज्ञान मासने ।
गुरु हुन् ज्ञानको ज्योति, अन्धकार हटाउने ।।१६।।

गुरुका पाउमा पर्दा, अज्ञान मूलदेखि नै ।
नासिएर यता धर्म-कर्म ता भित्रदेखि नै ।।१७।।

अज्ञान दूर गर्नालि, गुरु साक्षात् प्रभाकर ।
हाम्रो जीवनको लक्ष्य, ब्रह्मात्मैक्य परात्पर ।।१८।।

खोलिदिन्छौ तिमी तेस्रो, आँखा जिज्ञासु शिष्यको ।
श्रद्धाले शिष्य लागेको, उज्यालामा भविष्यको ।।१९।।

बाबु-आमा दिने जन्म, नासिने यो शरीरको ।
गुरु जन्मदिने ज्ञान, अविनाशी विदेहको ।।२०।।

गुरु, ईश्वर, आत्मा हौ, कोटी कोटी छ वन्दना ।
देऊ ज्ञान, हटून् सारा, अनादिकाल वासना ।।२१।।

शरीरदेखि छुट्याई, राख्छौ ब्रह्मस्वरूपमा ।
गुरुदेव नमस्कार, सुदृष्टि राख शिष्यमा ।।२२।।

शरीर मात्र ता हैनौ, शरीरमा तिमी थियौ ।
ज्ञानगङ्गा बगाएर, यतैकतै तिमी गयौ ।।२३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

गुरु हौ हृदयावासी, कृपा गर सदा ममा ।
उतारी तम संसार, राख ज्ञान प्रकाशमा ।।२४।।

गुरुदेव नमस्कार, तिमी सर्वस्व ईश्वर ।
पर्दछु पाउमा तिम्रो, गर उद्धार सत्वर ।।२५।।

नबोल्ने शास्त्र बोलायौ, हटायौ मनको तम ।
आत्मा, ईश्वर देखायौ, गुरुदेव नमोनमः ।।२६।।

सद्‌गुरु भाग्यले पाएँ, अज्ञान मूल नाश है ।
चौरासी लाखको चक्र, वासना कष्ट नष्ट है ।।२७।।

कृपाले गुरुको दिव्य, कृपा ईश्वर बर्सियो ।
कृपाले शास्त्र भो स्पष्ट, डरायो विश्व तर्सियो ।।२८।।

आत्मकृपा भए दिव्य, अज्ञान मन्त्र नासियो ।
झलमल्ल हुने ज्ञान, वासना, मन मासियो ।।२९।।

श्रद्धा र भक्तिले मानें, क्षितीश ज्ञानवान् गुरु ।
वेदान्त मार्गको यात्रा, उहाँबाट भयो शुरु ।।३०।।

मस्तराम महात्मा ता, अवधूत शिरोमणि ।
ज्ञानका, तपका मूर्ति, मेरा गुरु निरञ्जनी ।।३१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

बाबा खप्तडका दिव्य, सच्चिदानन्द बोधवान् ।
भक्तिले, भावले मानें, गुरुदेव विरागवान् ।।३२।।

गुरु माता, पिता पूज्य, गर्दछु नित्य वन्दना ।
कृपा प्राप्त गरेको छु, उहाँकै सब सिर्जना ।।३३।।

गुरु साक्षात् परब्रह्म, ब्रह्म साक्षात् जगद्गुरु ।
गुरु ईश्वर ब्रह्मात्मा, निर्गुण ज्ञान नै गुरु ।।३४।।

शब्द, अक्षर वा नाद, वेद, वेदान्त हो परा ।
शब्दातीत गुणातीत, ज्ञान हाम्रो परम्परा ।।३५।।

जहाँ पुगेर फर्केर, कोही, कतै नआउने ।
मेरो गुरु म नै रेछु, इयत्ता नै नपाइने ।।३६।।

मेरै प्रकाशले मेरा, नाश हुन्छन् सबै तम ।
मेरा गुरु मलाई नै, नित्य गर्छु नमोनमः ।।३७।।

नवग्रह

रवि, शशी, बुध, मङ्गल, शुक्र हुन्
गुरु त राहु र केतु खुसी बनून् ।
सकल यी ग्रह शान्त सदा रहून् ।
नमन गर्छु त वक्र कदा नहून् ।।३८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

पर्दछु पाउमा तिम्रो, बन शान्त शनिश्चर ।
वृक्ष पिप्पलमा बस्ने, ब्रह्मा, विष्णु, महेश्वर ।।३९।।

मृत्युञ्जय तिमी नै हौ, तिम्रै पाउ म पर्दछु ।
शनिमृत्युञ्जयी स्तोत्र, नित्य नै पाठ गर्दछु ।।४०।।

वक्र दृष्टि नराखे है, जप, पूजा म गर्दछु ।
म हुँ भैरवको भक्त, ध्यानमा अगि सर्दछु ।।४१।।

जल चढाउने शुद्ध, नित्य पिप्पल वृक्षमा ।
महाकाल, महादेव, नहोस् रोग शरीरमा ।।४२।।

भक्तिले, शक्तिले पूजा, गर्दछु शिवमा सदा ।
वटुभैरवको पाठ, महाकाल यदा कदा ।।४३।।

सुदृष्टि राख हे शम्भु, तिम्रै रूप शनिश्चर ।
शनि हे सूर्यका पुत्र, पाउ पर्छु महेश्वर ।।४४।।

जप, पाठ, पूजा केही, जान्दिनँ तर गर्दछु ।
यथाशक्ति, यथाभक्ति, अक्षता, फूल छर्दछु ।।४५।।

शनिदेव कृपा राख्नोस्, ग्रहादि देवताहरू ।
नहुनोस् कहिले बाङ्गो, नाङ्गो हुन्छु म ता बरु ।।४६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

गर्छु भक्ति यथा शक्ति, अनुकूल नवैग्रह ।
बन्नुहोस् साधना गर्दा, शिरमा देव विग्रह ।।४७।।

त्रिदेवी

महाकाली महादुर्गा, जयन्ती पापनाशिनी ।
चण्डी धात्री उमा गौरी, दैत्यदानवमर्दिनी ।।४८।।

महालक्ष्मी परा पद्मा, वैष्णवी शाश्वती रमा ।
महामाया सती साध्वी, शिवा सत्या प्रभा समा ।।४९।।

महासरस्वती भाषा, भारती शब्द शारदा
ब्राह्मी वाणी कला कान्ति, गीता प्रज्ञान मोक्षदा ।।५०।।

तीनै देवी नमस्कार, देऊ शक्ति सबै थरी ।
पर्दछु पाउमा आमा, कृपा राख सधैंभरी ।।५१।।

पञ्चमहाभूतादि

पृथ्वी हौ धारणा गर्ने, विष्णुपत्नी वसुन्धरा ।
जननी जन्मभूमि हौ, अधिष्ठात्री मनोहरा ।।५२।।

प्राणीको पालन गर्ने, भूमि भू अचला स्थिरा ।
वसुधा मेदिनी क्षोणि, धरणी अवनी धरा ।।५३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

भूको स्थिति सदा होस् है, हरा भरा र उर्वरा ।
आमा हुन् जन्मभूमि ता, गरौं सेवा नहुन् जरा ।।५४।।

जल हुन् जीवनी गङ्गा, प्राणीको प्राण अमृत ।
झर्ना, ताल, नदी, नीर, यिनैमा जीव आश्रित ।।५५।।

पृथ्वी, जल नभै हुन्न, जीवनी शक्तिदायिनी ।
नमस्कार गरौं नित्य, हिमानी अनपायिनी ।।५६।।

सूर्य हुन् तेजका पुञ्ज, ज्ञान शक्ति प्रदायक ।
तेजलाई नमस्कार, मन वाणी प्रकाशक ।।५७।।

वायु नै प्राणीको प्राण, समानादि, प्रकम्पन ।
वायुले गर कल्याण, पाँचैलाई नमोनमः ।।५८।।

अम्बर नाक आकाश, विष्णुपद अनन्त ख ।
पुष्कर ब्रह्म भैं व्याप्त, अन्तरिक्ष नमोनमः ।।५९।।

पञ्चतत्त्व र तन्मात्रा, इन्द्रियादि मनादिमा ।
नमस्ते गर्नु कल्याण, अध्यात्म बुझ्नमा ममा ।।६०।।

सृष्टि हुन् परमात्माका, पशुपक्षी, वनस्पति ।
सबैलाई नमस्कार, देऊ सम्मति सम्प्रति ।।६१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

आफ्-आफ्ना क्षेत्रमा जीव, जति स्थावर जङ्गम ।
मान्छेसँग मिलेका छन्, असाधारण सङ्गम ।।६२।।

सबैसँग मिली बाचौं, बचाऔं सृष्टि सन्तति ।
मनुष्यको यसैमा छ, शान्ति, तृप्ति, समुन्नति ।।६३।।

वाहनादिको सम्झना

सबै प्राणी समानै हुन्, सबै हुन् देववाहन ।
सबैमा आत्मभावै होस्, अभेद दिव्य दर्शन ।।६४।।

साँढे वाहन भोलाको, देवीको सिंह वाहन ।
गणेशको मुसो यान, इन्द्रको गज वाहन ।।६५।।

गरुड विष्णुको यान, सप्ताश्व सूर्यवाहन ।
ब्रह्माको हाँस हो यान, शारदा हंस वाहन ।।६६।।

अलक्ष्मीको भयो भुल्का, राँगो हो यमराजको ।
गङ्गाको यान हो ग्राह, मयुर हो कुमारको ।।६७।।

गौका अङ्गभरी बस्छन्, तेत्तीस कोटि देवता ।
मत्स्य कूर्म वराहादि, अवतार विशेषता ।।६८।।

हात्तीको बाघको छाला, छाला ता कृष्णसारको ।
पवित्र मानिएकै छ, अजिनासन शम्भुको ।।६९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

बाजुबाला चिसो माला, शिवको सर्प भूषण ।
फणा हजारका शेष, विष्णु सैय्या सुशोभन ।।७०।।

प्राणी महिमा

कुकुर, कागको पूजा, भ्यागुतो पनि पूजिने ।
मौरीको मह हालेर, पञ्चामृत बनाइने ।।७१।।

भालु वानर आदि हुन्, वीर सैनिक रामका ।
युद्ध संजीवनी, मैत्री, ठुलो सेवा र कामका ।।७२।।

गँड्यौला पुतली आदि, हाम्रै कल्याण गर्दछन् ।
परमात्मा सबैभित्र, बसेरै सृष्टि हेर्दछन् ।।७३।।

फलफूल र अन्नादि, वनस्पतिहरू सबै ।
हाम्रो कल्याण नै गर्छन्, अन्यथा नहुने कवै ।।७४।।

श्रीखण्ड, नीम वा चाँप, तुलसी वर, पिप्पल ।
सिस्नुसम्म गुणी छन् है, दिन्छन् शान्ति र शीतल ।।७५।।

फल सात्विकका लागि, केरा, आँप र सुन्तला ।
अम्बा, अनार वा स्याउ, सबै मिठा, सबै भला ।।७६।।

फूलको त कुरै छैन, सर्वत्र, सर्वदा गुणी ।
देवता, पितृका लागि, मनुष्य हितका धनी ।।७७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

गहुँ, धान, मकै आदि, अन्न अमृत तुल्य हुन् ।
मान्छे बाँच्तछ अन्नैले, अन्नमा ईश पस्तछन् ।।७८।।

काला मैला हजारौं जनम जनमका वासना भोग गर्दै ।
लाखौं इच्छा नपुग्दै विषय विष भनी बुझ्न खोज्दै, नबुझ्दै ।।
चौरासी लाख योनी रहर र करले भोगियो भोग्न शेष ।
सारा अज्ञान फाली अमरपद दिने ज्ञान अद्वैत वेस ।।७९।।

फट्याङ्ग्रा, कमिला, कीरा, सृष्टिमा ईशले गरे ।
सबै गुणी, सबै राम्रा, मान्छेमा भावना भरे ।।८०।।

आ-आफ्ना क्षेत्रमा योग्य, आवश्यक भएर नै ।
आएको बुझ्नु मात्रै छ, उच्च सोच गरेर नै ।।८१।।

मान्छेमा बुद्धि हालेको, सबैमा सम देख्न हो ।
सबै सुखी, निरोगी हुन्, गर्छु वन्दन हे विभो ।।८२।।

प्राणी सबै ईश्वरका विधान
प्राणी सबैमा समभाव दान ।
बुटाबुटी, झार र पात सारा
कल्याण गर्नोस्, दिनुहोस् सहारा ।।८३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

सर्वत्र नै ईश्वर दृष्टिमा ता
विश्वास गर्ने विधिमा, विधाता ।
श्रद्धा र विश्वास गरेर हामी
बाँचीरहेछौं सब धर्म थामी ।।८४।।

योे सृष्टि हाँक्ने पनि मानिसै हो
ज्ञानी बनी मुक्त हुने यही हो ।
कि स्वर्ग जाने कि त नर्क जाने
मुक्तात्म बन्ने र कतै नजाने ।।८५।।

मान्छे उही हो तर बुद्धि भिन्न
ज्ञानी हुने बोध भए अभिन्न ।
श्रद्धा र विश्वास दिने प्रशान्ति
शरीर अध्यास भए अशान्ति ।।८६।।

सर्वत्र नै होस् सम, आत्मभाव
सदा भएमा शिवको स्वभाव ।
आनन्द, सत्, चित् शिव आत्मरूप
शुद्धात्ममा बोध हुने स्वरूप ।।८७।।

ढुङ्गा र मूर्ति सब देवता हुन्
केदार, बद्री पनि पत्थरै हुन् ।
कि काठमा वा कि त बालुवामा
विश्वास, श्रद्धा शिवमा, शिवामा ।।८८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साकार-निराकार

आकाश वाणी पनि देवताका
आगो र पानी गुण साधनाका ।
हामी सबैमा शिवभाव देख्ने
आस्थाविना जीवन नै नदेख्ने ।।८९।।

साकारबाटै क्रमले उठेर
पुग्ने निराकार उनै भजेर ।
चुरो कुरो ता सब निर्गुणै हो
आधार, आस्था सगुणै शिवै भो ।।९०।।

विश्वासमा नै सब सृष्टि अड्ने
अध्यात्मको मार्ग अगाडि बढ्ने ।
सर्वत्र नै ईश्वर, देवता छन्
विश्वासले मानव ढुक्क नै छन् ।।९१।।

सुखी, निरोगी बन शान्ति खोज
त्यो भित्र आफ्नै मनमा छ रोज ।
अद्वैत आफू शिव भेटिने छ
खोज्ने र खोजै जब मेटिने छ ।।९२।।

पशुपति धनदाता मुक्तिदाता विधाता
गणपति मतिदाता सिद्धिबुद्धि प्रदाता ।
शिखर सगरमाथा लुम्बिनी बुद्ध शास्ता
जनक जय मनाऔं जानकी दिव्य माता ।।९३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

मेची, काली र भेरी हिमगिरि बगने गण्डकी सप्तकोशी
तादी, मादी र सेती सुखद जल दिने वाग्मती पुण्य राशि ।
हाम्रो सर्वस्व आत्मा तरल धन दिने कीर्ति मूर्ति धरित्री
पूजा गर्छौं अमर गति दिनोस् भन्दछौं मातृ धात्री ।।९४।।

देवी वा देवतामा अटल मन भए आत्मविश्वास बढ्ने
सारा गर्ने उनै हुन् विमल चरणमा पर्नुले भीति हट्ने ।
आफ्नो प्रारब्ध भोगी सम विषम सही मोक्षकै लागि लागौं
हाम्रो कल्याण पक्का शिवशरण परी बोधकै लागि जागौं ।।९५।।

दुर्गा हुन् भूत सारा भुवन-वन सबै सृष्टि साम्राज्य दुर्गा
नारी वा जीव-प्राणी चर-अचर अहा ! रूप वा नाम दुर्गा ।
त्यस्तै नै विष्णु भोला जल, थल, नभमा दृश्यमा ब्रह्मरूप
जानौं ता हेर्न राम्रै अगणित गणमा ईशको नै स्वरूप ।।९६।।

सुरक्षा र स्वतन्त्रता

शरीरदेखि छुट्टेमा, सुरक्षा किन चाहियो ?
उनैलाई सबै सुम्पे, स्वतन्त्र हुन पाइयो ।।९७।।

सुरक्षित हुनै खोजे, परिन्छ पर-हातमा ।
शरीर, धनका लागि, चिन्तै छ वात-वातमा ।।९८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

परमात्मा दिने नित्य, सुरक्षा र स्वतन्त्रता ।
संसारमा न ता रक्षा, न ता मिल्छ स्वतन्त्रता ।।९९।।

ज्ञानले मात्र पाइन्छ, सुरक्षा र स्वतन्त्रता ।
असुरक्षित हो मूर्ख, भोग्छ है परतन्त्रता ।।१००।।

सुरक्षा सब नै खोज्छन्, शरीर, धन आदिको ।
ईशको भर पर्दैनन्, जिम्मा नै लिन सक्छ को ?१०१।।

ईशका भर पर्नाले, सुरक्षित, स्वतन्त्र भो ।
देह, गेह, स्वयं बुझ्दा, सुरक्षा, स्व समाप्त भो ।।१०२।।

ज्ञान, भक्ति दुवै दिन्छन्, सुरक्षा र स्वतन्त्रता ।
अरू उपाय नै छैन, चित्तमा होस् विशुद्धता ।।१०३।।

ईशका पाउमा पर्दा, जानुपर्दैन जङ्गल ।
अशुद्ध चित्त छोडेर, शुद्ध चित्त सुमङ्गल ।।१०४।।

सुमार्गमा चले भक्त, मार्गले भक्त खोजने ।
भक्तिसाम्राज्यको नीति, भगवान् भक्त रोजने ।।१०५।।

भगवान् भक्तका भक्त, भक्तभित्रै रमाउने ।
संसार तुच्छ जानेर, भक्त पाउ समाउने ।।१०६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

तिर्खा लागे त तिर्खालु, खोलो वा मूल धाउने ।
राम सम्झ्यो भने पुग्ने, शवरी-घर आउने ।।१०७।।

तिर्खालु खोज्दछन् खोला, भोला ता भक्त खोज्दछन् ।
रित्तो बनाउनोस् झोला, वर्षा अमृत गर्दछन् ।।१०८।।

तीर्थका सम्झना गर्दा, तीर्थै खोजेर आउछन् ।
कृष्णकै मात्र होस् आश, भक्तकै वास धाउछन् ।।१०९।।

शारदाको गरे ध्यान, कवितामा उदाउने ।
नारायण जपे नित्य, आगो नै सलिलाउने ।।११०।।

यमलोक गए आफैं, ब्रह्मज्ञान कमाउने ।
विकसित भए बुद्धि, धन, मान गुमाउने ।।१११।।

सच्चा भक्त भए पुग्छ, भगवान् सब हेर्दछन् ।
योगक्षेम उनै गर्ने, शान्ति कवच बेर्दछन् ।।११२।।

ग्रन्थ परिचय

कैलासको यो शिव वाटिका हो
नानाथरी पुष्प र नाटिका यो ।
स्वतन्त्रापूर्वक बाँच्न खोज्ने
यो वाटिका जङ्गल साँच्न रोज्ने ।।११३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जे भो जसो भो यसमा यसै भो
नसोध्नुहोस् है किन यो कसो भो ।
यो वेग हो अमृतरूप धारा
आफैं फुलेका नभका सितारा ।।११४।।

झरेका झर्ना हुन् शिवशिखरबाटै धरणिमा
उठेका ज्वाला हुन् तन-मन मथेको अरणिमा ।
हुरी आँधी आयो धुलकण बढारेर लगिए
शिवैका साथैमा सुमन मनका अर्पित भए ।।११५।।

फुलेका आफैं नै कुसुम वनका शान्त सुमना
कुनै काँढाभित्रै मधुर त कुनै कण्टकविना ।
सबै खाले छन् है मधुकर सबैका रस लिने
अहा ! मौरीले नै मधुर मधु बाँडेर त दिने ।।११६।।

सुगन्धी छन् कोही कतिपय भने देव नलिने
कुनै साना ठूला मधुर रस वा केशर हुने ।
बगैंचा यस्तै हो भुवन-वनमा ईश्वर दिने
रमाए आनन्दै तटतिर बसे शान्ति मिलने ।।११७।।

आएँ यता लौ म त तीर्थयात्री
छोडेर जाने धरणी, धरित्री ।
नाता र गोता पछि नै कमाएँ
आत्मा भएरै स्थिति यो जमाएँ ।।११८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

वेदान्तमा रुचि भए शिव-वाटिकामा
पाइन्छ शान्ति सरिता नव नाटिकामा ।
पाल्नोस् यतातिर शिवैशिव भेटिइन्छन्
संसार कष्ट सजिलैसित मेटिइन्छन् ।।११९।।

यो कल्पना काव्य कदापि हैन
म पात्र बाहेक अरू त छैन ।
मेरै म मात्रै शिव, बुद्धि बोल्ने
वेदान्त-विज्ञान रहस्य खोल्ने ।।१२०।।

यहाँ न बुद्धि न त कल्पना छ
ब्रह्मात्मको ध्यान र साधना छ ।
नितान्त एक्लो म त भित्र-भित्र
पसेर देख्ने म विचित्र चित्र ।।१२१।।

आनन्दले आत्म समाधिमा छु
वेदान्तको वागतिरै रमा' छु ।
रङ्गी विरङ्गी अनमोल फूल
फलै फलेका रसिला अतुल्य ।।१२२।।

मीठो न शैली, न त शब्द-खेल
न राजनीति, न त जाल-झेल ।
न हास्य वा व्यङ्ग्य यतैकतै छ
सुवास वेदान्त जताततै छ ।।१२३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

विशेषतामा यसको यही हो
एक्लो हुनुको रस-रास यै हो ।
खोजेर यस्तै पछि आउलान् नि
रोजेर वेदान्त रुचाउलान् नि ।।१२४।।

वेदान्तको तत्त्व विचार गर्न
पस्नोस् यहाँ मस्त भई विचर्न ।
यो ता तपस्या र उपासना हो
लेख्ने र छाप्ने शुभ-वासना हो ।।१२५।।

संसारको चिन्तन ता नगर्न
वेदान्तको चिन्तन मात्र गर्न ।
यो मात्र यौटा सजिलो उपाय
देखेर लेखें रसिलो सहाय ।।१२६।।

म रौंचिरा दर्शनभित्र छैन
यो ता कुनै तार्किक काव्य हैन ।
साह्रै छ मीठो, सजिलो म आत्मा
बुझेर बन्नोस् घरमा महात्मा ।।१२७।।

न काव्य मीठो, न कथा-व्यथा छ
वेदान्त भित्रै त यथा-तथा छ ।
आनन्दको यो अविराम धारा
पसे यसैमा पुगिने किनारा ।।१२८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

अध्यात्म वा नैतिकता यहाँ छ
सद्धर्म, सत्सङ्ग र बोध नै छ ।
महौषधी यो भवरोग मार्ने
संसारबाटै अहिले उतार्ने ।।१२९।।

वाटिका सुमनको र तत्त्वको
आत्मको मननको र सत्वको ।
मोहको भुवनको त शोधमा
प्राप्त गर्नु परने सुबोधमा ।।१३०।।

अद्वैतमा नायक, नायिकाको
के स्थान हुन्थ्यो भवको कथाको ।
विवेक, वैराग्य, विचार गर्दै
यो ढाकिएको त यथा-तथाको ।।१३१।।

यो सृष्टि पैले जसरी, जहाँथ्यो
यो सृष्टि आजै जसरी, जहाँ छ ।
भविष्यमा सृष्टि जसो त होला
बस्ने, नफस्ने, भजने त भोला ।।१३२।।

आनन्दले जीवन बाँच्न सक्नु
सर्वोच्च, हाम्रो पुरुषार्थ हुन्छ ।
आनन्द ता केवल बोधमा छ
ब्रह्मात्मको बोध त वेद भन्छ ।।१३३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

सरक्क पन्छेर, फरक्क फर्के
मिथ्या बुझेरै त तरक्क तर्के ।
नछोइने भै भवमा बसेमा
आनन्द वर्षा घरमा, वनैमा ।।१३४।।

देहादि, गेहादि त भार हैन
यो सिर्जना ईश्वरको, म छैन ।
मेरो, म–को भाव हटाउनाले
सर्वत्र राम्रो शिव बोलनाले ।।१३५।।

तृतीय आँखा जब खोलिने छ
सत्यं, शिवं, सुन्दर बोलिने छ ।
अज्ञान, चिन्ता अब चूर्ण–चूर्ण
मनुष्यको जीवन भो नि पूर्ण ।।१३६।।

संसार यो सागर सुन्दरै छ
भवाटवीले त सुवास दिन्छ ।
वेदान्तले दृष्टि सुधार गर्दा
हट्ने छ आजै अविवेक पर्दा ।।१३७।।

अर्को बनाएर बनाइदैन
आफू बनाए त अशान्ति छैन ।
संसारको के छ र मोलतोल
ब्रह्मात्म, शिवात्म र आत्म बोल ।।१३८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

कि पाल्न सक्ने कि त फाल्न सक्ने
यसो उसो जे पनि गर्न सक्ने ।
कि सिर्जना वा लय, पालनामा
श्रद्धा गरौं लौ शिवमा शिवामा ।।१३९।।

संसारकै शक्ति खुबै लगाऊ
सारा उनैको शिव गीत गाऊ ।
जे हुन्छ सो मात्र हुनेछ सत्य
निमित्त मात्रै बन साधु नित्य ।।१४०।।

शिवले शिवको शिवात्मको
मनले मनमा विचारको ।
जब भो भवको विरागको
अब हुन्छ बिहान र बोधको ।।१४१।।

भर लौ पर है विधानको
त्यसमा सबको सुधारको ।
अभिमान सबै त छोड है
शिवमा मन यो त जोड है ।।१४२।।

प्रेमले सब जना मन धोउन्
भोग-रोग भरिएर नरोउन् ।
फूल फुल्दछ यहाँ अनमोल
आत्म शुद्ध गरदै शिव बोल ।।१४३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

म ता ज्ञान गर्दा, सबै मुक्त हुन्छन्
तपाईं म बोक्ने, तपाईं ममा छन् ।
म एक्लो, म आत्मा म ता ब्रह्मरूप
म, ऊ, ती, तिमी वा उसैको स्वरूप ।।१४४।।

आफू चिन्न सके भयो धरणिमा ब्रह्मात्म आफू त हो
आफूदेखि अभिन्न हुन् सब जना मिथ्या त यो विश्व हो ।
आत्मानात्म विचारको त पुगिने सर्वोच्च सिंहासन
यो हो अन्तिम जन्म लौ गर नुहोस् ब्रह्मात्मको चिन्तन ।।१४५।।

महात्मा आत्माको श्रवण गरदा पावन् हुने
सुनेरै गीता वा उपनिषदमा प्रेम बढ्ने ।
सदा आनन्दै होस्, पठन अथवा लेखन चलोस्
बगैंचा यस्तैमा अमर फल फल्ने फुल फुलोस् ।।१४६।।

देखिन्छ माया त हराउदामा
माया हरायो म उदाउदामा ।
माया, जगत् वास्तव सत्य हैन
ज्ञानी भएमा भवले छुदैन ।।१४७।।

शिवमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय सर्ग

पारिजात खण्ड

(माया-जगत्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

द्वितीय सर्ग

पारिजात खण्ड

(माया-जगत्)

शिष्य-

आत्मा हौ गुरुदेव ईश्वर तिमी वेदान्तका सागर
गर्दैछौ शिवकर्म आत्मबलले उद्धार मेरो गर ।
तिम्रा पावन पाउका शरणमा श्रद्धा र विश्वासले
आएको छु दया रहोस् त गुरु हे! ज्ञानाग्निका तेजले ।।१।।

कुण्ठा छन् मनमा अनेक तहका कार्पण्यका दोषले
मायाले, भ्रमले, अशुद्ध मनले, अज्ञानले, भूलले ।
यी सारा मल दोष आवरणले, विक्षेपले, चञ्चले
निर्मूलै गुरुदेव गर्दिनुहओस् ज्ञानाग्निका तेजले ।।२।।

माया हो कुन, के, कहाँ छ कहिले, कस्तो छ ? लौ भन्नुहोस्
मायाबाट कसो गरेर तरने पारी उतारीदिनोस् ।
के के गर्नु, नगर्नु हो कति कुरा छर्लङ्ग नै पार्नुहोस्
नाङ्गो भैकन पाउका शरणमा आएँ कृपा गर्नुहोस् ।।३।।

गुरुदेव सदाकाल पाउमा नै म पर्दछु
    कृपा प्राप्त भए आजै, भवसागर तर्दछु ।
उपदेश दिनोस् मीठा, मायादेखि विमुक्त हुँ
    विनम्र भावले पाउ पर्दछु म त शिष्य हुँ ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

सद्गुरु-

माया वास्तवमा कदापि नहुने हो भैं हुने तैपनि
जे जस्तो जति नै त देखिन गयो त्यस्तै त यो हैन नि ।
हो हो भैं तर हैन हैन नि हरे ! माया यही हो गयो
सारा दृश्य र भूत भौतिक कुरा संसार मिथ्या भयो ।।५।।

देख्तैमा सब सत्य हुन्न नि बुझौं मिथ्या त भन् देखिने
डोरीमा पनि सर्प देखिन गयो के सर्प साँचो हुने ?
चाँदी देखिन गो सिपी तर थियो, पानी भयो बालुवा
माया हो भ्रम हो, भ्रमात्म पनि हो अध्यास हो, हैन वा ।।६।।

हो भन्दा तर नासिने यदि भए ब्रह्मात्मका बोधले
माया हैन भने प्रपञ्च सब यो देखिन्छ अज्ञानले ।
माया साथ लिएर ईश्वर गरे ब्रह्माण्डकै सिर्जना
मायावी उनको त नाम हुन गो बस्छन् नि माया विना ।।७।।

माया सिर्जन, पालना र लयमा हो भैं हुने हैनमा
ज्ञानी बुझ्दछ यो अपार महिमा देखिन्न यो आत्ममा ।
आत्मा बोध भए गए सब कथा, माया र मिथ्या, भ्रम
आफू मात्र रहे गए निखिल यी माया, अहं वा मम ।।८।।

या जो हो, जुन मा त हैन न त हो माया त्यही हैन हो
शब्दैले पनि हैन, हैन नि अहो ! आश्चर्य हो हैन यो ।
माया हो व्यभिचारिणी भुवनमा घप्लक्क नै छोप्तछे
आत्मा, ब्रह्म समाउने, दृढ भए माया कतै भाग्दछे ।।९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

यै हो है पुरुषार्थ

आँखामा यदि दोष रेछ त भने देख्ने दुई चन्द्रमा
रोगी जन्डिसको त देख्छ सजिलै प्याँलो छ रे शङ्खमा ।
यस्तै हो मनमा छ रे यदि भने चिन्ता र मोहान्धता
सारा विश्व हुने अनन्त गहिरो कालो र मैलो यता ।।१०।।

मायाकै वसमा परेर शिवजी, ब्रह्मा र दामोदर
नाना दुःख र यातना पनि सहे संसार माया-घर ।
कैले नारदलाई नै रहर भो ब्यौला बनुँ लौ भनी
पाए हन्डर नै उपेक्षित बने श्रीविष्णु लीला छ नि ।।११।।

मायाकै घर राज्य हो भुवन यो माया त देखिन्न नि
आफ्नो शक्ति फिजाउने दश दिशा हो भैं हुने तैपनि ।
मायाको न त देश, जन्म, गुण वा माता, पिता हुन् कता
आएको त अनादिकाल पहिले अज्ञान नै हो पता ।।१२।।

जो हो सत्य बुझे त बुद्ध भइयो अज्ञान दूरै गयो
मिथ्यालाई बुझे स्वरूप सुखको बाटो मिठो पैलियो ।
मिथ्यालाई त सत्य हो यदि बुझे सत्यात्म मिथ्या हुने
माया हो यति नै त बोधित भए मुक्तात्म आजै हुने ।।१३।।

मायालाई चिने त छोड्न सजिलो ब्रह्मात्म आफैं हुने
आफू ब्रह्म चिने त सत्य भइने माया त्यसै छोडिने ।
आफू ता लिन-छोड्नदेखि परको ब्रह्मात्म हो, ब्रह्म हो
वेदान्तादि समस्त शास्त्रहरूको गूढार्थ हो, सार हो ।।१४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

माया छैन भनी बुझे त भइगो आफू सदा ब्रह्म हो
सारा ब्रह्म भनी बुझे अझ भयो माया त नष्टै न हो ।
बुझ्नै पर्दछ यो निषेध मुखले त्यो हैन, त्यो हैन है
ब्रह्माण्डै विधि हो बुझे पनि हुने त्यो ब्रह्म, यो ब्रह्म है ।।१५।।

माया जान्नु कि आत्म जान्नु जसरी ज्ञानी हुनै पर्दछ
मौका हो अहिले बुझेर हुनुले जन्मादि नै टर्दछ ।
आत्मादेखि त भिन्न जे, जति कुरा मिथ्या र माया त हो
ध्यानैमा बस वा सुषुप्ति बुझदा आफू त मुक्तात्म भो ।।१६।।

के कस्तो कसरी कहाँ छ कहिले माया भनेको चिज
जे जस्तो जसरी जहाँ छ जहिले अज्ञान माया बिज ।
बुझ्नैमा छ महानता भुवनमा ज्ञानी हुने बोध हो
माया छोड्न बुझे त शेष हुन गो ब्रह्मात्म, अध्यात्म हो ।।१७।।

माया शक्ति भए त आत्म शिव हुन् माया भइन् पार्वती
माया नै सब गर्दछिन् ढलिमली जन्मादिको संसृति ।
कर्ता हैन नि आत्म ता सब गरी माया सदा मस्तछिन्
आफू शुद्ध-विशुद्ध बन्नु बनने वेदादि शास्त्रादि छन् ।।१८।।

फर्क्यो रे जब विश्वका तरफ ता माया मुखै बाउने
खाँखाँखाँ गरने र भोग भरने जन्मादिमैं फर्कने ।
आत्मा तर्फ फरक्क फर्कन सके मुक्तात्म आफू हुने
यै हो है पुरुषार्थ मोक्ष सुखको जीवन्त भै टुङ्गिने ।।१९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

छाया समान

आत्मा नित्य विचार होस्, मनन होस् माया त्यसै गल्दछे
आत्मा-ईश्वर भक्ति होस्, भजन होस् माया उतै ढल्दछे ।
आत्मामा दृढ भो विचार त भने माया त निर्मूल भो
ब्रह्मैभाव हुने सदा स्मरणले ब्रह्मात्म भो, ज्ञान भो ।।२०।।

वैराग्यै कि त तीव्र होस् विषयमा, लोकेषण, भोगमा
षट्सम्पत्ति त शमादिले स्वरूपमा जाग्ने त हो योगमा ।
यस्तै नै गतिले मुमुक्षुपनले माया त्यसै वैलिने
आत्माकै नित बोधरूप भगवान् जाने ऊ ता पन्छिने ।।२१।।

मायाकै गुण मान्नु पर्दछ अहा ! ब्रह्मात्मका बोधमा
अज्ञानै नभए कुनै तवरले माया नछुट्ने ममा ।
माया छिन् र त बोधमा गति भयो माया त ओभेलमा
आत्मानात्म विवेकले शिखरमा पुग्ने त हो ब्रह्ममा ।।२२।।

यो ता शत्रु भनेर लड्न नहुने मिथ्या भनेमा हुने
आकाशै सरि हो नदेख्न सकिने हो शून्यमा मानिने ।
मायामा भव मोहितै हुन गयो देखिन्छ शोकाकुल
पानीका दहका समीप रहदा प्यासी छ काकाकुल ।।२३।।

मायादेखि विमुक्त हो तर कुरै बुझ्दैन ता मूर्ख हो
निद्रामा र समाधिमा बस तिमी मायाविनिर्मुक्त हो ।
निद्राबाट उठे, चिताउन छुटे ब्रह्मात्मको बोध भो
माया हुन्छ समाप्त आज, अहिले छाया समानै त हो ।।२४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

विचार

म को हुं ? जगत्‌को अनात्मा कि आत्मा ?
म ता जीव वा ब्रह्म हुँ ईश्वरात्मा ।
यसैमा विचारै गरेरै म मुक्त
बनेमा महाभाग्यमानी सुषुप्त ।।२५।।

म ता ब्रह्म, आत्मा जगत् हो अनात्मा
यही नै बुझेरै बनेको महात्मा
गरे सृष्टि माया लिई ईश्वरैले
म साक्षी जहाँ जे गरुन् है उनैले ।।२६।।

सर्वस्व मेरो त विचार नै हो
मान्छे भनेको त विचार नै हो
विचारबाटै सब तत्त्व खुल्छ ।
ब्रह्मात्मको बोध अवश्य फुल्छ ।।२७।।

सृष्टि, पालन तथा लय भन्ने
दृष्टि मात्र हुन गो मन भन्ने ।
सृष्टि छैन नि कदापि कहिल्यै
ज्ञान मोक्ष गरने त अहिल्यै ।।२८।।

मोक्ष-मन्दिरका चार, द्वारपाल प्रसिद्ध छन् ।
सम, विचार, सन्तोष, साधु-सङ्गत सिद्ध भन् ।।२९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

अनुकूल भए एक, खुल्ला भो द्वार चार नै ।
सत्सङ्ग, सम, सन्तोष, विचार गर्नु आज नै ।।३०।।

विचारबाटै व्यभिचार हट्छ
विचारवान्को रिस-राग घट्छ ।
विचारले ज्ञान उदाउने हो
संसारको भोग भगाउने हो ।।३१।।

श्रृङ्गार, सौभाग्य विचार भन्छन्
विचार गर्ने शुभमार्ग चल्छन् ।
कर्तव्य, वक्तव्य विचार नै हो
विचारवान् नै पछि मुक्त नै भो ।।३२।।

विहार, आहार, विचारबाट
चिनिन्छ मान्छे न त ठाँटबाँट ।
म मुक्त भन्ने, म त बन्धनैमा
मान्छे बसेका निज निर्णयैमा ।।३३।।

व्यवहार सबै मिथ्या, देह, गेह र विश्वको ।
सत्य ता एक मात्रै छ, आत्मा, ईश्वर, वेदको ।।३४।।

शरीर मेरो म शरीर हैन
शरीरको बाहिर-भित्र छैन ।
सुषुप्तिमा हेर समाधि गर्दा
आफू म देखिन्छु हटाई पर्दा ।।३५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

श्रीरामको नाम सदा लिएमा
अखण्ड आनन्द सुधा पिएमा ।
संसारको झन्झटदेखि पार
मलाई मैले अहिले उतार ।।३६।।

यो देखिएको सपना समान
नदेखिएको पनि हैन जान ।
यी ती सबै नै मनका विकार
विचार गर्दा शिवमात्र सार ।।३७।।

विचार गर्दा व्यभिचार भाग्ने
म भित्र नै ब्रह्मविचार जाग्ने ।
मदेखि अर्को दुनियाँ रहेन
मलाई मैले नचिनी भएन ।।३८।।

नचिन्न गाह्रो सजिलो म चिन्न
ब्रह्मात्मको ज्ञान त हो अभिन्न ।
म मात्र बाँकी भव नै हराए
आचार्यले ज्ञान गरे, गराए ।।३९।।

यो पनि माया

बिहा गरे शङ्करले अनादि
जन्ती गए भूत र प्रेत आदि ।
श्रीविष्णु, ब्रह्मा, रवि, राम आए
गणेशले सेल, पुरी चपाए ।।४०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

बिहा भयो लौ शिवको शिवाको
गणेश चढ्ने पिठमा मुसाको ।
पूजा गरे शङ्करले गणेश
साँढे चढेका दुलहा महेश ।।४१।।

मादल् बजाए गणनाथजीले
फुके अहा शङ्ख त कृष्णजीले ।
भोला, स्वयंले डमरु बजाए
प्रसन्न भै ताण्डव नाच्न थाले ।।४२।।

सोधे उता गोत्र र बाबु को हुन् ?
अगोत्रको बाबु त विष्णु नै हुन् ।
सोधे त बाजे सबका म नै हुँ
बाजे न बाको परगोत्रको हुं ।।४३।।

ल्याए ती दुलही जसै घरतिरै लावा र लस्कर् थिए
थाकेका शिवको बगेछ पसिना ती चन्द्रमा पग्लिए ।
हात्ती, बाघ उठे र लड्न शुरु भो साँढे त भागिगयो
नाङ्गा ती शिवजी परे विलखमा साह्रै विइज्जत् भयो ।।४४।।

मायासितै ईश्वरको बिहा भो
अवश्य नै प्रेम बिहा यही हो ।
लस्पस् भएको पनि धेर भेछ
अनादिको आदि यही रहेछ ।।४५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

घुम्टो उघारे जब ईश्वरैले
माया लजाइन् स्मित कामनाले ।
थिएन इच्छा तर भो विवाह
माया यही हो शिवको अथाह ।।४६।।

माया थिइन् मौन लजाउनाले
हाले अँगालो अब ईश्वरले ।
यो सृष्टि भो जीव र वासनाले
यस्तै छ लीला नभई हुनाले ।।४७।।

माया गइन् लौ सकिएछ काम
यो जीवकै हो कलना तमाम ।
बसे अहा ! ईश्वर दिव्य धाम
बिहा गरेको सपना समान ।।४८।।

माया भएरै कहिले फकाइन्
गरिन् नखारा अहिले छकाइन् ।
संसारको यो त यथा-तथा हो
यो सृष्टि साम्राज्य कथा-व्यथा भो ।।४९।।

शिष्य–

माया बुझैं लौ गुरुदेव आज
माया छ भन्दा अब लाग्छ लाज ।
कृपा भएको अनमोलको यो
कृतज्ञ बन्दा मन निर्मलै भो ।।५०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

हाम्रो जीवन हो धन्य, वेदान्त सुन्न पाइयो ।
पूर्वका पुण्यले आज, मान्छे भैकन आइयो ।।५१।।

गुरुदेव कृपा गर्नोस्,जगत् के हो बताउनोस् ।
भूत-भौतिक यो के हो ? कृपया मर्म खोल्नुहोस् ।।५२।।

सद्गुरु–
राम्रो प्रश्न छ यो तिम्रो, ध्यानपूर्वक लौ सुन ।
मैले जे, जति भन्नेछु, बुझेरै मनमा गुन ।।५३।।

बुझेर पन्छाउनु पर्छ यो जगत्
देखिन्छ हेर्दा तर छैन है फगत् ।
मिथ्या भनेको नभएर देखिने
देख्यौ भनेरै न त सत्य मानिने ।।५४।।

देख्नमा त भएकै हो, हुनुमा छैन यो जगत् ।
पेटारो जादुको झैं यो, कल्पना मात्र हो फगत् ।।५५।।

जाग्रत्मा देखियो विश्व, स्वप्नमा सत्य छैन त्यो ।
स्वप्नमा देखियो अर्कै, कसले भन्छ सत्य हो ।।५६।।

द्वैत मिथ्या हो

जाग्रत् र स्वप्नको विश्व, सुषुप्तिमा कहाँ गयो ?
अवस्था तीन नै मिथ्या, जगत्को गति यै भयो ।।५७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

चौथो तुरीय आफू हुँ, हराउन्न कदापि म ।
व्यभिचारी अवस्था हुन्, एकनास रहन्छु म ।।५८।।

अवस्थामाथि बस्ने म, अवस्थाभित्रको जगत् ।
यत्ति बुझ्नु परेकै छ, बुझेमा काटियो लगत् ।।५९।।

बुझ्नकै लागि यो चोला, पाएको हो मनुष्यले ।
बुझेरै मुक्त यो होला, भन्दछन् गुरु, शास्त्रले ।।६०।।

जगत्ले छुन सक्तैन, जगत् मिथ्या भनी बुझे ।
'ब्रह्म सत्यं जगन्मिथ्या', ब्रह्मकै रसमा रुझे ।।६१।।

यही हो वेद सिद्धान्त, जगत् टिक्न नपाउने ।
देखिन्छ तर यो हैन, माने सत्य रुवाउने ।।६२।।

नाम, रूप सबै मिथ्या, जगत् ता नाम, रूप हो ।
अवस्था तीन नै मिथ्या, तुरीय ता स्वरूप भो ।।६३।।

म ता मर्दिनँ, जन्मन्नँ, जगत् जन्मन्छ, मर्दछ ।
नमान्दा दुःख नै छैन, यो त मिथ्या ठहर्दछ ।।६४।।

जगत् ता कोशमा पर्ने, कोशातीत तिमी त हौ ।
जगत् हो वासना पुञ्ज, वासनादेखि माथि छौ ।।६५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

नाना र कल्पना विश्व, मनमा विश्व देखिने ।
साक्षी, शुद्ध तिमी ब्रह्म, बुझे विश्व नदेखिने ।।६६।।

जगत्, विश्व र ब्रह्माण्ड, संसार एक अर्थ हो ।
परिणामी, विनासी यो, सत्य मान्नु निरर्थ हो ।।६७।।

जसले विश्व बुझ्दैनन्, मालामाल, कमाल भो ।
बुझ्नेका लागि यो विश्व, खेलखाल र जाल हो ।।६८।।

जगत्मा नै रमाएमा, आत्मा, ब्रह्म र ईश्वर ।
बुझ्दैनन् बुझ्न खोज्दैनन, त्यस्ता हुन् मूर्ख, पामर ।।६९।।

जगत्, संसारमा पर्छन्, देह, गेह, चराचर ।
सबै विश्व, सबै मिथ्या, सत्य, ब्रह्म परात्पर ।।७०।।

पाञ्चभौतिक यो पिण्ड, देखिन्छ नाशवान् जगत् ।
जगत्को अस्तिता छैन, वासना मात्र यो फगत् ।।७१।।

परिवर्तित हो विश्व, त्यस्तै संसार वा जगत् ।
भोगिन्छ तर मिथ्या हो, देखिन्छ तर सत्यवत् ।।७२।।

जगत् हो जड बोल्दैन, केही गर्दैन बोधमा ।
डसिन्छ मूर्ख अज्ञानी, फस्नेछ त अबोधमा ।।७३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

चारैतिर (दशै दिशा) म हेर्दैछु, देखिँदैन जगत् कतै ।
मान्यता मात्र यो रेछ, मूर्ख भन्छ जताततै ।।७४।।

जता हेर्‍यो उतै देख्छु, ब्रह्म, आत्मा र ईश्वर ।
जगत्को गन्ध नै छैन, आत्मा नित्य चराचर ।।७५।।

सृष्टि हेर्दा जगत् छैन, दृष्टि मात्र जगत् भयो ।
भएकै हो भने लौ त, सुषुप्तिमा कहाँ गयो ?७६।।

पाइँदैन जगत् कत्ति, ध्यानमा र समाधिमा ।
चिताए मात्र हो भैं छ, छैन योग, वियोगमा ।।७७।।

नभएको तिनै काल, विवेक र विचारमा ।
चञ्चले चित्तमा पर्छ, आत्माको अविचारमा ।।७८।।

जगत्मा पस्नु वा बस्नु, तर कत्ति नफस्नु है ।
वेदान्तको यही मार्ग, आफूबाट नखस्नु है ।।७९।।

मान्यता मात्र हो विश्व, बोधमा विश्व ब्रह्म हो ।
अद्वैतमा म मात्रै छु, द्वैत मिथ्या, असत्य हो ।।८०।।

विचार गर आजै नै आफैंलाई सुधार है ।
मार्न खान सबै छोडी, परमात्मा पुकार है ।।८१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

मान्छेको विशेषता

परमात्मा कृपा गर्छन्, करुणावरुणालय ।
चित्त शुद्ध भए आजै, मान्छे-देह शिवालय ।।८२।।

सुविचार भए मान्छे, महामानव बन्दछ ।
कुविचार भए मान्छे, पशु, दानव बन्दछ ।।८३।।

असाधारण यो चोला, खेर फाल्नु त मूर्खता ।
सकिन्छ देवता बन्न, ब्रह्म बन्ने विशेषता ।।८४।।

ब्रह्मादेखि किरासम्म, सबैमा ब्रह्म पाइने ।
दृष्टिकोण भए शुद्ध, ब्रह्म अमृत खाइने ।।८५।।

पहिले नै थियौ ब्रह्म, अहिले पनि ब्रह्म छौ ।
बुझेर ब्रह्म भैहाल, बद्ध हैनौ त मुक्त हौ ।।८६।।

पशुपक्षी लता, वृक्ष, जीवादि ब्रह्म बोधक ।
सबैलाई नमस्कार, ब्रह्मादेखि किरातक ।।८७।।

सबैमा शक्ति, सामर्थ्य, ज्येष्ठ, श्रेष्ठ र उत्तम ।
ज्ञानले मुक्त बन्ने ता, मान्छे नै हो अनुत्तम ।।८८।।

इष्टदेवी दिऊन् शक्ति, भक्ति, तृप्ति र विद्वता ।
वेदान्त वाटिका भित्रै, बस्नेछन् कुल देवता ।।८९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

पढेका मूर्ख

फसाउने मात्र त वासनाले
अनात्म भोगादि र सम्झनाले ।
न वासना वा न त सम्झना भो
शिवात्म रोजे यम शासना गो ।।९०।।

श्रीरामको स्पर्श भयो भने ता
शिला अहिल्या पनि बन्न सक्ने ।
श्रीकृष्णको दृष्टि घुमे उता ता
विरिञ्चिको सृष्टि कतै नबिक्ने ।।९१।।

श्रीकृष्ण लीला शिव, राम हेर्छन्
बुझे त उम्के नबुझे त घेर्छन् ।
लीला-कथाले र यथा-तथाले
पुराण बन्ने जनका व्यथाले ।।९२।।

श्रीकृष्ण हुन् सक्कल नाम-रूपी
नगर्नु है नक्कल हुन् अरूपी ।
जो जे बताए त्यति गर्नुपर्छ
आफू नमर्नेतिर पर्नुपर्छ ।।९३।।

संसारमैं लुटुपुटु कतिसम्म गर्ने
भोगादिले तन हरे ! कतिसम्म भर्ने ।
आयो भने लिन उतातिर जानुपर्छ
बेला भयो अब त चिन्तन गर्नुपर्छ ।।९४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

कल्याणको सरल मार्ग त भक्ति नै हो
आजै त लाग्न परिगो बरबाद नै भो ।
बेला बितेपछि त लौ पछुताउ होला
आजै हरे भजन होस् रवि, राम, भोला ।।९५।।

गाऱ्हो-साऱ्हो विघ्न-बाधा हटाई
आरम्भै होस् ब्रह्मविद्या पढाइ ।
पुग्नैपर्ने ज्ञानकै उच्चतामा
हाम्रै राम्रो सत्यमा, साधनामा ।।९६।।

तन्नेरीले पढ्नु पर्ने यही हो
बुझ्नै पर्ने ब्रह्म मात्रै सही हो ।
ज्ञानी विद्वान् देशका भूषणै हुन्
पढ्ने-जान्ने मूर्ख ता दूषणै हुन् ।।९७।।

शिष्य-

कलम के, कतिसम्म गराउने
मननले शिव जीव भराउने ।
कलम जान्न म ता अघि सर्दछु
कलमलाई सदा स्तुति गर्दछु ।।९८।।

सद्गुरु-

मनन होस् जसरी शिव तत्त्वको
दमन वा शम होस् तम चित्तको ।
कलमले अब ता शिव रोज्नु छ
कलमले भवमा निज खोज्नु छ ।।९९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

कलमले मनको मल माझ्नु छ
सकलका मनमा रस सार्नु छ ।
विमल यो मनमा हरि आउने
कलम माध्यम भो मन यो धुने ।।१००।।

कलमको महिमा अति नै ठुलो
कलम निर्मल होस् सबको भलो ।
कलम जीवनको सुख साधन
कलम शास्त्र बनी शिव-चिन्तन ।।१०१।।

कलम ईश, गणेश, महेशमा
सुमन शब्द चढाउन पाउमा ।
शरणमा म परी करमा लिनू
म त अकिञ्चन हुँ सब सुम्पिनू ।।१०२।।

शिव-शिवा अब जे गर लौ गर
कलममा सर है रसले भर ।
अब त शब्द बनेर तिमी पस
सुख र शान्ति लिईकन लौ बस ।।१०३।।

शिष्य–

आज्ञा होस् गुरुदेव जीव, जडके माया, जगत् के त हो ?
आएको म त पाउका शरणमा माया कसोरी भयो ?
मायालाई बुझेर छुट्नु कसरी ? झुट्टा जगत् हो अरे
जान्ने साधन के ? विमुक्त हुन के ? माया त कस्तो छ रे ?१०४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

सद्गुरु-

राम्रो छ यो प्रश्न त जान्न खोज्यौ
माया, जगत्, जीव भनेर रोज्यौ ।
माया बुझे शास्त्र सबै बुझिन्छ
मिथ्या जगत् हो तर देखिइन्छ ।।१०५।।

माया, जगत् छैन नि छैन, छैन
यो छैन भन्ने नबुझी भएन ।
बुझ्यो भने ब्रह्म र जीव एक
माया त मिथ्या अनि भो अनेक ।।१०६।।

देखिन्न माया तर मानिइन्छ
माया र मोहादि भनी कहिन्छ ।
ज्ञानाग्निले भष्म गराइदिन्छ
मायादिको सत्व उडाइदिन्छ ।।१०७।।

अब मुक्त

तिमीले जानेका हरि, शिव, शिवा, सूर्य, गणको
जसोरी गर्दैछौ मन वचनले गर्नु छ निको ।
सबैभन्दा ठूलो हरिशरण हो भक्ति पहिलो
हुने भो ज्ञानैले परमगतिको मोक्ष सजिलो ।।१०८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

कि ता पूजा, पाठै कि त मनमनै ध्यान, जप होस्
कि ता देवी, द्यौता, तन-मन दिई कीर्तन चलोस् ।
जसोरी होस् दुर्गा शिवशरण भै नाम जपनू
कृपा पक्कै गर्छन् मन-मल हरी निर्भर हुनू ।।१०९।।

शिष्य-

गुरुदेव बुझें मैले, कृपा वर्षा भयो ममा ।
ईशको नाम नै जप्छु, बोध ता छैन है ममा ।।११०।।

जे, जस्तो, जति जानेका, गणेश, शिव वा उमा ।
सबैको नामको माला, जप्छु दृष्टि दिनोस् ममा ।।१११।।

हामी आस्तिक हिन्दु हौं, वैदिक र सनातनी ।
पूर्व जन्मादि मान्दैछौं, धर्म-कर्म छ पावनी ।।११२।।

देवी र देवता मान्दै, गर्छौं पूजन, वन्दना ।
आशीर्वाद दिनोस् आर्य, पूर्ण होस् शिव साधना ।।११३।।

सद्गुरु-

आत्मशोध गरदै बन युक्त
ब्रह्मबोध गरदै भव मुक्त ।
तात ! मात मनको धनको होस्
छोड आज, अहिले मन छोओस् ।।११४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

चित्त शुद्ध नगरीकन हुन्न
भो भने विषयले अब छुन्न ।
तीर्थ जाउ, जप वा गर भक्ति
भक्ति बोध गरने अनि मुक्ति ।।११५।।

साधना गरन पालन राम्रो
शुद्ध साधन अनेकन हाम्रो ।
शास्त्रमा र गुरुमा भर पर्दा
आत्मदीप बलने तम मर्दा ।।११६।।

सेवा होस् उपकार होस् गरिबको दुःखी र रोगीहरू
सारामा समभाव होस् फलविना सद्भाव योगीहरू ।
यस्तै साधनले हुने अमरता ब्रह्मात्मका बोधले
पाएको नरजन्म सार्थक बनोस् ज्यूँदो छदै मोक्षले ।।११७।।

शिष्य–

खोजे मभित्रै म त पाइने छु
मभित्र नै शान्ति समाइने छु ।
आनन्द भण्डार मभित्र नै छ
आसक्ति छोडे त पवित्र नै छ ।।११८।।

आत्मा म नै ब्रह्म भनेर बुझ्नू
शरीर हो दृश्य छुटाइ हेर्नू ।
शरीर मर्ने म त हुँ नमर्ने
आयो भने काल म ता नडर्ने ।।११९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

यो विश्व नै नाटक हो तमासा
खेलाउने ईश्वर छैन आशा ।
कुरो बुझे मुक्ति अवश्य मिल्छ
ज्ञानी भए विश्व सिनित्त निल्छ ।।१२०।।

प्रारब्ध भोग्दै नफसेर बस्ने
जोगी नबन्ने न त भस्म घस्ने ।
प्रारब्धले देह र गेह हेर्ने
जन्मादिको यो अभिलेख केर्ने ।।१२१।।

मैले त आँटे नहुने त छैन
म ब्रह्म मान्छे तर जीव हैन ।
मलाई मैले अब मुक्त पारें
म ब्रह्म बन्दै भव सिन्धु तारें ।।१२२।।

शिखरै छुन्छु

के गर्न सक्थें म त शून्यमा छु
सारा उनैको म त पाउमा छु ।
यी शब्द मेरो न त लेखनी हो
निमित्त मात्रै उनकै कृपा भो ।।१२३।।

गणेशबाटै शुभबुद्धि पाएँ
सरस्वतीमा मन यो चढाएँ ।
प्रज्ञा मिलेको त महेश्वरैको
म, काव्य, मेरो सब ईश्वरैको ।।१२४।।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

म यन्त्र मात्रै सब शक्ति भर्ने
गर्ने-नगर्ने विपरीत गर्ने ।
लीला उनैको भव सूत्रधार
म पात्र यौटै शिवको विचार ।।१२५।।

लौ लेख भन्छन् म त लेखिदिन्छु
लौ खेल भन्छन् म त खेलिदिन्छु ।
यो हो सबै नाटक सत्य हैन
समाधिमा ब्रह्म सिवाय छैन ।।१२६।।

रमाइलो सृष्टि रमाइलो म
सम्पूर्ण छोडेपछि शेषमा म ।
म मात्र हुँ सत्य, सबै विनाशी
थिएँ, छु, हैं हुन्छु अनन्त काशी ।।१२७।।

म बोल्छु जे जो उ त लेखिदैन
लेखिन्छ जे जो उ त बोलिदैन ।
बिन्दु भए शब्द अथाह (अगाध) सिन्धु
समाधिमा बौद्ध न वा छ हिन्दु ।।१२८।।

बुटाबुटी शब्द, म ताडमा छु
जो हुँ स्वयंमा म त आडमा छु ।
पुड्का भए काव्य, म काव्य-कर्ता
हर्ता र भर्ता अनि हुँ अकर्ता ।।१२९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

वाणी र शब्दादि यतै यतै छन्
छाती म भन्ने त यतै कतै छन् ।
म ता यता वा अझ झन् उता छु
वाणी, मनैको पनि पारमा छु ।।१३०।।

नितान्त एक्लो म त नाङ्गिएको
स्वरूप आनन्द भई झुलेको ।
शब्दादिले लान्छ उता उता ता
तर्कादि, चिन्तादि यतै कतै ता ।।१३१।।

भेट्ने भए आउनु पर्छ है वर
जाने उता वा अझ झन् परै पर ।
संसारमा खोज गरे नपाइने
छोड्यो भने खोज ममा म पाइने ।।१३२।।

मलाई चिन्ने म त एक मात्र
यो ज्ञानको मात्र पवित्र पात्र ।
आकाश झैं व्यापक सूक्ष्मरूप
दृश्यादिभन्दा परको अरूप ।।१३३।।

संभावना वा कलना र कल्पना
ताना र बाना, गहना न वासना ।
स्वतन्त्र साक्षी म त मुक्त यातना
के को सुरक्षा अनि छैन शासना ।।१३४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

न भेट्दछन् यी मन-बुद्धि आदि
अनन्तमा बस्छु म ता अनादि ।
नदेखिने भै म त देखिइन्छु
नलेखिने भै म त लेखिइन्छु ।।१३५।।

प्रकाश मेरो अनि सूर्य-चन्द्र
म ब्रह्म पैले अनि राम-चन्द्र ।
अद्वैत वेदान्त र वेद-सार
यो जीव नै ब्रह्म अरू असार ।।१३६।।

म बाँधिदामा सब बाँधिइन्छन्
म मुक्त बन्दा सब मुक्त हुन्छन् ।
मैले बुझेमा झलमल्ल हुन्छु
हिंड्दै गएमा शिखरै म छुन्छु ।।१३७।।

म मुक्त

सद्गुरु–

यो हो आन्तरको वेग, आन्तरिक भईदिए ।
आकर्षण नहोला रे, विकर्षण उतै गए ।।१३८।।

शास्त्रमा, गुरुमा श्रद्धा, हुनैपर्छ निरन्तर ।
ज्ञानवर्षा हुने पक्का, भोक लागोस् न आन्तर ।।१३९।।

राम्रो देखिन्छ ता सर्प, समात्नु हुन्न हुन्न है ।
गुणी गँडेउला हुन्छ, त्यति सुन्दर छैन है ।।१४०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

स्वरूपमा रूप र रङ्ग छैन
देखिन्छ जे जे त्यति मात्र हैन ।
नदेखिनेमा म त देखिइन्छु
छोड्यो भने खोज म भेटिइन्छु ।।१४१।।

आनन्द खोज्छन् तर पाउदैनन्
खोजेर आफूतिर आउदैनन् ।
संसार यस्तै गतिले हिंडेको
चिन्ता र दुःखैहरूले पिरेको ।।१४२।।

फर्केर आफूतिर आइहाल
आनन्दको सागर पाइहाल ।
भोगादि लाने भवका व्यथामा
के शान्ति मिल्ने अरूका कथामा ।।१४३।।

शिष्य–

म मेरो घरको राजा, मेरो शक्ति विचित्र छ ।
मेरा मित्र त भित्रै छन्, शत्रुको चित्र भित्र छ ।।१४४।।

यत्र, तत्र र सर्वत्र, ज्ञानको मार्ग-चित्र छ ।
हिंड्न मात्र परेको छ, निःशुल्क प्राप्त क्षेत्र छ ।।१४५।।

नपरोस् मात्र यो दृष्टि, पुत्र, गात्र, कलत्रमा ।
राखे व्यापक यो दृष्टि, वरत्र र परत्रमा ।।१४६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

बोधपूर्वक नाङ्गो भै, अमान अभिमानमा ।
चित्तशुद्ध गरी लागे, मोक्षका अभियानमा ।।१४७।।

लक्ष्य भेदन नै हुन्छ, साधना तीव्र भो भने ।
अखण्ड भक्ति लागेर, कृपा भो ईशको भने ।।१४८।।

एउटै मात्र हो काम, ज्ञान-ध्यान समानमा ।
वैराग्य तीव्र जागेमा, पुग्नै पर्ने मसानमा ।।१४९।।

गर्नै पर्छ सबै मैले, कर्म, भक्ति र साधना ।
मैले बोध गरे मेरो, मलाई शुभ-कामना ।।१५०।।

म हुँ उत्तम जीवात्मा, परमात्मा म बन्दछु ।
मदेखि भिन्न फालेमा, म ता मुक्त म भन्दछु ।।१५१।।

आफ्नै देशतिर हेर्दा

पोकोतिरै न्याय त तानिने रे
बोको भए धर्म त मानिने रे ।
कस्तो भयो न्याय र धर्म शास्त्र
विदेशमा गो अब अर्थशास्त्र ।।१५२।।

बोकेर भण्डा गर भागवण्डा
सर्वत्र उर्ले सुरसा वितण्डा ।
यो राष्ट्रसेवा अब ता कता गो
मेरो र मेरा यति सत्यता भो ।।१५३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

लोभी र पापी अझ बढ्न थाले
पोल्यो सबैलाई यही व्यथाले ।
स्वार्थान्धताले सब देश ढाक्यो
मार्ने र लुट्ने धनवीर हाँक्यो ॥१५४॥

बाँझो भयो भूमि पलायनैले
लुटेर खाए बलिया हुनेले ।
नेपाल आमा ! अब के हुने हो ?
अस्तित्त्व नै सङ्कटग्रस्त नै भो ॥१५५॥

नेपाल आमा कति दुःख भोग्ने
छोरा र छोरी परदेश ढोग्ने ।
नेताहरूले अब धर्म छोडे
सम्पत्ति जोडे र विधान तोडे ॥१५६॥

वाचा र बोली अब मूल्य छैन
गोली भए शक्ति र राज्य चैन ।
अगाडि राख्ने जनता भनेर
सम्पत्ति भोग्ने रुपियाँ गनेर ॥१५७॥

देखाउने दाँत र बात यौटा
लुकाउने खान र गर्न अर्को ।
मान्छे छ यौटा तर भित्र दोटा
मिठो छ बोली नगरेर झर्को ॥१५८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

नेता भए स्वार्थतिरै भुकेका
जस्को इसारा उसकै भुकेका ।
पायौं हरे ! दुर्बल काल, भाल
नेपालको हालत भो बिहाल ।।१५९।।

नेता त जेता जनता चुसेर
सोभ्फा हरे ! यी जनता सुकेर ।
जाने कहाँ हो अनभिज्ञ नै छन्
रक्षा गरून् शम्भु सुबुद्धि दिन्छन् ।।१६०।।

अध्यात्मको ज्ञान पटक्क छैन
श्रीरामको नाम लिने त हैन ।
नेता भए नास्तिक धर्मछाडा
संस्कार छोडेर बने नि भाँडा ।।१६१।।

सद् बुद्धिले समयमा लिनु देव नीति
कल्याण मार्ग नलिईकन जान्न भीति ।
मान्छे भएर पशुको व्यवहार हुन्न
वेदान्त बोध नगरीकन शान्ति छैन ।।१६२।।

संसार मेरै पनि लौ भयो रे
भोग्ने त थोरै नमरी भएन ।
जान्नें निकै तैपनि थोर भो रे
आखीरमा साथ कुनै गएन ।।१६३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

गरें निकै नै अझ गर्न बाँकी
हेरिरहेको यमराज ताकी ।
विचारले बोध भयो भने ता
यो विश्वकै एक अजेय नेता ।।१६४।।

गीता पढेका बन राजनेता
निस्वार्थ सेवा भन कार्यकर्ता ।
बिर्सेर आफू गर राजनीति
दृष्टान्त बन्छौ रहने छ कीर्ति ।।१६५।।

आफ्ना भनेका पनि टाढिइन्छन्
उत्कर्ष देखेर त डाढ गर्छन्
समाज यस्तै व्यवहार उस्तै ।
पाइन्न मान्छे शिव, राम जस्तै ।।१६६।।

उ राम्रो, म राम्रो भनेमा त हाम्रो
म पापी भएमा सबै नै नराम्रो ।
म ता ब्रह्ममा जीव सारा अटाए
म आफू उदाए निशा झल्मलाए ।।१६७।।

शिवमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

तृतीय सर्ग

गोदावरी खण्ड

(जीव)

शिष्य–

बुझें मैले आजै गुरुचरणको आशिष भयो
जगत्को जो आस्था विगलित भयो भ्रान्ति त गयो ।
कृपा गर्नोस् बाबा ! शरण म परें जीव कति हो ?
कहाँ हो ? के हो यो ? किन र कसरी ब्रह्म हुन गो ?१।।

सद्गुरु–

मिठो प्रश्न तिमी गर्छौ, चित्त शुद्ध हुँदै गयो ।
सुन ध्यान दिई बाबु ! मुहूर्त आज नै भयो ।।२।।

जीव हो चेतनावाला, अनादिकालदेखिको ।
मको भाव रहुन्जेल, अनन्तकालसम्मको ।।३।।

म, मेरो भाव हो जीव, गएमा ता त्यही शिव ।
थियो ब्रह्म भयो जीव, बोधले शिव गौरव ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जीवमा र शिवमा कति भेद
छैन है बुझ्नुमा छ अभेद ।
वासना यदि भए बन जीव
वासना यदि गए त अजीव ।।५।।

तारतम्य दुइको मनमा छ
जीवभाव शिवभाव ममा छ ।
जीवले समझले मन धोए
बोधले शिव हुने शिव छोए ।।६।।

जीव नै शिव

जीव हो साधना गर्ने, सिद्धावस्था सदाशिव ।
अज्ञानी जीव कर्ता हो, शिव हुन् ज्ञान-गौरव ।।७।।

शिव नै त थियो पैले, पछाडि शिव मात्र भो ।
बिचमा जीव आएको, ज्ञानले जीव भाव गो ।।८।।

शिवलाई शिवै मान्नु, वेदान्त यत्ति भन्दछ ।
जीवको कल्पना छोड्नु, ब्रह्मले ब्रह्म जान्दछ ।।९।।

दशौं पुरुष हो आफू, हरायो भन्नु हो भ्रम ।
गुरुका वाक्यले भाग्यो, अनादिकालको तम ।।१०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

कौन्तेय नै थिए कर्ण, अगाडि र पछाडि नै ।
कुन्तीले भन्नुभो माने, यही हो ब्रह्म बोध नै ।।११।।

नभएको कुनै ब्रह्म, जीवले ल्याउदैन नि ।
भएको ब्रह्म आफू हो, बुझेमा जन्म छैन नि ।।१२।।

जन्म-मृत्यु दुवै पन्छे, जीवको धन्य जीवन ।
अब जीव भयो ब्रह्म, शिव, ब्रह्म सनातन ।।१३।।

जीवभाव गयो आज, तत्कालै शिव नै भयो ।
त्यही शिव थियो जीव, बोधले विश्व नै गयो ।।१४।।

शिवलाई शिवै भन्नु, वेदान्तको प्रयोजन ।
यसैमा दृढ भो ज्ञानी, आत्मा, ब्रह्म, सनातन ।।१५।।

जीवात्मा परमात्मामा, अभेद भाव दर्शन ।
राखेमा जीव भो मुक्त, ज्ञानीको यत्ति हो धन ।।१६।।

जीव भन्ने कुनै वस्तु, सृष्टिमा भेटिदैन नि ।
ब्रह्ममा स्फुरणा भो कि, त्यही जीव भनिन्छ नि ।।१७।।

चिदाभास, प्रमाता वा, मुमुक्षु, शरणागत ।
सृष्टि साम्राज्य सम्पूर्ण, जीव गर्दछ भारत ।।१८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

साक्षी गर्दैन, बोल्दैन, गर्ने, बोल्ने त जीव हो ।
खाने चरो यही जीव, कूटस्थ शिवरूप हो ।।१९।।

साक्षीमा, ब्रह्ममा जीव, थिएन कहिले पनि ।
मान्नुमा, ठान्नुमा जीव, ब्रह्मै ब्रह्म सनातनी ।।२०।।

अजातवादले जीव, मानेको छैन वास्तव ।
भएकै छैन यो सृष्टि, भएको ता सदाशिव ।।२१।।

जीवकै कल्पना सारा, विश्व, देवी र देवता ।
कल्पना जब भो शान्त, ब्रह्मैब्रह्म जतातता ।।२२।।

आफू मात्र हुने शेष, सुषुप्ति र समाधिमा ।
जीवको अस्तिता छैन, अबोध र सुबोधमा ।।२३।।

खोज

शिष्यमा छटपटी हुनुपर्छ
के गरेर भव रोग त टर्छ ।
चिल्दछन् विषयले तब जाग्ने
ज्ञानका विषयमा गुरु माग्ने ।।२४।।

खोज हुन्छ जब ता मनदेखि
झर्दछन् त अभिमान र सेखी ।
बोध गर्नुपरने जब बोध
भो भयो अब त हुन्छ सुबोध ।।२५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

भो कि भो कि कहिलेतिर हुन्छ
त्यो त होइन भनेर कहिन्छ ।
हो त के अब त लौन भनेर
खोज भो तब त हुन्छ बुझेर ।।२६।।

भोक लाग्नु परने मनभित्र
शान्त हुन्छ कहिले त विचित्र ।
खोज भो कि सजिलैसँग मिल्ने
न्यून भो कि कमिलो पनि चिल्ने ।।२७।।

विवेक, वैराग्य विशाल साधन
अध्यात्म यात्री बन लौन पावन ।
आराधनाले मन, बुद्धि शोधन
ज्ञानी बने मात्र त लक्ष्य भेदन ।।२८।।

आकाशजस्तै मन शुद्ध भो भने
आत्मानुसन्धानतिरै गयो भने ।
आनन्द वर्षा हुन जान्छ आत्ममा
जन्मादिको जाल चुडिन्छ बोधमा ।।२९।।

भोगादिको वास निकाल, फाल है
आधार मानी गुरु-शास्त्र पाल है ।
वर्षा कृपाको गुरुदेव, ईश्वर
खुल्ने छ गाँठो भव बुझ्छ नश्वर ।।३०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

शिष्य–

सम्पत्ति वा शक्ति अथाह लाभ भो
संसार भोग्ने अति नै त चाह भो ।
के शान्ति हुन्थ्यो घरमा–घरानमा
भेटिन्छ आफू शिव शान्ति बोधमा ।।३१।।

सद्‌गुरु–

कालो र मैलो धन–मोहको हिलो
ठोक्यो स्वयंले बल वीर्यको किलो ।
मिथ्या भनेरै जब बोध जाग्दछ
चिन्ता र टन्टा मनदेखि भाग्दछ ।।३२।।

हुने मुक्त यही जीव, यही बन्धन बाँधियो ।
सत्सङ्ग, साधना गर्ने, जीवले ब्रह्म छानियो ।।३३।।

ब्रह्म मुक्त सदाकाल, जड ता जड नै भयो ।
जीवले ज्ञान पाएर, मुक्त भो मुक्त नै थियो ।।३४।।

हज्जारौंमा कुनै एक, मनुष्य तत्त्व खोज्दछ ।
हज्जारौंमा कुनै एक, ज्ञानको मार्ग रोज्दछ ।।३५।।

त्यस्ता हज्जारमध्येमा, एकाध यत्न गर्दछन् ।
हज्जारौं यत्न गर्नेमा, कसैले तत्त्व भेट्तछन् ।।३६।।

मान्छे ब्रह्माण्डमा एक, सृष्टिको नै शिरोमणि ।
पुरुषार्थ गरे भेट्ने, दुर्ग संसार तारिणी ।।३७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

भेडाबाख्रा सबै जीव, तर मान्छे हुने शिव ।
मान्छे नै भक्त, जिज्ञासु, मुमुक्षु जीव गौरव ।।३८।।

हुँदैनन् सब नै मान्छे, योग्यतामा बराबर ।
न्यूनाधिक्य हुनाले नै, भेट्तैनन् ज्ञान सागर ।।३९।।

कृपा ईश्वरको पाए, पुण्यले, पुरुषार्थले ।
सद्गुरुबाट पाएर, ज्ञान गर्दछ जीवले ।।४०।।

अन्नाहारी, फलाहारी, शाकाहारी पवित्र हुन् ।
मनुष्य ता स्वभावैले, शाकाहारी र धन्य छन् ।।४१।।

मांसाहारी त हुन् स्याल, गिद्ध, राक्षस, दानव ।
चिहान बाघको पेट, खाँदैन दिव्य मानव ।।४२।।

बाँच्न पाउनु नै पर्छ, प्राणीको अधिकार हो ।
बलिको नाममा मार्नु, अझ झन् अपराध भो ।।४३।।

बोल्न सक्तैन बोको ता, मार्नु झन् पटमूर्खता ।
अदालत कतै छैन, कति अन्याय, नीचता ।।४४।।

मासु घिच्छौ भने मूर्ख, तिम्रो पेट मसान हो ।
मान्छे हौ देहले किन्तु, वासनाले चिहान भो ।।४५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

न ता धर्म, न ता न्याय, चिहान र मसानमा ।
दानवी, राक्षसी कृत्य, मान्छेका अवसानमा ।।४६।।

ऋषि मुनि सबै बाँचे, फल, अन्न र दूधले ।
पुण्यात्मा, सत्यवादी थे, न्यायले र विवेकले ।।४७।।

सयौँ वर्ष तिनी बाँच्थे, त्रिकाल देख्तथे तिनी ।
जीवन्मुक्त महात्मा थे, वेदद्रष्टा थिए तिनी ।।४८।।

निरोगी, बलियो जीव, शाकाहारी भएर नै ।
दीर्घजीवी, सुखी, शान्त, दया, धर्म स्वभाव नै ।।४९।।

मान्छे बन्दछ धर्मात्मा, सत्य, न्याय र धर्मले ।
सबैको हित हो धर्म, पशु बन्छ अधर्मले ।।५०।।

धर्म छाड्ने भयो मान्छे, पालना गर्दछन् पशु ।
पशुबाट सिकून् मान्छे, पुण्यले बन्दछन् वसु ।।५१।।

मान्छेभित्रै बसेको छ, देव, मानव, दानव ।
धर्मले बन्दछौं देव, कममा पनि मानव ।।५२।।

परमात्मा दिने बुद्धि, ज्ञानी बन्न भनीकन ।
लगायो बुद्धि मान्छेले, तनमा, धनमा मन ।।५३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जन्मेको बुद्धिजीवी भै, अन्नजीवी भई बढ्यो ।
अन्याय, घुसजीवी भै, रक्तजीवी भई मऱ्यो ।।५४।।

पढ्नु, लेख्नु, बुझ्नु कुन काम
यी भए नि अभिमान तमाम ।
आत्मसात गर पूर्ण विराम
नत्र ता हुन गयो घरजाम ।।५५।।

कर्मले सगुणको गर सेवा
आश कत्ति नगरीकन मेवा ।
चित्त शुद्ध सजिलै क्रमबद्ध
बुझ्नुदेखि पर हो हुनु सिद्ध ।।५६।।

साँच्चि नै जब भयो मन शान्त
बुझ्नुको फल त हो नि विरक्त ।
जे- सुकै विषयले जब छुन्न
पात्र भो अब त हुन्छ नि सुन्न ।।५७।।

सृष्टि हो जीवको आफ्नै, नत्र सृष्टि कहाँ छ र ।
परेमा सृष्टिमा दृष्टि, भएको सृष्टि आन्तर ।।५८।।

जाग्रत् र स्वप्नको सृष्टि, सुषुप्तिमा कहाँ गयो ?
जस्तो छ वासना त्यस्तै, सृष्टिको सिर्जना भयो ।।५९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

व्यष्टिको दृष्टि हो सृष्टि, त्यसैबाट समष्टि भो ।
पारमार्थिक सत्तामा, शून्यमा नै विलीन भो ।।६०।।

जीवलाई सताएको, आ-आफ्नै दृष्टि बोधले ।
ज्ञानद्वारा हुने मुक्त, आ-आफ्नै खोज-शोधले ।।६१।।

मोक्ष-बन्धन नै छैन, सत्तामा पारमार्थिक ।
जे छ, जो छ त्यही नै छ, बुझेमा जन्म सार्थक ।।६२।।

कर्म, भक्ति तथा योग, जीवले कल्पना गरी ।
बनायो त्यसबाटै नै, मुक्ति खोज्छ घरीघरी ।।६३।।

ज्ञानको मार्ग भेट्टाए, उद्धार जीवको भयो ।
अहिले मुक्त भो जीव, पहिले मुक्त नै थियो ।।६४।।

सद्गुरु–
तिमी जीव हुदैहैनौ, शिव हौ शिव नै बन ।
परिवर्तन होस् दृष्टि, सृष्टिमा दोष देख्तिनँ ।।६५।।

ज्ञानी बन तिमी बाबु, बोधले, पुरुषार्थले ।
सदा आनन्दमा रम्छौ, अद्वैतात्म प्रकाशले ।।६६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

विवेक, सत्सङ्ग अखण्ड भो भने
संसारबाटै त विराग भो भने ।
आजै अहिल्यै पनि बोध हुन्छ है
यो जीवले नै शिवलाई छुन्छ है ।।६७।।

यो जीव हो अंश र ईश अंशी
ब्रह्मात्म हो सत्य जगत् विनाशी ।
जीवात्म ब्रह्मात्म अभिन्न योग
शिवात्म हो योग र जीव भोग ।।६८।।

यो अंश-अंशी पनि भन्नुमा छ
अद्वैतमा ब्रह्म त एक नै छ ।
यो जीव भन्ने पनि कल्पना हो
समाधिमा जीव त छैन नै भो ।।६९।।

आरम्भमा द्वैत कदापि छैन
फुन्यो भने द्वैत नभै भएन ।
लीला, झमेला यति मात्र नै हो
आफू सदा एक अनन्त नै भो ।।७०।।

म कर्ता, म भोक्ता भने जीव भैगो
अकर्ता, अभोक्ता भने जीव गैगो ।
म नेता, म जेता, सबैले त मान्ने
म योगी, महात्मा, म वेदान्त जान्ने ।।७१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

म विद्वान्, कलाकार मोटो, निरोगी
म मान्छे, धनी रे, म याजी, विरागी ।
म-मेरो भनेमा सबै जीव हुन्छन्
म आत्मा बुझेमा तिनै मुक्त हुन्छन् ।।७२।।

उही एउटै हो नबुझ्दा त जीव
बुझेमा त भैगो तुरुन्तै अजीव ।
कठै जीव भैगो नबुझ्दा शिवात्मा
अहा ! बोध भित्रै म बुझ्दा परात्मा ।।७३।।

भेद छैन शिवमा र जीवमा
तत्त्व एक दुइमा स्वरूपमा ।
जीव अल्प शिव पूर्ण अखण्ड
जीव ब्रह्म, शिव, ईश प्रचण्ड ।।७४।।

आत्मको मननले मन शुद्ध
दानले, दमनले धन शुद्ध ।
स्नान-सङ्गत भए तन शुद्ध
ब्रह्मबोध त भए, सब शुद्ध ।।७५।।

जीवका विषयमा अब शेष
छैन शिष्य अवशेष विशेष ।
शास्त्रले जति कुरा त्यति मैले
व्यक्त भो गरन बोध तिमीले ।।७६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जीवको र शिवको यति भेद
बुझ्नुमा सब कुरा छ अभेद ।
शास्त्र-मर्म र रहस्य छ गूढ
बोधले शिव, अबोध त मूढ ।।७७।।

कर्म भक्ति गर जीव महात्मा
सुन्नु, बुझ्नु परने शिव, आत्मा ।
कल्पना सब त हुन् मन-भेद
बोधमा शिव र जीव अभेद ।।७८।।

यो सृष्टि मान्ने पनि जीव नै हो
यो सृष्टि धान्ने पनि जीव नै हो ।
मान्ने र धान्ने नभए त सृष्टि
समाप्त नै भो बदले त दृष्टि ।।७९।।

यो जीव हो मुक्त सदा-सदा नै
अमुक्तको भाव गरेर बिग्र्यो ।
मुक्तात्मको भाव भयो भने ता
यो जीव आजै, अहिले त सप्र्यो ।।८०।।

म को हुँ को खोजी गहन गतिमा गर्नु परने
कता लाग्यौं हामी विषयतिर नै चित्त छरने ।
अनेकौं संसारी नरकतिर नै मोहबसले
बिते हामी सप्रौं शिवशरणले त्याग, जपले ।।८१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

मान्छेको लक्ष्य एकै विविध पथ लिई शान्ति आनन्द खोज्ने
बाटो उल्टो लिएका रुमलिइकन ता दुःखमा दुःख रोज्ने ।
ज्ञानी आचार्य पाए सुगम हुन गई वेद-वेदान्त बुझ्छन्
त्यस्ता हुन् भाग्यशाली विषय विष बुझी मोक्षको द्वार पुग्छन् ।।८२।।

राम्रै राम्रा सफल जनता ज्ञान-विज्ञान राम्रो
सारा प्राणी सम मन बनून् धर्मको आड हाम्रो ।
आफू आत्मा सरल मनले सत्यको खोज भन्छौं
आत्मा आत्मा मिलन जब भो ब्रह्मकै रूप बन्छौं ।।८३।।

शिष्य–

मोक्षार्थी जनका कथा सुमनका आनन्द संबाहक
आफूभित्र निहारने सुर गरे भेटिन्छ जो कारक ।
हाम्रो हो पुरुषार्थ मोक्ष पदमा पुग्ने गरे कोसिस
जीवात्मा परमात्मरूप बुझ्ने पाऊँ प्रभो आशिष ।।८४।।

अहा ! जिन्दगीमा सदा कर्म गर्ने
विशुद्धै बनेरै म ता धर्म भर्ने ।
यही हो नि बाटो गरौं भक्ति आज
सुखी, शान्त, योगी बनाऔं समाज ।।८५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

म मानमा, म भानमा, कदापि गर्व गर्दिनँ
अनादि हुँ, अनन्त हुँ, अबोधमा त मर्दिनँ ।
यही त भन्छ वेदले, गरौँ सदा म चिन्तन
म मुक्त हुन्छु आज नै, गरेर आत्मबोधन ।।८६।।

कुसुम, सुमन फुल्ने दिव्य यो वाटिकामा
रसिक गमन गर्दै ईशका नाटिकामा ।
श्रवण, मनन गर्दै ब्रह्मको बोध गर्ने
यम, नियम यही हो ज्योतिमा ज्योति भर्ने ।।८७।।

शिव हा ! शिव आज के भयो ?
शिवमा शिवको दया भयो ।
मनमा शिवको प्रसन्नता
अब मोह र शोक वेपता ।।८८।।

आत्मा र आत्म-जनको गरने सुधार
यो वाटिका सरस भो शिव-राम सार ।
वेदान्त बुझ्न सजिलो कविता बने छ
यो साधना निगमको सविता रहे छ ।।८९।।

यो वाटिका पुष्पपरागले गरी
राम्रो मिठो मग्मग वासना भरी ।
सन्तान आफ्ना सब नै भला भला
माला म टक्रयाउदछु गला गला ।।९०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

मन मनै मनले मन माभियो
सुमनले मनको सुख भाङ्गियो ।
सुजनले तनले मनले भने
भुवनमा वनमा शिव लेखने ।।९१।।

सानो यो हो साधनाको प्रयास
खोजी गर्ने जिन्दगीको निकास ।
बुभ्नै पर्ने आज जे हो, जसो हो
आत्मा को हो ? शास्त्रको मर्म के हो ? ९२।।

सद्गुरु-

भक्तिले, विरतले मन धोऊ
ब्रह्म बोध गरने शिव होऊ ।
वेदको कथन हो नि त पक्का
लागदैन मनमा अब धक्का ।।९३।।

आफ्नै राम्रो वेदको बोध राम्रो
सर्वोच्चै हो विश्वमा धर्म हाम्रो ।
ज्ञानी बन्दै मुक्त आफैं हुने हो
संसारैको भोग ता त्याज्य नै भो ।।९४।।

एकान्तको सेवन गर्नुपर्छ
बोधाग्निले सागर तर्नुपर्छ ।
ज्ञानै गरे जीवन बाँचियो नि
बाँच्यो भने मात्र हुने बिहानी ।।९५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

अज्ञान हत्या नगरेर हुन्न
ब्रह्मात्मको बोध गरे रहन्न ।
बुझेर जीवात्म परात्म बन्ने
ज्ञानी भएमा अब छैन भन्ने ।।९६।।

ज्ञानाग्निले विश्व डढाइदिन्छ
सद्भक्तिले आत्म चिनाइदिन्छ ।
निष्कामले कर्म भयो भने ता
विशुद्ध भो चित्त बनिन्छ नेता ।।९७।।

वेदान्तको यो महिमा अपार
बुझेर पुग्ने भव सिन्धुपार ।
असाध्य नै यो सजिलो रहे छ
अत्यन्त गाह्रो त यही भए छ ।।९८।।

मलाई मैले जब चिन्न थाल
संसारको वास सबै पखाल ।
सम्मान पाइन्छ त योग्यताले
गाह्रो भएको त अयोग्यताले ।।९९।।

कुरैकुराको इतिहास हैन
रमाइलो भाषण यो त हैन ।
वेदान्त पाण्डित्य कदापि हैन
पर्‍यो भने यो मरणान्त हैन ।।१००।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

गुरुको सहारा

वेदान्तलाई व्यवहार पारे
उत्रे भने जो उनले उतारे ।
वेदान्त छोएपछि छोड्नु हुन्न
आफू नबन्दै पनि भन्नु हुन्न ।।१०१।।

कुरो नबुझ्दै गुरु बन्न थाले
सताइएका भवका व्यथाले ।
वेदान्त हो धर्म र मोक्ष मान्ने
प्रारब्धले अर्थ र भोग जान्ने ।।१०२।।

वेदान्त सीमान्त न ज्ञान झोला
असीम हो ज्ञान ससीम चोला ।
तथापि हो तत्त्व त एक आत्मा
समष्टि वा व्यष्टि उही परात्मा ।।१०३।।

सुगा पढेरै त मुगा हरायो
त्यागै विना राग लुगा करायो ।
लुगा सुगा मात्र नहेर्नु होला
भज्नोस् त सीता, शिव, राम, भोला ।।१०४।।

शिष्य-
गुरु ज्ञान कहाँ बस्छ ? कसरी बोध खुल्दछ ?
वेदान्त दिन्छ के ज्ञान ? वाटिका ज्ञान फुल्दछ ?१०५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

सद्गुरु–

श्रीखण्ड हो यो शिवमाथमा छ
श्रीभक्तका नित्य त साथमा छ ।
घोट्यो भने मग्मग वासना छ
अध्यात्मको पावन साधना छ ।।१०६।।

खुर्पा भिरेमा बिड बन्न जाला
पढ्ने भए बन्दुक पाठशाला ।
संस्कार जस्तो त्यसरी बुझिन्छ
आँखा खुलेमा यसरी तरिन्छ ।।१०७।।

वेदान्त ता दर्शन मात्र हैन
वेदान्त यो पुस्तक मात्र हैन ।
उपाधि वेदान्त कदापि हैन
व्यापार, पेसा त पटक्क हैन ।।१०८।।

वेदान्त हो जीवनको खुराक
वेदान्त हो अमृत सूर्यपाक ।
शैली बनोस् जीवन बाँच्नलाई
मुक्तात्म भै जीवन नाच्नलाई ।।१०९।।

वेदान्त-सङ्गै त विराग आओस्
संसारको भोग र वास भागोस् ।
स्वाध्याय, सत्सङ्ग विचार-धारा
प्रारब्ध, श्रद्धा, गुरुको सहारा ।।११०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

ब्रह्मात्म आरोहण

यो वाटिका मग्मग वासनाले
अध्यात्म, आत्मा शिवसाधनाले ।
आनन्दको भेल त उर्लिएर
बगिरहेको रस कुर्लिएर ।।१११।।

मालीहरू मात्र त पारखी हुन्
साँढे पसेमा त बिमाख पार्छन् ।
मौरीहरू ता रस-राग लिन्छन्
पराग बोकी मधुमास दिन्छन् ।।११२।।

वेदान्तको मर्म बुझेर आऊ
वेदान्तको मर्म बुझेर जाऊ ।
वेदान्त खुल्ला शिव-पाठशाला
वेदान्तको यो रस-रङ्गशाला ।।११३।।

मर्मज्ञ आएर रमाउने छन्
वेदान्तको सार समाउने छन् ।
समुद्र रत्नाकर हो बुझेमा
भेटिन्छ मोती गहिरी डुबेमा ।।११४।।

वेदान्त यो ता रस-राज नै हो
श्रद्धा भए ज्ञान समीप नै गो ।
यो सृष्टि साम्राज्य यताउतै छ
आनन्द खोजे त जतातत्तै छ ।।११५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जीवका विषयमा सब बोलें
शास्त्रले जति दिए त्यति खोलें ।
जीव हो त मनमा शिव खोज
जीव हैन अब ता शिव रोज ।।११६।।

जीवमा यदि बसे सुख छैन
आत्ममा शिव बसे दुःख छैन ।
जीव राख अथवा शिव काख
जे गरे पनि हुने अब चाख ।।११७।।

जीवका शरणमा जब पर्छौं
मृत्युका बस परीकन मर्छौं ।
मान है शिव पिता सति माता
शान्ति हुन्छ मनमा शिव दाता ।।११८।।

ब्रह्मका मननले मन शान्त
जीवका चलनले त अशान्त ।
शान्त भो कि त सबै मन शङ्का
आत्मबोध गरने शुभ मौका ।।११९।।

जिज्ञासा मनमा छ रे यदि कतै निर्धक्क भै सोच लौ
आत्मानात्म विचारने मन भए सत्पात्र पुण्यात्म हौ ।
पाएका सब उत्तरैहरू सदा गर्दैरहू चिन्तन
पारै पुग्न सघाउने छ सजिलै ब्रह्मात्म आरोहण ।।१२०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जीव बनोस् महात्मा

शरीर हो नश्वर यो बुझेर
अभ्यास गर्ने गर छुट्टिएर ।
आनन्दसत्चित् निज भेटिने छ
संसारको वास त मेटिने छ ।।१२१।।

वर्णाश्रमैमा जब टाँस्सिएनौ
भोगादिमा ता अब भास्सिएनौ ।
सरक्क पन्छेपछि शान्ति हुन्छ
जो टाँस्सियो त्यो दिनरात रुन्छ ।।१२२।।

कृपा हुने है गुरु-ईश्वरैको
अध्यात्मको मार्ग सफा हुनेको ।
आफू बढेमा सब साथ दिन्छन्
संसारको भार उतार भन्छन् ।।१२३।।

भयो चित्त शुद्धि विशुद्धै बनेमा
म ता ज्ञान गर्ने र मैले भनेमा ।
हुदैन है त्यो विधि वा निषेध
जहाँ छ ब्रह्मात्म अखण्ड बोध ।।१२४।।

आफू नचिन्ने सब आत्मघाती
वेकार गो जीवन भोग भोग्दै ।
आफू चिने मुक्त भएर बाँच्यौ
म धन्य आत्मा निजलाई ढोग्दै ।।१२५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

ब्रह्माण्ड हेर्दा कण झैं म सानो
बुझे म आत्मा भव हुन्छ सानो ।
यो नासिने विश्व बुझेर के भो ?
आत्मा चिनेमा हुनुसम्म नै भो ।।१२६।।

धेरै नजाने पनि हुन्छ काम
ब्रह्मात्म जाने परिपूर्ण धाम ।
नजान्नु पर्ने भवलाई जान्यौं
मिथ्या जगत् सत्य भनेर मान्यौ ।।१२७।।

सम्पूर्ण विद्यालयको पढाइ
भोगादि भोग्दै हुन गो सढाइ
आत्मा म नै ब्रह्म भनी पढेनौ
मभित्रको ईश्वर नै चिनेनौ ।।१२८।।

दिने सफा शाश्वत, सत्य बोध
सत्यं शिवं सुन्दरको प्रबोध
साहित्य त्यो हो जसमा छ आत्मा
पढेर नै जीव बनोस् महात्मा ।।१२९।।

माया भएरै भव यो विनासिने
आत्मा भएरै म त हुं ननासिने ।
ब्रह्मात्म आफू शिव, सत्य, सुन्दर
आनन्दमा मग्न म ता परात्पर ।।१३०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

शान्ति मिल्दछ

योे देह वा गेह समान मान्नु छ
संसार ता स्वप्न समान बुझ्नु छ ।
आपत्ति ता छैन नि पस्नु, बस्नुमा
कल्याण हाम्रो यसमा नफस्नुमा ।।१३१।।

यो धर्मशाला घर-देहमा बसी
छुट्टेर हेरे अझ भित्र नै पसी ।
देखिन्छ आफू स्वयमेव आत्ममा
आनन्द सत् चित् मन मोक्ष धाममा ।।१३२।।

सत्कर्मबाटै पुरुषार्थ मोक्षमा
चिन्ता नगर्दा पनि अर्थ काममा ।
प्रारब्धले दिन्छ कमाइ जे, जति
लागोस् सदा ब्रह्मविचारमा मति ।।१३३।।

हर्ता, भर्ता, ब्रह्मवेत्ता नियन्ता
मेरै आत्मा सर्वसाक्षी प्रचेता ।
आफूभित्रै विश्व-ब्रह्माण्ड रे छ
आफू चिन्दा मुक्त आफैं हुने छ ।।१३४।।

आफूभन्दा भिन्न कोही नदेख्नु,
सारा प्राणी आत्मकै रूप लेख्नु ।
यै हो विद्या जीवले जान्नु पर्ने
ब्रह्मात्मा भै विश्वमा नै विचर्ने ।।१३५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

पुण्यात्मा ता स्वर्गमा नै रमाए
पापात्मा ता नर्कभित्रै हराए ।
हामी ता हौं यी दुवैदेखि मुक्त
मुक्तात्मा हौं दृश्य-साक्षी विविक्त ।।१३६।।

आफू को हो चिन्न सार्है ढिलो भो
आफू आत्मा चिन्न सक्ने ठुलो हो ।
बोल्दै-लेख्दै ब्रह्ममा नै रमाए
सुन्दै-गुन्दै ब्रह्ममा चित्त लाए ।।१३७।।

ज्ञानी, गुणी भए पुत्र, धनको के प्रयोजन ?
अज्ञानी, मूर्ख भो पुत्र, धनको के प्रयोजन ?१३८।।

कमाउन निकै गार्हो, यश, इज्जत लोकमा ।
जोगाउन अझै गार्हो, यश, इज्जत भोकमा ।।१३९।।

नभए ब्रह्मको बोध, विश्वमा लाभ के भयो ?
भएमा ब्रह्मको बोध, विश्वमा लाभ के भयो ?१४०।।

तिमी ज्ञानी भएमा ता, बाबुको शान-मान भो ।
अज्ञानी त भए माता-बाबुको शान-मान गो ।।१४१।।

मरे पनि तिमी बाँच्छौ, ब्रह्मबोध गरे पछि ।
बाँचे पनि तिमी मर्छौ, बोध लौ नगरे पछि ।।१४२।।

अज्ञानी भन्छ संसार, सदाकाल रहीरहोस् ।
ज्ञानी भन्दछ संसार, नरहोस् वा रहीरहोस् ।।१४३।।

भक्तका लागि भगवान्, जगत्, भक्त सदा हुने ।
ज्ञानीका लागि भगवान्, भक्त अद्वैत पो हुने ।।१४४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

ब्रह्म जीव भए एक, वेदान्त किन चाहियो ?
ब्रह्म जीव भए भिन्न, वेदान्त किन चाहियो ?१४५।।

संसारको ज्ञान निकै बढायौ
अज्ञान मात्रा उति नै चढायौ ।
अज्ञानलाई जब जानिदैन
पूर्णत्वको ज्ञान त मानिदैन ।।१४६।।

अगाडि जान्यो त पछाडि बाँकी
पछाडि जान्यो त अगाडि बाँकी ।
संसारको ज्ञान हुँदैन पूर्ण
सक्तैन कोही पनि गर्न चूर्ण ।।१४७।।

थप्यौ भने शून्य पछाडि एक
टुङ्गो नलाग्ने र हुने अनेक ।
अगाडि नै शून्य थपेर हेर
अद्वैत वा एक हुने बुझेर ।।१४८।।

संसार जानेर त पार छैन
आत्मा स्वयं जान अनन्त चैन ।
आनन्द आफू निजभित्र खोज
नितान्त एक्लो निजलाई रोज ।।१४९।।

राग-भोग सबै त्यागे, लाभैलाभ जताततै ।
देखिने विश्व हो स्वप्न, बुझे शान्ति यताउतै ।।१५०।।

ज्ञानीमा सिद्धि देखिन्छ, खोज्दैनन् सिद्ध बन्न ता ।
परोपकारका लागि, प्रयोगिन्छन् विशुद्धता ।।१५१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

आत्म-उद्धारका लागि, स्वयंको पुरुषार्थ होस् ।
प्रारब्ध पाल्छ देहादि, चित्त ब्रह्मात्ममा डुबोस् ।।१५२।।

गर्छन् ईश्वरले सारा, निमित्त मात्र बन्नु छ ।
आफू सरक्क पन्छेर, बसेमा शान्ति मिल्दछ ।।१५३।।

भयो पुत्र मेरो गुणी, ज्ञानवान
यही कीर्ति भो है नसुक्ने मुहान ।
मलाई त मैले उठाएँ, बढाएँ
अहा ! मोक्ष खोज्ने त शिष्यै कमाएँ ।।१५४।।

दृष्टिकोण

भए शिष्य, छोरा अझै ज्ञानवृद्ध, यिनैले मलाई बनाए प्रसिद्ध ।
बडे पुत्र-पौत्रादिलेबिन्दुवंश, अडे शिष्यका ज्ञानले नादवंश।।१५५।।

म मुक्तै भएमा, सबै मुक्त हुन्छन्
धरामा म मात्रै अरू छैन भन्छन् ।
यही नै त हो वेद-वेदान्त विद्या
छुटे द्वैत सारा हरायो अविद्या ।।१५६।।

ममा शत्रु वा मित्र मैले बनाएँ
म आफू जितेमा अरू ता हराएँ ।
म माया परैको अहा ! ब्रह्मरूप
बुझेरै म ता सच्चिदानन्दरूप ।।१५७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

अध्यात्मको मार्ग समाउने भए
नाङ्गो भएरै त रमाउने भए ।
घट्यो भने नै त बढी बढी हुने
मैदान छोडेपछि टाकुरा छुने ।।१५८।।

अध्यात्ममा बुद्धि त शुद्ध चाहिने
श्रीकृष्णको योग भए त पाइने ।
अत्यन्त नै सूक्ष्म विचार भो भने
ब्रह्मात्मको ज्ञान सदा उदाउने ।।१५९।।

विज्ञानको बुद्धि असाध्य सूक्ष्म छ
त्यो बुद्धिमा कृष्ण कि राम योगको ।
संभावना छैन र भोग मात्र छ
अतृप्तिको कारण भो वियोगको ।।१६०।।

आतङ्ककारी त कुबुद्धिले भए
कल्याणकारी पनि बुद्धिले भए ।
अत्यन्त ठूलो दुइमा छ भिन्नता
मार्ने र तार्ने रुचिमा विचित्रता ।।१६१।।

शिष्य–

गुरुदेव कृपा गर्नोस्
पूर्ण के हो बताउनुहोस् ।
पूर्णको ज्ञानले मेरो
अज्ञान नष्ट गर्नुहोस् ।।१६२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

सद्गुरु–

संसारको कीर्ति त नासिने छ
ज्ञानी भए मात्र ननासिने छ ।
ज्ञानी थिए बाबु, बराजु हाम्रा
थामिन्छ बिँडो गर कर्म राम्रा ।।१६३।।

थामिन्न बिँडो धन-मानले ता
बेकार हो भौतिक कीर्तिले ता ।
अध्यात्मको कीर्ति त बोध नै हो
थामिन्छ बिँडो शुभकर्म नै हो ।।१६४।।

राख्यौ ठुलो सालिक भोलिसम्म
टिकाउने हो कसरी, सकिन्न ।
आजै त छौ रे बल-शक्तिशाली
भविष्य आएर दिने छ फाली ।।१६५।।

अध्यात्मको कीर्ति सदा रहन्छ
ज्ञानी, गुणी नै अभिराम बन्छ ।
विज्ञान वा ज्ञान दिएर बाँच्नु
यो जिन्दगी हो पछिसम्म साँच्नु ।।१६६।।

पूर्णबाट सब यो भव आयो
पूर्णमा स्थित भएर बिलायो ।
पूर्णबाट झिकिने पनि पूर्ण
त्यो र यो जति सबै परिपूर्ण ।।१६७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

आत्म+देव+शिव+साधक पूर्ण
बिन्दु वा नद नदी जल पूर्ण ।
सिन्धु, बादल, छिटा सब पूर्ण
अग्नितत्त्व, जलतत्त्व त पूर्ण ।।१६८।।

ब्रह्म पूर्ण जग, जीवन पूर्ण
जीव वा शिव, शिवा, शव पूर्ण ।
पूर्णबाट झिक वा थप पूर्ण
वेद बोध गुरु-शिष्य त पूर्ण ।।१६९।।

पूर्णमा अब पुगौं सब हामी
ज्ञानले र तपले बन नामी ।
जीवनी सरस, सुन्दर पारौं
जन्म वा मरणबाट उतारौं ।।१७०।।

साधना सफल भो गुरु पायौ
मोक्षमार्ग सजिलैसित गायौ ।
सोध खोज गरदा मन शुद्ध
लौ विवेक गरदै बन बुद्ध ।।१७१।।

विवेक होस् विचार होस्, विरग होस् र बोध होस्
यही त हो नि जीवनी समग्र भोग पार होस् ।
गरेर हुन्न के यहाँ धरा सदा हरा भरा
विवेकले म मुक्त हुं बनाउने वसुन्धरा ।।१७२।।

शिवमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ सर्ग

चमेली खण्ड

(विवेक)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ सर्ग

चमेली खण्ड

(विवेक)

शिष्य-

ज्ञानै भयो लौ मनमा अभेद
बुझेर मैले शिव-जीव भेद
विवेक के हो ? अविवेक के हो ?
बताउनोस् लौ गुरुदेव जे हो ।।१।।

कृतज्ञता अर्पण गर्छु आज
आचार्य गर्नोस् मनमा विराज ।
कृपा भएको मन शुद्ध पार्न
स्वरूपको बोध ममा उमार्न ।।२।।

बुझें म ऐले अझ बुझ्न खोज्छु
हजूरकै यो उपदेश रोज्छु ।
विवेकलाई चिरफार गर्नोस्
विवेक मेरा मनमा उतार्नोस् ।।३।।

सद्गुरु-

तिम्रो चित्त भयो शुद्ध, अधिकारी भयौ अब ।
आजैदेखि तिमी नित्य, भज राम कि केशव ।४।।

मुखमा रामको नाम, हातमा काम रामको
मनमा राम राखेमा, देह-मन्दिर कामको ।।५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

विवेक हुन्छ आरम्भ, रामले मन धोइए ।
अनित्य नासिए राम्रो, नित्यले मन छोइए ।।६।।

विवेक होस्, विराग होस् र राग होस् स्वरूपमा
सुचित्तको, अचित्तको सुवास होस् अरूपमा ।
प्रकाश, बोध पाइने यही त दिव्य मार्ग हो
विरागले, विचारले पुगिन्छ लक्ष्य मोक्ष यो ।।७।।

मनले मनमा न फुल्दछ
मनले मन नै त भुल्दछ ।
मनले मनको त मार्जन
मनको मनमा छ आर्जन ।।८।।

यही नै मनको विराग हो
यसले मनको सुधार भो ।
अब मार्ग त मोक्ष तर्फको
मन छोड वितर्क तर्कको ।।९।।

मन साधन उत्तमै त हो
जब राग-विराग मुक्त भो ।
यसले उसमा लगाउने
सजिलै यसले उ पाउने ।।१०।।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

यसमा उसमा अभेद छ
अब बोध भए रमाउछ ।
बन लौ अब ता विरागले
कुन लान त लौ सकिन्छ के ?११।।

विवेकी, वैरागी अब त अधिकारी पनि मिले
ल है श्रद्धा बोकी शमदम तितिक्षादि गुणले ।
मुमुक्षा जागेमा गुरुचरणमा अर्पित भए
अवश्यै मिल्ने भो परमसुख शङ्का सब गए ।।१२।।

यही बाटो यौटा परमपदमा पुग्न सजिलो
अहा ! वेदान्तै हो स्वरूप बुझ्ने साधन ठुलो ।
अनात्मा आत्मा के श्रवण गरने वाक्य गुरुको
सुनेरै बुझ्ने हो मनन गरदै शास्त्रहरूको ।।१३।।

जता खोज्यो मिल्छन् अमरपदका साधनहरू
स्वयं गर्नैपर्ने तप र जपले शोधित बरु ।
म आत्मा, त्यो आत्मा जब त बुझियो आत्मरूपले
प्रकाशै फैलाए भुवनवनमा ब्रह्म-रविले ।।१४।।

कि ता वैरागी हौ कि त बन विवेकी, शमदमी
कि ता वेदाभ्यासी मनन गरने ध्यान धरमी ।
जसोरी होस् आजै अब त अहिले ज्ञान गरने
विमुक्तै भैहाल्ने विमलमतिमा ब्रह्म भरने ।।१५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

मुमुक्षुको लक्ष्य

यही हो बेला है मन-तम हटाऊ परपरै
ठुलो श्रद्धा राखी गुरु-गुण त ताने वरवरै ।
कि आजै, ऐले नै भव-जलधिको पार पुगिने
समाऊ च्याप्पै नै चरणशिवको ज्ञान गरने ।।१६।।

चार साधनमा पैलो विवेक मुख्य साधन ।
अनित्य छोड आजै नै, नित्यमा अड सज्जन ।।१७।।

अनित्य संसार, अनित्य चोला
अनित्यले शान्ति कतै नदेला ।
अनित्य हो है विषयादि भोग
अनित्य मिथ्या भवभोग रोग ।।१८।।

सम्पत्ति, सम्मान अनित्य नै हो
उपाधि नाना जीव बन्धनै हो ।
उम्केर आफ्नो निजरूप खोज
अनित्य छोडेर त नित्य रोज ।।१९।।

रहन्छ जो जे तिनकाल सत्य
कैले हुने रे नहुने असत्य ।
आफू सदाकाल रहीरहन्छ
अनित्यमा ता व्यभिचार हुन्छ ।।२०।।

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनित्य हो त्यो जुन हो असत्य
जो नित्य हो त्यो त सदा छ सत्य ।
आत्मा म ता सत्य र नित्य नै छु
अनित्य छोडी म त सत्यमा छु ।।२१।।

विवेकले सत्य र नित्य देख्छ
अनित्य छोडी अब नित्य लिन्छ ।
अनित्य हुन् यी व्यवहार सारा
म नित्य आत्मा म बसें किनारा ।।२२।।

अज्ञानी अविवेकी हुन्, ती फस्छन् भ्रम जालमा ।
विवेक नभएसम्म, उत्रन्नन् तीन कालमा ।।२३।।

संसारी अविवेकी हुन्, संसार सत्य मान्दछन् ।
भोगैमा लिप्त ती हुन्छन् भोग्नु नै लक्ष्य ठान्दछन् ।।२४।।

अरूलाई सताएर, मारेर भोग भन्दछन् ।
विषयादि गरी जम्मा, भोग्नैमा मग्नमस्त छन् ।।२५।।

ती ता ईश्वर मान्दैनन्, ब्रह्म, आत्मा कताकता ।
शरीर हो सबै थोक, भोग इन्द्रिय वेपता ।।२६।।

वेद, शास्त्र त मान्दैनन्, रक्सी धोकेर मस्त छन् ।
मर्नै पर्दैन भैं ठान्ने, अविवेकी त मूर्ख हुन् ।।२७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशु हुन् दानवी सोच, मान्छेका अनुहारका ।
यी ता हुन् सृष्टिका काँडा, रोग, राग र भोगका ।।२८।।

न ता धर्म, न ता कर्म, अविवेकी भए भने ।
पिता, माता नमान्ने यी, स्वास्नी सर्वस्व हो भने ।।२९।।

विवेकी बन है बाबु, ज्ञानका मार्गमा हिंड ।
दिन्छन् ईश्वरको साथ, अविवेकीसितै भिड ।।३०।।

विवेकले, विचारले अवश्य शान्ति पाइने
मनुष्य जीवनी मिले अनन्त राम गाइने ।
अनादिकालदेखिको अनन्त शान्तिको थलो
यही शरीरमा बसी विवेकले हुने भलो ।।३१।।

विवेकले, विचारले मनुष्य बन्छ सज्जन
विवेकका, विचारका अभावले त दुर्जन ।
विवेकको, विचारको, विरागको र रागको
मनुष्य हो सबै थलो विधानको र दानको ।।३२।।

यही शरीर हो नि लौ यहीं छ दिव्य मानव
स्वभाव राक्षसी यहीं यहीं छ धूर्त दानव ।
विवेक नै विचार नै महान दिव्य दान हो
मनुष्यलाई ईशको विशेष यो प्रदान भो ।।३३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसाद यो विशादमा प्रयोग गर्नु हुन्न है
सकिन्छ ता बचाउनू कदापि मार्नु हुन्न है ।
विवेकले सुबोधमा लगेर पार तार्नु छ
मनुष्यले मनुष्यको जहाज नै उतार्नु छ ।।३४।।

विवेकले विचार होस्, विचारले त बोधमा
सुबोधले अवश्य नै पुगिन्छ लक्ष्य आत्ममा ।
शिवात्ममा मिलाउने विवेक उच्च साधन
मुमुक्षुको त लक्ष्य हो पुगिन्छ लक्ष्य पावन ।।३५।।

विवेक महिमा

शिष्य–

गुरुदेव कृपा गर्नोस्, शरीर, व्यवहार के ?
कसरी छुट्टिने भन्नोस्, विवेकको प्रयोग के ?३६।।

सद्गुरु–

शरीरदेखि छुट्टेर, बस्ने अभ्यास भो भने ।
आजै वा अहिले मोक्ष, पाइन्छ शास्त्रले भने ।।३७।।

शरीर दृश्यमा राखी, आफू द्रष्टा भई बस ।
शरीरसङ्ग ता तिम्रो, कदापि छैन लस्पस ।।३८।।

शरीर ता तिमी हैनौ, तिम्रो यो कसरी हुने ।
निद्रा, समाधिमा खोज, छुट्टेको स्पष्ट देखिने ।।३९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

व्यवहार त्यसै चल्छ, संस्कार र स्वभावले ।
वसिष्ठ, रामको चल्थ्यो, अहंकार अभावले ।।४०।।

व्यासको, कृष्णको त्यस्तै, जनकादि नृपादिको ।
व्यवहार अनेकौं छन्, लीला हो यो स्वभावको ।।४१।।

विश्व चल्छ स्वभावैले, व्यवहार त के कुरा ।
व्यवहार ठुलो मान्छन्, संसारी माकुरा भुरा ।।४२।।

आत्माको ब्रह्मको चर्चा, निरन्तर चलीरहोस् ।
वेदान्त वाटिकाभित्र, ब्रह्मबोध फुलोस्, फलोस् ।।४३।।

असङ्ग शास्त्रले हान्नु, संसार वृक्ष ढल्दछ ।
निमित्त मात्र नै बन्नु, विश्वब्रह्माण्ड चल्दछ ।।४४।।

विवेक आजै अब गर्नु पर्छ
सम्झौं सदा नै अब मर्नु पर्छ ।
नआउदै काल त बोध गर्नु
कर्तव्य यो है अब ता नमर्नु ।।४५।।

बुझ्यौ तिमीले त विवेक के हो
विवेक गर्दै अड ब्रह्म जे हो ।
बुझेर लाग्नैतिर पर्नु पर्छ
विज्ञान वा ज्ञान त गर्नु पर्छ ।।४६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोध सोध अझ लौन नि सोध
के छ जान्नु परने गर बोध ।
सोध-खोज गरदा मन शुद्ध
हुन्छ बाबु अब ता बन बुद्ध ।।४७।।

विवेक गर्दा अविवेक भाग्ने
स्वरूपको बोध तुरुन्त जाग्ने ।
विशेष मान्छे त विवेक गर्छन्
आत्मा बुझेरै भवबाट तर्छन् ।।४८।।

शोभा तथा भूषण हो विवेक
विवेकले ब्रह्म र जीव एक ।
सर्वस्व हाम्रो त विवेक रे छ
विवेकबाटै नहुने त के छ ?४९।।

असत्य के हो शिव सत्य के हो ?
हुने त के हो नहुने त के हो ?
कल्याण के के गरदा हुने हो ?
विवेकले निर्णय गर्छ जे हो ।।५०।।

आत्मा-परात्मा, विष-अमृतैको
विराग वा राग र साधनाको ।
भोगादि-योगादि विवेक गर्दा
हटाउने हो अविवेक पर्दा ।।५१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

विवेक नै हो अधिकार उच्च
अभावले नै हुन जान्छ नीच ।
पुऱ्याउने ज्ञान र मान माथि
विवेक हाम्रो अनमोल साथी ।।५२।।

सेतो कि कालो त विवेक भन्छ
कल्याण सोची अनुकूल लिन्छ ।
ज्ञानी, गुणी हुन् सदसद् विवेकी
विचार गर्नूस् शिव यी छुटे कि ।।५३।।

नक्षत्र तारागण छन् अनेक
विवेकले रक्षित एक-एक ।
विवेकले नै धरती अडेको
विवेकले गौतम बुद्ध भाको ।।५४।।

विवेक गुम्दा मन रावणै भो
लाखौं, करोडौं जन नष्ट नै भो ।
विवेकले नित्य-अनित्य छानोस्
अनित्य भोगादि म नित्य मानोस् ।।५५।।

विवेकबाटै सुविचार बन्छ
विचार हो उत्तम ज्ञान भन्छ ।
ज्ञानै भए मात्र त मोक्ष मिल्छ
जन्मादिको चक्करलाई निल्छ ।।५६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्य–

सर्वस्व हाम्रो त विवेक नै हो
भए विवेकी सब दुःख नै गो ।
विवेक वा बुद्धि भएन मान्छे
त्यो मोह-माया सबलाई खान्छे ।।५७।।

धन्य धन्य भएँ आज, कृपा भो गुरुदेवको ।
विवेक बुझ्न पाएर, मान्छे बन्छु विवेकको ।।५८।।

वेदान्त वाटिकाभित्र, पाल्नुहोस्, रस चाख्नुहोस् ।
आफ्नै आनन्दमा डुब्नोस् विश्व-ब्रह्माण्ड हाँक्नुहोस् ।।५९।।

यो हो सौन्दर्य साम्राज्य, कोपिला, मुजुरा, मुना ।
सप्तरङ्गी फुले फूल, रस, राग र वासना ।।६०।।

झुलेको फूलको कुञ्ज, पराग, राग, केशर ।
सर्वत्र ज्ञानको आभा, वेदान्तकै सरोवर ।।६१।।

गृहस्थ, ब्रह्मचारी वा, संन्यासी, वनवासी वा ।
पस्नुहोस् चाख्नुहोस् मीठो, वेदान्त रस हो न वा ।।६२।।

चारै दिशा सबै द्वार, खुल्ला छन् जहिले पनि ।
कर्म, भक्ति र वैराग्य, ज्ञान ढोका प्रसिद्ध नि ।।६३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जताबाट पसे हुन्छ, चाहिन्छ योग्यता पनि ।
श्रद्धा-विश्वासको बाटो, आएको हुनुपर्छ नि ।।६४।।

नाङ्गो भएर आएमा, यसभित्रै रमाउने ।
रित्तो भाँडो लिई पस्ता, भरेर लान पाइने ।।६५।।

फूलको वाटिकाभित्र, फूलैफूल नखोज्नुहोस् ।
काँडा र कोपिला होलान्, फूलै मात्र त रोज्नुहोस् ।।६६।।

तपाईंको ठुलो सीप, लिनमा, फूल टिप्नमा ।
काँडा र कोपिला बीच, मौरी भैँ रस चुस्नमा ।।६७।।

सर्वस्व मेरो यसमा छ चिन्तन
हुँ शून्य साक्षी अथवा अकिञ्चन ।
मेरो म चिन्ने यसमा छ दर्पण
मेरो मलाई उसमा समर्पण ।।६८।।

यो वाटिकामा नव फूल छैनन्
मेरो म भन्ने तर ती त हैनन् ।
जे हुन् उसैका उनमा चढाएँ
नाङ्गो हुनैमा सुख-शान्ति पाएँ ।।६९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काँडाविनाका पनि फूल होलान्
सौगन्ध, माधुर्य र सत्य देलान् ।
माली बनी पुष्प सुवास सुघ्नोस्
मौरी बनेरै रसराज चुम्नोस् ।।७०।।

काँडा हटाइकन पुष्प हेर्नोस्
सौन्दर्यभन्दा गुणभित्र डुब्नोस् ।
शब्दादि मीठा नमिठा नहेर्नोस्
खपाखपै यो खिचडी त खानोस् ।।७१।।

हातै उठाएँ म त नाङ्गिएको
नवीनता छैन नि भाङ्गिएको ।
सन्देश केही त नवीन नै हो
मान्छेसँगै यो कविता बुढो भो ।।७२।।

अनित्य यो हो अनि नित्य यो हो
अनित्य छोडेर म नित्य नै हो ।
बुझेर लागे त विवेक हुन्छ
विवेकले न्याय र बोध दिन्छ ।।७३।।

विवेकले बुद्धि सपारिदिन्छ
विवेकले जीव उतारिदिन्छ ।
विवेकले मानवमा विशेष
रहन्छ आस्था, अधिकार शेष ।।७४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्य भन्ने त विवेक नै हो
जीवात्म भन्ने परमात्म नै हो ।
सर्वस्व हाम्रो त विवेक नै हो
विवेकबाटै अभिमान गैगो ।।७५।।

राम्रो-नराम्रो सदसद् विवेक हो
यो हुन्छ वा हुन्न कुरो विवेक हो ।
मान्छे भनेको त विवेक गर्दछ
अनित्य वा नित्य भनी ठहर्दछ ।।७६।।

जो नित्य आत्मा त्यसमैं अडीरहे
अत्यन्त कल्याण हुने टिकीरहे ।
मान्छे-अमान्छे त विवेक निर्णय
आनन्द वा शान्ति विवेक निर्भय ।।७७।।

कालको भय नासिने

शिष्य–

काल के हो गुरुदेव, आज्ञा होस् लौ कृपा गरी ।
बाँचेर, बाँच्न जानेर, काल चिन्ने कसो गरी ।।७८।।

सद्गुरु–

कालका बसमा प्राणी, कोही छैनन् स्वतन्त्र ता ।
कालका मुखका ग्रास, सूर्य-चन्द्रादि देवता ।।७९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काल हो है चमत्कारी, जे पनि गर्न सक्तछ ।
पाल्ने, जन्माउने काल, सम्पूर्ण मार्न सक्तछ ।।८०।।

कसैका बसमा छैन, सर्वतन्त्र स्वतन्त्र छ ।
सारा ब्रह्माण्ड कालैका, चक्रमा घुम्नु पर्दछ ।।८१।।

सृष्टि, पालन, संहार, कालैका भिन्न रूप हुन् ।
सारा शक्ति यसैमा छ, कालदेव अरूप छन् ।।८२।।

कालका पनि हुन काल, मृत्युञ्जय सदाशिव ।
शिवतत्त्व त हो ब्रह्म, ब्रह्मको बोध वैभव ।।८३।।

कालको रूप ता छैन, सर्वत्र गुण देखिने ।
विशाल मुख बाएर, बसेकै मात्र भेटिने ।।८४।।

यम वा धर्मराजै हुन्, काल वा मृत्यु देवता ।
छोड्दैनन् यी कसैलाई, सबैमा छ समानता ।।८५।।

कसैका शत्रु हैनन् यी, कसैमा छैन मित्रता ।
ज्ञानी, सज्जनले राख्छन्, यिनका साथ मित्रता ।।८६।।

कसैले पनि सक्तैनन्, छकाउन, फकाउन ।
पापी गर्दछ अन्याय, खोज्छ पाप लुकाउन ।।८७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

रातमा पनि देख्छन् यी, सर्वत्र दिव्य दर्शन ।
पापी पर्दछ सर्वत्र, कालका पास बन्धन ।।८८।।

यमले यातना दिन्छन्, यहाँ उम्केर ता उता ।
नाना नरक भोग्ने छन्, पापीले भन्छ शास्त्र ता ।।८९।।

बनाए नचिकेताले, यमराज बडागुरु ।
गरे त्याग र श्रद्धाले, ब्रह्मको ज्ञानको शुरु ।।९०।।

गुरु मान महाकाल, अथवा मित्र हार्दिक ।
कालको डर नै हुन्न, कालबाट यही सिक ।।९१।।

शुरुमात्र त के हुन्थ्यो, ज्ञानमा पूर्णता लिए ।
मुमुक्षु नचिकेता ता, ज्ञानले मुक्त नै भए ।।९२।।

नचिकेता बने शिष्य, गुरु ता यमराज हुन् ।
कालमुक्त हुने मार्ग, कालले नै बताउछन् ।।९३।।

यो हो वेदान्तको मार्ग, उपनिषद् बताउने ।
यही बाटो हिंडे मात्र, कालको भय नासिने ।।९४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो देश

शिष्य–

नेपालको यो महिमा छ कस्तो ?
बताउनोस् लौ गुरुदेव जस्तो ।
यो मातृभूमि किन आज यस्तो ?
हरे ! भयो भाषण मात्र सस्तो ।।९५।।

सद्गुरु–

मेरो देश हिमाल हो, शिखर हो पाहाड, मैदान हो
मेरो बुद्ध र लुम्बिनी, सगरको माथा महाशान हो ।
मेचीदेखि उदाउने सरस यो कैलास हो शम्भुको
मेरा वीर र देशभक्त जनता पुण्यात्मको, धर्मको ।।९६।।

मेरो राष्ट्र चिनिन्छ है भुवनमा उल्लेख्य, आलोकित
रातो राष्ट्र ध्वजा अतुल्य भवमा श्रीसूर्य-चन्द्राङ्कित ।
हाम्रा बुद्ध भए अलौकिक प्रभा अध्यात्ममा, त्यागमा
हाम्रो तुल्य अभाव नै शिखरमा सर्वोच्च उच्चाइमा ।।९७।।

हाम्रा श्रीभृकुटी उदाहरण बने सीता, सती, पार्वती
आफ्नै वैदिक धर्म, नीति महिमा हिन्दुत्वको संस्कृति ।
नेपाली जनता भला र रसिला कर्तव्यमा छन् कडा
खोज्छन् शान्ति सुधा पराक्रम गरी बाँचेर बन्ने बडा ।।९८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

हामी हिन्दु सनातनी अटल छौं सद्धर्म, संस्कारमा
आफ्नो धर्म र राष्ट्रका उदयमा, वर्चस्व, सर्वस्वमा ।
आफ्नो गौरव सम्झने विनयले, अध्यात्मले, ज्ञानले
जीवन्मुक्त बनेर बाँच्न सकिने वैराग्यले, ध्यानले ।।९९।।

आमा जन्म दिने र पालन गरी हावा र पानी दिने
पृथ्वीमा यिनको त छैन तुलना सर्वोच्च चुच्चो छुने ।
गर्नै पर्दछ मातृभूमि-जननी सेवा सदा शान्ति होस्
आत्मानन्द हुने छ निश्चय पनि अध्यात्म सेवा चलोस् ।।१००।।

मेरो देश यथार्थ हो र विपना सद्धर्मले कर्मले
हाम्री यो जननी सदा रहिरहून् वीरत्व ऐश्वर्यले ।
हाम्रो जीवन धन्य सार्थक हुने स्वातन्त्रले, योगले
ब्रह्मात्मैक्य प्रबोधले रविशशी उच्चा रहे वीर्यले ।।१०१।।

मेरो देश रहेन रे यदि भने अस्तित्त्व मेरो छ के ?
मैले मात्र गरे हुने प्रगति वा मैले गरे हुन्न के ?
खोज्ने रे अधिकार रे तर यता कर्तव्यको बोध के ?
बिर्सी स्वार्थ परात्ममा मन दिए मुक्तात्म टाढा छ के ?१०२।।

मेरो देश बने म बन्छु बलियो यस्तो बनोस् धारणा
मेरा यी जनता जनार्दन ठुला राष्ट्रीय होस् भावना ।
सेवा धर्म बनोस्, पवित्र मन होस् सत्कर्म नै पूजन
हाम्रो भोलि उदीयमान अहिले कर्तव्यको पालन ।।१०३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली जन वीर मात्र नबनी ज्ञानी, गुणी बन्नुहोस्
आत्मानात्म विचारले भुवनमा मुक्तात्म भै बाँच्नुहोस् ।
सारा जीव समान देख्न सकने अत्युच्च होस् चिन्तन
आमाको दुधभार तिर्न सकने सन्तान हुन् पावन ।।१०४।।

आमा जन्म दिने र देश जननी हुन् स्वर्गभन्दा ठूला
सेवा गर्न सिकौं, सकौं जननीको गर्छिन् सदा भै भला ।
आफ्नो देश बने बने जनहरू सर्वस्व नै देश होस्
छोडी स्वार्थ परार्थमा मन दिई सेवा सदा गर्नुहोस् ।।१०५।।

यस्तै विचारले बाबु, देशप्रेम सदा गर ।
तर गर्ने उनै हुन् है, उनैका भरमा पर ।।१०६।।

चलाउँछन् उनैले नै, जसले सिर्जना गरे ।
सिन्को भाँच्न नसक्नेले, के गर्लान् भोलि वा भरे ।।१०७।।

सम्पूर्ण धर्म छाडेर, कृष्णका पाउमा परे ।
पापबाट हुने मुक्त, ब्रह्मबोध अवश्य रे ।।१०८।।

प्रतिज्ञा कृष्णको हो यो, हामी शरणमा परौं ।
सारा सुम्पी उनैलाई, ब्रह्मको चिन्तना गरौं ।।१०९।।

मोक्ष-मन्दिरमा पुग्ने, भक्ति उत्तम साधन ।
विवेक त्यागले पूर्ण, सर्वोच्च ज्ञान साधन ।।११०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गन्तव्य सबको एकै, निर्विकल्प त मोक्ष हो ।
जीवन्मुक्त भई बाँच्नु, यही अन्तिम लक्ष्य हो ।।१११।।

अनासक्त भई सारा, गर्नु नै पुरुषार्थ हो ।
ब्रह्मज्ञान गरी बाँच्नु, वेद-वेदान्त सार हो ।११२।।

बनौं भूषण धर्तीकै, भक्ति, ज्ञान, विरागले ।
बन्छन् दूषण पापात्मा, काम, क्रोध र रागले ।।११३।।

नपाल, फाल जञ्जाल, भोलि टिक्तैन यो कुनै ।
सरक्क पन्छ आजै नै, गर्छन् कल्याण ता उनै ।।११४।।

भक्तिको सार

शिष्य–

गुरुदेव कृपा गर्नोस् भक्तिको सार भन्नुहोस् ।
भक्तिबाट हुने मुक्ति, युक्ति के हो बताउनोस् ।।११५।।

सद्गुरु–

रिझाउने हो प्रभु रामलाई
उपासनाले प्रभुजी रिझिन्छन् ।
अनन्य भो भक्ति भने त राम
सुम्पेर आफू पनि रित्तिइन्छन् ।।११६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णाश्रमाचार यथोक्त कर्म
कर्तव्य हो गर्नु अवश्य पर्छ ।
निष्कामनाले गरियो भने ता
सद्भक्तको शोधन चित्त गर्छ ।।११७।।

सोपान हो भक्ति त मोक्ष धाम
विक्षेप हो चञ्चल चित्त काम ।
सद्भक्तिले चित्त त शान्त हुन्छ
पोहोरको फोहर आज धुन्छ ।।११८।।

हामी सबै अन्तिम भेटघाट
पुग्ने उहीं हो सब आर्यघाट ।
बेला छदै भक्ति गरे त मुक्ति
सदुक्ति वा युक्ति मिले विमुक्ति ।।११९।।

उपासनाले प्रभुको समीप
पुगिन्छ चाँडै मन हुन्छ शुद्ध ।
आधार एकै शिव, राममा होस्
कृपा भएमा त हुने प्रबुद्ध ।।१२०।।

आत्मानुसन्धान गरेर मात्र
बनिन्छ आफू अधिकार पात्र ।
म, ब्रह्म, संसार बुझें भने ता
बन्ने छु आध्यात्मिक शुद्ध नेता ।।१२१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रह्लादको भक्ति र अम्बरीष
व्रजाङ्गनाको, ध्रुवको विशेष ।
शाण्डिल्य वा नारद आदि भक्त
अनन्य भो भक्ति बने विरक्त ।।१२२।।

सद्भक्तिमा कत्ति अघाइदैन
सम्पत्ति पोखे पनि पाइदैन ।
कृपा उनैको जब पाइने छ
श्रीकृष्ण, राधा, शिव गाइने छ ।।१२३।।

उमा गुणी वा शिव निर्गुणी हुन्
एकात्ममा तत्त्व सबै उनै हुन् ।
जहाँ, जसोरी, जहिले बुझेमा
पाइन्छ है ज्ञान मनै भिजेमा ।।१२४।।

खोजी गरेमा मनभित्र नै छन्
सर्वत्र नै छन्, सुख-दुःखमा छन् ।
चाहिन्छ मात्रै शिव भक्ति एक
हो तत्त्व एकै तर भो अनेक ।।१२५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविता-काव्य

शिष्य–

सन्देश, शिक्षा कविता, बुढाको
तापौं न आगो खँदिलो मुढाको ।
हान्ने र मार्ने कविता त हैन
बोकेर नारा कविता बनेन ।।१२६।।

यो मान्यता वैदिक दर्शनैको
वेदान्त सिद्धान्त त पस्किएको ।
लिएँ मिठो माध्यम काव्य-धारा
ब्रह्मात्मको लक्ष्य बसी किनारा ।।१२७।।

यो यौटा शिवकाव्य हो मनन होस् चूडान्त वेदान्तमा
आफ्नै मौलिक हो समाधि सुखको कैवल्य सिद्धान्तमा ।
छैनन् पात्र, कथा, चरित्र, घटना यो शुद्ध, नाङ्गोपना
ब्रह्मात्मा यसभित्र पाउन सकौं आनन्दको योजना ।।१२८।।

छैनन् नायक–नायिका पनि कुनै छैनन् कुनै कल्पना
यस्तै छैन र छैन शेष रहने ब्रह्मात्मको स्थापना ।
वेदान्ती जन पाल्नुहोस् रस लिनोस् अद्वैतका स्वादले
आफैं मग्न र मस्त लौ हुनुहओस् विश्वात्मका भावले ।।१२९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पस्नोस् है कविजी, समीक्षक मिठा त्यो त्यो यहाँ खोज्नुहोस्
आफ्नो जे अनुकूल प्राप्त हुन गो त्यो मात्र लौ रोज्नुहोस् ।
छैनन् ती कविमा, भए जति यहाँ वेदान्त पस्की दिएँ
चाख्नुहोस् अनि खानुहोस् डुबनुहोस् 'मैले पढें यो लिएँ ।।१३०।।

बाटो समाइ हाल

शिष्य–

अध्यास के हो गुरुदेव भन्नोस्
अध्यासबाटै भव मुक्त पार्नोस् ।
कृपा गरेरै म त सुन्न पाउँ
संसारको भार कतै बिसाउँ ।।१३१।।

सद्गुरु–

भ्रमले एक वस्तुमा, अर्काको धर्म टाँसिए ।
जीवमा हुन्छ अध्यास, सत्यको बोध नासिए ।।१३२।।

डोरीमा सर्पको भान, हुन्छ अज्ञानले गरी ।
सिपीमा देखियो चाँदी, अध्यास भो नि बेसरी ।।१३३।।

एक धर्म लिई अर्को, धर्म आरोप भो भने ।
लामो भएर लत्र्यो रे, सर्प त्यो कसरी हुने ?१३४।।

जड देह त हो दृश्य, द्रष्टा बन्दैन जे गर ।
आत्मा नित्य नमर्ने हो, मर्छ भन्ने त पामर ।।१३५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यास हो त अज्ञान, माया, भ्रम र भान हो ।
अध्यास नष्ट भो साक्षी, आत्मा, ईश्वर, बोध भो ।।१३६।।

नभएको भयो भान, अध्यास भ्रमजालले ।
जे जे सत्य त्यही ज्ञान, हुन्छ है ब्रह्म बोधले ।।१३७।।

अध्यास नष्ट नै हुन्छ, स्वरूप जब बोध भो ।
आफू आफू भनी जाने, अध्यास दूर दूर गो ।।१३८।।

स्वल्पाहार, निराहार, शास्त्राहार भयो भने ।
अध्यात्म-मार्गको यात्रा, प्रारम्भ आज नै हुने ।।१३९।।

शाकाहारी, फलाहारी, ब्रह्मानन्दी विहारी हौ ।
शुद्धाहार हुनै पर्छ, अनर्थबाट मुक्त छौ ।।१४०।।

मनले गर्छ आहार, निमित्त मात्र हो मुख ।
संयमित भए मात्र, पाइने सात्विकी सुख ।।१४१।।

प्राणको धारणा गर्न, खाद्य होस् शुद्ध, सात्विक
बाँच्न मात्र गरे भोग, जीवनी पारमार्थिक ।।१४२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिति स्वरूपमा छैन, भने शास्त्र पढेर के ?
दुध खान नपाएमा, गाई पालेर हुन्छ के ?१४३।।

बाबु आमा सधैं रोगी, घरमा पुत्र डाक्टर ।
वेदान्तका तिमी वक्ता, ठेस लाग्दा रुने तर ।।१४४।।

लटरम्म फुलेका छन्, बगैंचामा फलैफल ।
न ता दान तिमी दिन्छौ, नखान्छौ हुन्छ निष्फल ।।१४५।।

नदी किनारमा बस्छौ, भन्छौ पानी अभाव छ ।
आफू वैद्य ठुला नामी, छोरीको गलगाँड छ ।।१४६।।

मन्त्री प्रधान रे आफू, अधिकार पुगेन रे ।
रोगी, गरीबका लागि, बजेट पनि छैन रे ।।१४७।।

कुवेरका प्रजा सारा, भोका, नाङ्गा भए भने ।
वेद-वेदान्तका ज्ञाता, गुरु-शिष्य कठै रुने !!१४८।।

धानका खेतका मूसा, अन्नको के अभाव छ ?
प्रहरी रातमा जागे, चोरको के प्रभाव छ ?१४९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोच्च अङ्क पाएर, उत्तीर्ण छौ तिमी भने ।
जागिर खोज्नु पर्दैन, इच्छा तिम्रो भयो भने ।।१५०।।

तयारी मर्नका लागि, आजै आरम्भ गर्नुहोस् ।
घडा यो पुण्यले प्राप्त, धर्मले मात्र भर्नुहोस् ।।१५१।।

सेवा, दान गरी हालौं, भोगले जिन्दगी गयो ।
घाम अस्ताउनै लागे, ज्ञान गर्न ढिलो भयो ।।१५२।।

वासना शेषले जीव, फेरि जन्मन्छ, मर्दछ ।
बोधले वासना नष्ट, शिवको मृत्यु टर्दछ ।।१५३।।

बन्दै विषयको भोक्ता, सुन्दै संसारका कुरा ।
गयो जीवनको सार, दुर्भागी बबुरा, बरा ।।१५४।।

यमका दूतले ठोक्ता, पश्चात्ताप हुने छ है ।
शिव वा रामको भक्ति, ज्ञानले मुक्त बन्नु है ।।१५५।।

भोग्य वस्तु बटुल्दै छौ, भोग्न पाइन्छ रे भनी ।
भोग्न बाँकी छदै मर्छन्, राजा, निर्धन वा धनी ।।१५६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोई रोई त्यही मर्छ, भोगनमा जो छ लम्पट ।
चौरासीमा त्यही घुम्छ, बोकी पाप र भन्भट ।।१५७।।

कि आफू बुझ आत्मा हो, ईशमा कि त अर्पित ।
कि योग, ध्यानमा मस्त, मुक्तात्मा बन हर्षित ।।१५८।।

एकनास सदा हुन्न, हाम्रो जीवनको गति ।
पूर्णिमामा कला पूर्ण, औंसीमा शून्य भो स्थिति ।।१५९।।

अहंलाई तिमी बिर्स, बिर्सेको बोध होस् तर ।
सारा संसार बिर्सेर, तर संसार सागर ।।१६०।।

कर्तव्य के हो ? व्यवहार के हो ?
बुझ्ने महात्मा पनि धन्य नै हो ।
कर्तव्य एकै परमात्म-बोध
मिथ्या छ है यो व्यवहार बोझ ।।१६१।।

गर्ने त पर्ने शिव-भक्ति नै हो
निष्कामनापूर्वक कर्म नै हो ।
वेदादि ता छन् गुणमा डुबेका
बन्नू गुणातीत तिमी बुझेका ।।१६२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मै हुने ता गुणमा बसेर
निष्कर्म ता होस् गुण छुट्टिएर ।
शरीर यो उत्तम साधनै हो
शरीर छुट्टेपछि बोध नै भो ।।१६३।।

लिने र छोड्ने गर है विचार
विवेकबाटै बन निर्विकार ।
म स्थूल वा सूक्ष्म कदापि हैन
उपाधिले शून्य परा अभिन्न ।।१६४।।

मिठा त होलान् विषयादि छोडौं
यो चित्तलाई शिवतर्फ मोडौं ।
संसारको वास तुरुन्त तोडौं
जीवात्म ब्रह्मात्म बुझेर जोडौं ।।१६५।।

इच्छा र आसक्ति विनाशकारी
विवेक, वैराग्य दिने उतारी ।
क्रोधादि, कामादि विवेकद्वारा
विनष्ट पारौं अनि रामधारा ।।१६६।।

संसार भोगे पनि भोगशून्य
हुंदैन है ज्ञान भए त धन्य ।
हाम्रा त पुर्खा तपका धनी थे
हामी र हाम्रा धनदास नै भे ।।१६७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

त्यागी, महात्मा बन है विरक्त
अखण्ड आनन्द बने त भक्त ।
कि ज्ञानको मार्ग समाइहाल
भोगादिको वास निकाल फाल ।।१६८।।

मुक्तात्मा थ्यौं विषय विषमा लोभिई बिर्सिएछौं
मुक्तै हुन्छौं गुरुवर मिले पुण्यले सम्झने छौं ।
आफू राम्रो वरपर सबै सिर्जना सुन्दरै हो
आफू ज्ञानी बनन भनने वेद-वेदान्त नै हो ।।१६९।।

शिरमा धारणा गर्दा वरिष्ट गुरु-आशिष
गोविन्दको कृपा वर्षा, पाइन्छ गर्नु कोसिस ।
लक्ष्य हो ब्रह्मको ज्ञान, रित्तिए भरिने भरे
साक्षात्कार हुने आजै, लक्ष्यार्थ बोधमा परे ।।१७०।।

हाम्रो लक्ष्य त हो विवेक गरदै वैराग्यले बोधमा
आत्माको अपरोक्ष भो यदि भने पुग्ने स्वयं ब्रह्ममा ।
यस्ता यी अधिकार साधनहरू आजै गरौं आर्जन
वैराग्यै छ ठुलो विशाल भवमा चिन्तादिको मार्जन ।।१७१।।

शिवमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चम सर्ग

बेली खण्ड

(वैराग्य)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

पञ्चम सर्ग

बेली खण्ड

(वैराग्य)

शिष्य–

कृपा भएरै गुरुदेवबाट
विवेकको ज्ञान भयो मबाट ।
कृतज्ञता ज्ञापन गर्छु ऐले
के गर्नुपर्ने गुरुदेव मैले ।।१।।

वैराग्य के हो गुरुदेव भन्नोस्
उद्धार मेरो जसरी त गर्नोस् ।
वैराग्यको साधन के कसो हो ?
छर्लङ्ग पार्नोस् जुन जे जसो हो ।।२।।

सद्गुरु–

कति मिठो छ यो प्रश्न, जिज्ञासाले सुसंस्कृत ।
धन्यवाद तिमीलाई बोधले छौ सुशोभित ।।३।।

विवेक जान्यौ र विराम खोज्यौ
मुक्तात्म बन्ने शिवमार्ग रोज्यौ ।
वैराग्य बुझ्छौ मन, बुद्धि देऊ
सन्देश यो ध्यान दिएर लेऊ ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

म मात्रै भएको

वैराग्यमा नै शिव साधना भो
वैराग्यले नै मनकामना गो ।
ब्रह्मादि, इन्द्रादि सबै त्रिलोक
मिथ्या भनेरै बुझ्नू विवेक ।।५।।

यो तुच्छ मान्नु त विराग भैगो
संसारको त्यो अनुराग गैगो ।
यो सृष्टिको भोग त काक विष्टा
मानेर छोड्नु शिवमा प्रतिष्ठा ।।६।।

वैराग्य हो है भवमा अनास्था
ब्रह्मात्ममा मात्र अखण्ड आस्था ।
विरागबाटै अब बोधमा गो
ज्ञानाग्निले कर्म समाप्त नै भो ।।७।।

वैराग्य लागे त सुशान्ति मिल्छ
संसारको भोग र रोग निल्छ ।
आनन्द वर्षा अब आउने छ
संसारकै भोग त धाउने छ ।।८।।

वैराग्यले ज्ञान र मार्ग खुल्छ
भोगादिको आशा र बास भुल्छ ।
सौभाग्यले मात्र विराम प्राप्ति
यो त्यागबाटै अनमोल तृप्ति ।।९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो दिव्य हो साधन गर्नुपर्छ
संसारबाटै पर सर्नुपर्छ ।
संसारभित्रै तर बाहिरै छ
विरागले शान्ति त भव्य दिन्छ ।।१०।।

विषय ता विष झैं त रुवाउने
विषयले कति जन्म घुमाउने ।
विषयमा नरहोस् दृढ वासना
यति भए हटिगो यम शासना ।।११।।

विषय ता जड हो किन झुम्मिने
नभन है नभनीकन भोगिने ।
विषयमा रसलीकन भोगमा
नफस है अब लाग त योगमा ।।१२।।

अत्यन्त नै कठिन यो व्यवहार धार
यो यो मिले पनि उता अझ झन् छ भार ।
जोगी भए तर कठै कति वासना छ
आफू स्वतन्त्र नभए जन शासना छ ।।१३।।

खोजे मिलाउन हरे ! नमिली गए नि
राजा र रङ्क सबको गति यै त हो नि ।
विद्वान्, धनी, कवि, गरीब, चिरायु, नेता
गर्दै थिए तर पुरा नहुँदै विपत्ता ।।१४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

मिल्दै मिलेन नि कतै घर, राजनीति
के मिल्दथे र जनता, धन, कूटनीति ।
मिल्दैन है भुवनको, वनको स्वभाव
त्यो यो पुगेर पनि धेर अझै अभाव ।।१५।।

मिल्ने छ एक जगमा शिवभावनाले
अध्यात्म-चिन्तन गरे शुभकामनाले ।
अद्वैतमा सब मिलीकन एक हुन्छ
छोडे त भेद मिलने परमार्थ बन्छ ।।१६।।

वेदान्त साधन मिले अनि साधनाले
एकात्म भाव जब भो तप, वन्दनाले ।
सम्पूर्ण मिल्दछ यता र उता छुटेमा
वैराग्य, बोध नछुटी शिवमा जुटेमा ।।१७।।

हटाऔं न आजै सबै यो प्रपञ्च
सदा शान्ति मिल्ने छुटी घन्चमन्च ।
म आफैं बने मात्र यो विश्व बन्छ
तिमी मुक्त नै हौ भनी शास्त्र भन्छ ।।१८।।

अनात्मा हटाएँ र आत्मा म पाएँ
म भित्रै बसेका त बैरी धपाएँ ।
म एक्लै बसेरै अहा ! शान्ति पाएँ
सबै शास्त्रको सार ऐले बताएँ ।।१९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदा सुख

मभन्दा ठुलो विश्वमा सत्य छैन
म ता चित्स्वरूपै अरू नित्य हैन ।
ममा नै छ आनन्दको मूर्त रूप
म बुझ्ने ममा ब्रह्मको नै स्वरूप ।।२०।।

म एक्लो, म नाङ्गो ममा द्वैत छैन
बुझे सृष्टि सत्ता हरे ! छैन-छैन ।
अवस्था तिनै नै भएको त हैन
भएको म मात्रै अरू देखिदैन ।।२१।।

मलाई त मैले नजानी भएन
नजानेर चिन्ता कहिल्यै गएन ।
म ता ब्रह्म जाने सदा शान्ति शान्ति
हटे भ्रान्ति सारा बढे कीर्ति, कान्ति ।।२२।।

म आएँ र हाँसे गएमा रुने रे
शरीरादिमा नै म-मेरो हुने रे ।
नबुझ्नेहरू नै कि हाँस्छन्, कि रुन्छन्
म बुझ्नेहरू ता सदा मस्तमा छन् ।।२३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

ल आजै त हेरौं बसी आर्यघाट
कि भस्मेश्वरैको चिताको ललाट ।
हरे जिन्दगानी यही नै त होला
त्यसैले भजौं है सदा राम, भोला ।।२४।।

रुवाएर मर्ने, मरेरै रुवाए
कसैले डुवाए र खाए-खुवाए ।
यिनी, शक्तिशाली भनेरै कराए
खरानी भएरै चिता पो हसाए ।।२५।।

गुणी भक्तले भक्तिधारा फिजाए
अहा ! मुक्तले ज्ञान अमृत् पिलाए ।
विरागी, विवेकी दिए वा दिलाए
गरे ज्ञान जो जो र बाँचे-बचाए ।।२६।।

सुधारे स्वयं जो थिए भाग्यशाली
यहीं कालको पाश जाने चुडाली ।
यहाँबाट केही लिई जानु छैन
यहीं मुक्त बन्ने अरू योनि हैन ।।२७।।

भएन रे ज्ञान भने त के भो ?
हरे हरे ! जीवन तुच्छ नै भो ।
रोएर बस्ने कि मरेर बाँच्ने
यो जिन्दगानी कतिलाई साँच्ने ?२८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन लाभ के भो ?

धिक्कार हो जीवन बोध नास्ति
अज्ञानको जीवन हुन्छ सास्ती ।
भेडा र बाख्रा सरि बाँच्नुभन्दा
मर्नु निको छोड समग्र धन्दा ।।२९।।

मान्छे मरेको घटना त हेर
के लान सक्छौ अब दृष्टि फेर ।
कृपा गरे ईश्वरले विशाल
ज्ञानी बनेरै अब देह पाल ।।३०।।

मरे हरे ! बाबु, बराजु पैले
मर्दै गरे दाजु र भाइ ऐले ।
तिम्रो समीपै विकराल काल
आजै, अहिल्यै सब पाप फाल ।।३१।।

सर्वत्र नै दुःख र दुःख नै छ
आफू बुझेमा त सदा सुखै छ ।
रोगी, बिरामी, शव हेर्न थाले
छुँदैन है भोग-कथा, व्यथाले ।।३२।।

औला र दौला धन हात मैला
खैला र बैला धनकै झमेला ।
भर्ने र पोख्ने कुन जिन्दगी हो
ज्ञानी बनेनौ भन लाभ के भो ?३३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्ति कमायौ बलले, धनैले
त्यस्तै गुमायौ मन बिग्रनाले ।
जान्ने र सुन्ने अभिमान नै हो
ज्ञानी बनेनौ भन लाभ के भो ?३४।।

पढ्यौ र लेख्यौ तर तृप्ति छैन
सम्पत्तिको प्राप्ति भए पुगिन्न ।
यो ता सबै नै भवभित्रकै हो
ज्ञानी बनेनौ भन लाभ के भो ?३५।।

वैराग्य भो रे घरबार छोड्यौ
जोगी भई आश्रम धेर जोड्यौ ।
छोड्ने र जोड्ने मनकै व्यथा हो
ज्ञानी भएनौ भन लाभ के भो ?३६।।

व्याख्यान राम्रो, धन धेर आयो
प्रख्यात भो रे अखडा जमायो ।
भोग्नै छ बाँकी अझ झन् कता हो
ज्ञानी भएनौ भन लाभ के भो ?३७।।

सामान्य भो ज्ञान सबै कुराको
भोगादिको वा विष-वासनाको ।
भन्थ्यौ मुखैले सब आत्म नै हो
आफू चिनेनौ भन लाभ के भो ?३८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफू निकै शुद्ध भनी भनायौ
पऱ्यो भने साँझ खुबै गनायौ ।
सम्पत्तिको धाक, रबाफ नै हो
आफू चिनेनौ भन लाभ के भो ?३९।।

स्वदेश छोड्यौ र विदेश जोड्यौ
उतातिरै नै मन, बुद्धि मोड्यौ ।
निकै भए प्राप्ति त तृप्ति नै गो
आफू चिनेनौ भन लाभ के भो ?४०।।

देहादि, गेहादि उता कमायौ
संस्कार आफ्नो त यता गुमायौ ।
लायौ र खायौ तर नासिने हो
आफू चिनेनौ भन लाभ के भो ?४१।।

राम्रो छ रे स्वास्थ्य, धनै कमायौ
पढे गुनेका र ठुला भनायौ ।
जे जे कमायौ सब नासिने हो ।
आफू चिनेनौ भन लाभ के भो ?४२।।

तेरो र मेरो कहिले छुटेन
श्रीकृष्णमा प्रेम हरे ! जुटेन ।
भोगादिमा बुद्धि सदा-सदा गो
आफू चिनेनौ भन लाभ के भो ?४३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

रोगादिले ग्रस्त गराउदा नि
तिम्रा सबै ती त कता गए नि ?
ठान्यौ हरे ! भोग त सत्य नै हो
आफू चिनेनौ भन लाभ के भो ?४४।।

भनन भनन बाबा ब्रह्म के हो ? कहाँ छ ?
गरन मनन बाबु आत्म नै हो, यहीं छ ।
शिवशरण परेमा आत्मको बोध हुन्छ
विबुध बुध बुझेमा मोक्ष साम्राज्य मिल्छ ।।४५।।

भुवन वन डुलेमा शान्ति ता दूर हुन्छ
विषय-विष फलोस् लौ बोटमा नै कुहुन्छ ।
गमन मन नहोस् है आत्ममा नै रमाऊ
अमन मन भएमा छैन है आउजाउ ।।४६।।

विरति रति दुवै नै चित्तका हुन् विकार
सुमति मति सबैले बन्नु है होसियार ।
शिखर खर समानै भावमा पुग्नुपर्छ
विभव भव उही हो बोधमा टिक्नुपर्छ ।।४७।।

अमन होस् मनमा शिव राज होस्
मरणशील शरीर त होस् नहोस् ।
विगतमा र अनागतमा ममा
फरक कत्ति नहोस् शिव-राममा ।।४८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब जे त होला

आत्मचिन्तन गरे सुख हुन्छ
भक्तिले, श्रवणले मन धुन्छ ।
ज्ञानले अमरतातिर लाने
भोग वा विषय ता विष जाने ॥४९॥

आत्म चिन्नु परने जग जान्यौ
ईश मान्नु परने भव मान्यौ ।
मानमा र धनमा सुख देख्यौ
विश्वको विषयको विष लेख्यौ ॥५०॥

छोड लौ विषयका सब काम
जोड यो मन अहा ! शिव-राम ।
भक्तिले सरस शान्ति दिने छ
ब्रह्मको सहज बोध हुने छ ॥५१॥

के गर्न आको भन के गरेको ?
नमर्न आको किन लौ मरेको ?
ज्यूँदै छदैमा सकिहाल काम
त्यो काम हो ज्ञान अरू अकाम ॥५२॥

वेकाममा जीवन खेर फाल्यौ
भोगी बनेरै कति पाप पाल्यौ ।
सर्वात्मभावेन शिवार्पणैमा
भलो छ-आत्मा नित चिन्तनैमा ॥५३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

प्रारब्धले जीवन चल्छ-चल्छ
सत्कर्मले सुन्दर फूल फुल्छ ।
ज्ञानी भए दीप धपक्क बल्छ
मुक्तात्म भन्ने पुरुषार्थ फुल्छ ।।५४।।

चलाउने विश्व यतै कतै छ
फरक्क फर्केपछि देखिइन्छ ।
संसार हेर्ने त उतै रमायो
जन्मादिको हन्डर खूब खायो ।।५५।।

थामेर राख्ने धरती त शेष
पाल्ने त विश्वंभर हुन् विशेष ।
जिम्मा लगाए यिनलाइ सारा
भेटिन्छ आजै भवको किनारा ।।५६।।

निदाउनाले र चिताउनाले
अतृप्ति भो है फल कामनाले ।
जागा भएरै नचिताउनोस् ता
प्रशान्ति, आनन्द, सुबोध नेता ।।५७।।

इच्छा र आसक्ति सबै छुटेमा
श्रीकृष्णमा नै मन यो जुटेमा ।
शुद्धात्म बन्ने छ र बोध जाग्छ
अनात्मको वास समूल भाग्छ ।।५८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चोला छुटे यो कुन काम, ठाम ?
अन्योलमा छन् जनता तमाम ।
मऱ्यो भने वास, कपास, गाँस
जुटाउने को ? कसरी ? सुवास ?५९।।

मरे, गएका अब के त गर्लान्
जन्मेर बाँच्ने सब नै त मर्लान् ।
यो सृष्टिको चाल विचित्रको छ
ज्ञानै गरे काम त मूल्यको छ ।।६०।।

म-मेरो भन्दैमा कति जुनि बिते होस गर है
सबै नासिन्छन् है शरण पर वा आत्म भर है ।
यही बाटो राम्रो बुधजन गएरै हित गरे
अधर्मी, पापी ता विषय विष खाए र त मरे ।।६१।।

ज्ञानी भए मर्न डराउदैन
सर्वत्र ब्रह्मात्म हराउदैन ।
अज्ञान भन्ने अब के त होला ?
ज्ञानी भएमा अब जे त होला ।।६२।।

सबको भलाइ

कमाए धेरै रे अकुत धन रे भोग गर रे
गरे धेरै जम्मा उपकरण वैज्ञानिक छ रे ।
नभोग्दैमा लागे विविध रुपका रोग कति रे
भए रे चाँडै नै अतिथि यमका जीवन हरे ।।६३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखी भएर बाँचने ता, स्वभाव विपरीत हुन्
अन्यथा ने समात्नेमा, मूर्ख, पामर, धूर्त हुन् ।
सुषुप्ति, स्वप्नमा बाँच्ने, संसारी भोगमा डुबे
नित्य जाग्रतमा बस्ने, संसारबाट उत्रिए ।।६४।।

कहाली लाग्दा ती विगत दिनका पाप समभी
हुने हो कल्याणै सुपथतिर लागे र त बुझी ।
अहिल्यै वा आजै मुटुगति रुकेमा कुन गति
परौं बेलामा नै शिवशरणमा हुन्छ सुगति ।।६५।।

म खाऊँ, लाऊँमा शिव शिव हरे ! उच्च कहियो
कमाएँ, मारें रे धन र बलले बुद्धि कुहियो ।
म ता व्यापारी रे धन त जसरी आर्जन गरे
म ता नेताजी रे छल र फल खेती फसल रे ।।६६।।

कठै ज्वायौ, मार्यौ सरल जनता शोषण गरी
अवश्यै भोग्ने छौ यम-नियमको न्याय नगरी ।
यहाँ ढाँट्छौ, छल्छौ यम-सहरमा डोन नहुने
कराहीमा हाल्दा भकमक गरी को छ बचने ।।६७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब नाङ्गिनु पर्छ आज नै
शिवले शिवमा विराज भै।
जति सङ्ग्रहले त दुःख छ
उति छोड्न सके त शान्ति छ ।।६८।।

बिते आमा बाबा, बुधजन बिते योग-तपसी
बिते राजा-रानी सुर-नर बिते बोध नपसी ।
करोडौंको सङ्ख्या नर-पशु बिते दैनिक यता
असङ्ख्यै जाँदैछन् तरुण वयकै मानिस उता ।।६९।।

मरे बूढा-बूढी नरम-गरमी नायक मरे
हिजो आजै ऐले कवि, कपि, कथा-सर्जक मरे ।
मरे संन्यासी रे, घरजम गरे घातक मरे
यही चाला हेर्दै अगणित कठै ! पातक मरे ।।७०।।

मरे सेता नेता जन मन जितेका सब मरे
मरे काला केटा कुन कति कहाँ, के खबर रे ।
हरे हेर्दा हेर्दै गति पति यही हो नि सबको
कसोरी के लाने ? मरणपछि के हुन्छ ? कति ? को ?७१।।

विचारौं आजै नै समय अब ता अन्तिम भयो
गरौंला भन्दैमा सब बितिगयो सास सकियो ।
त्यसैले बेलामैं शिवशरणमा निर्भर गरौं
नमर्ने आत्मा हुं श्रवण गरदै ज्ञान त भरौं ।।७२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

संसार ता नाटक पो रहेछ
छोक्रो र बोक्रो भन भित्र के छ ?
साक्षी बनी हेर रमाइलो छ
फस्यौ भने ता बरबाद नै छ ।।७३।।

गुदी त आत्मा शिव वा शिवा हो
खोजौं स्वयंभित्र त भेटिने भो ।
मभित्र नै अमृतको घडा छ
कडा बडा काल यतै खडा छ ।।७४।।

भोग्नै नपाई उसले लगेमा
फर्केर आऊ अझ अल्मलैमा ।
आऊ र जाऊ कति नै त गर्ने ?
ब्रह्मात्मको बोध भए नपर्ने ।।७५।।

विवेक, वैराग्य त साधनै हो
भेटिन्छ है साध्य त बोध नै हो ।
ब्रह्मात्मको बोध भयो भने ता
जन्मादिको चक्र भयो विपत्ता ।।७६।।

बुद्धि अहो ! तीक्ष्ण भयो भने ता
बोधादिले मुक्त हुने म नेता
अखण्ड आनन्द हुने मलाई
कल्याण मेरो सबको भलाइ ।।७७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कतै गए

ध्यानावस्थित छन् वसिष्ठ गुरु ता ब्रह्मात्मको चिन्तन
सारा यज्ञ हुने अनेक विधिले यो भूमि हो पावन ।
ब्रह्माजी पनि आउने ऋषिसभा शास्त्रार्थ हुन्थ्यो यतै
ज्ञानीको शिव-भक्तको विरतको व्याख्यान हुन्थ्यो कतै ।।७८।।

मान्छे भएरै यतिसम्म आयौं
विचार गर्दै कति के कमायौं ?
सम्पत्तिमा शान्ति कदापि छैन
विपत्ति आयो भन हो कि हैन ?७९।।

धनी भयौ रे अझ धेर चिन्ता
अध्यात्म सम्पत्ति भए अचिन्ता ।
भोगादि- रोगादि त साथमा छ
तनाउ चिन्ताग्नि त माथमा छ ।।८०।।

हेऱ्यो भने बाहिर ता छ आगो
गाँठो परेको विषयादि धागो ।
अशान्ति राँको कहिले ननिभ्ने
निभ्यो भने फेरि तुरुन्त बल्ने ।।८१।।

स्वभाव यस्तै भवको रहे छ
आसक्तिले शान्ति सबै हरे छ ।
फरक्क फर्की शिव, राम पाउ
डुङ्गा बनाऊ उस पार जाऊ ।।८२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्द आफ्नै मनभित्र खोज
धनी हुने मार्ग त लौ नरोज
सम्पत्ति खोज्दा त विपत्ति आयो
ठूलो बनायो घर खोर पायो ।।८३।।

पापी पर्दछ घोर रौरव ठुलो त्यो नर्कका गर्तमा
डर्लाग्दा यमदूतले मुसलले ठोक्तै लगे नर्कमा ।
अन्यायीहरूको यही गति हुने खाए भने घूस ता
पुर्पछे हुन जान्छ है नरकमा सत्कर्म होस् आज ता ।।८४।।

हत्याले, घुसले कमाइ गरिने नेताहरू छन् यता
विष्टाका बनने किरा नरकका पापिष्ट भोग्छन् उता ।
डुङ्डुङ् डुङ्ङ गनाउने रगतका पीपादिका कुण्डमा
हाल्नेछन् यमदूतले नरकमा थुक्ने छिछीः मुण्डमा ।।८५।।

यत्रो यो धरती अगाध जलमा यो टापु झैं देखिने
तारा मण्डलको विशाल नभमा पुष्पादि झैं शोभिने ।
मान्छे छन् अरबौं र जीव खरबौं वृक्षादि, पक्ष्यादि रे
ब्रह्माण्डै त अनन्त रे गजब यो कर्ता लुकी बस्छ रे ।।८६।।

यो हो रे गुरुदेव गर्ग मुनिको यो साधना आश्रम
नाना रङ्ग विरङ्ग पुष्प लतिका सौन्दर्यको सङ्गम ।
बग्छन् शान्त नदी यहीं नजिकमा पक्षीहरू गाँउछन्
हात्ती, सिंह र शावकादि पशु ता बस्छन् सँगै खेल्दछन् ।।८७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीहरूकै महान तपले यो देश रक्षा भयो
पुर्खाका मतिले र वीर गतिले सातो सबैको गयो ।
आफ्नै पौरुषले र वीर्य बलले स्वातन्त्र्य अक्षुण्य भो
आत्माका बलले र ईश भरले सर्वस्व नेपाल हो ।।८८।।

खैरे, थेप्चे, भगाई सुरपुरतिरको पाहुना नै बनाई
नेपाली वीर योद्धा त्रिभुवन भरमा नाम राम्रो कमाई ।
हाम्रा पुर्खा र हामी हिम शिखर चढी विश्वमा छौं प्रसिद्ध
आफ्नै स्वाधीनमा छौं अमर, मुनि हुने देशका बुद्ध सिद्ध ।।८९।।

आफ्नै वर्चस्व राख्यौं युगयुग रहने धर्मले, ज्ञानले होस्
मुक्तात्मा जीवितात्मा जप, तप धनले भन्दछौं शान्ति नै होस् ।
हाम्रो राष्ट्रीय झण्डा फरफर गरने सूर्यचन्द्राङ्कितै हो
जानेनौं झुक्न कैले अजर, अमर भै बाँच्नु पो जिन्दगी हो ।।९०।।

हाम्रा पुर्खा धनी थे यम-नियम कडा धर्ममा मर्न सक्थे
ज्ञानी, ध्यानी निरोगी मन, वचन सफा गर्दथे जे त बोल्थे ।
आफ्नो सर्वस्व मान्थे मुलुक र जनता हिन्दु यो राष्ट्र भन्थे
हामी हिंड्दा धरित्री थरथर गरने गोरखाली भनिन्थे ।।९१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाडे जिउँदै, कतिलाइ बाले ।
आफ्ना विरोधीहरू मार्न थाले ।
नेपाल आमा अति नै रुदैछिन्
बचाउनोस् लौ सबलाई भन्छिन् ।।९२।।

हत्या, बलात्कार र घूस मान्य
सामान्य भो नैतिकता अमान्य ।
यो काल आयो कसलाइ खाला
नेपाल जम्मै कि त खण्ड लाला ।।९३।।

नेता हरे मार्न तयार नै छन्
लुटेर आफ्नै ढुकुटी त भर्छन् ।
दुर्भाग्य भो देश र देशवासी
नेताहरू छन् सब सत्यनाशी ।।९४।।

बर्बादै भो पशुपति महादेव लौ नेत्र खोल्नोस्
नेपालीको हित सहितको वेदको वाक्य बोल्नोस् ।
सोसे, खाए सरल जनता लौन आधार छैन
रक्षा गर्नोस् जन र धनको जे गरे हुन्छ चैन ।।९५।।

पति, भाइ, पिता त मारिए
बिधवा, टुहुरा बनाइए ।
घरबाट कतै लखेटिए
शिव शान्ति हरे ! कतै गए ।।९६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार र बोध

शिष्य–

नाना वाद र संवाद, विश्वमा अतिवाद छन् ।
विवाद र विसंवाद, प्रतिवाद, सुवाद छन् ।।९७।।

अनेक वाद विश्वास राजनीति र अर्थमा ।
कला, साहित्य, संगीत, श्रद्धा, प्रेम र धर्ममा ।।९८।।

कविता, काव्य, संस्कार, अध्यात्म, वेद–शास्त्रमा ।
नाना वाद चलेका छन्, आत्मदर्शन, योगमा ।।९९।।

सद्गुरु–

अद्वैतवाद सर्वोच्च, वेद वेदान्त बोधमा ।
एकात्मज्ञानले आजै, लान्छ है मोक्ष धाममा ।।१००।।

जीवात्मा परमात्माको, ऐक्यज्ञान भयो भने ।
जीव नै शिव तत्काल, मोक्ष भो शास्त्रले भने ।।१०१।।

अनुभव ठुलो शास्त्र, प्रमाण गुरु, ईश्वर ।
थियो मुक्त भयो मुक्त, ज्ञानद्वारा परात्पर ।।१०२।।

सुषुप्तिमा कुनै वाद, छैन सारा विषाद गो ।
समाधिमा गयो द्वैत, अद्वैत बुद्ध मुक्त भो ।।१०३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधिव्याधि सबै नष्ट, जन्म-मृत्यु-जरा गयो ।
ज्ञान-विज्ञानले जीव, शिव भो शिव नै थियो ।।१०४।।

धनादि ता नाश हुने हुनाले
के बुद्धिमानी धन निम्ति मर्नु ?
प्रारब्धमा जे छ अवश्य मिल्छ
कि भक्ति वा ज्ञान गरेर तर्नु ।।१०५।।

कि बाँच्न जानौं कि त मर्न जानौं
दुवै नजाने पनि भक्ति छानौं ।
अवश्य नै पार त पुग्नुपर्छ
मनुष्य चोला अझ बुझ्नुपर्छ ।।१०६।।

भोगादिकै लागि शरीर हैन
वृद्धादि, रोगादि सताउने छ ।
शमादि, वैराग्य, विवेकद्वारा
योगादिले तत्त्व समाउने छ ।।१०७।।

अभ्यास, वैराग्य भयो भने ता
अवश्य नै चित्त त शान्त हुन्छ ।
अशान्त यो बुद्धि त योगमा नै
स्वरूप आत्मा अपरोक्ष हुन्छ ।।१०८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वहालत हेर्नोस् त, हाहाकार जताततै ।
मारामार, बलात्कार, लुटपाट यताउतै ।।१०९।।

पऱ्यो संकट विश्वास, ससङ्कित सबै जना ।
लोग्नेमा छैन विश्वास, लोग्नेको छैन पत्नीमा ।।११०।।

छोराले बाबुका नाम, मुद्दा लड्ने अदालत ।
पैसाकै लागि जे गर्छन्, वकिलले वकालत ।।१११।।

न्याय पाइन्छ पैसाले, पैसा जे पनि गर्दछ ।
लुकेको शक्ति पैसामा, पैसाकै लागि मर्दछ ।।११२।।

साह्रै पवित्र भो पैसा, महात्मादेखि मन्दिर ।
ढोका खुला छ सर्वत्र, गर्छन् स्वागत, आदर ।।११३।।

पैसाकै लागि मान्छेले, मान्छे मार्दछ निर्मम ।
अत्याचार र अन्याय, सबैतिर अहं-मम ।।११४।।

पैसा कमाउनै हाम्रा, म्लेच्छका नोकरै भए ।
आफ्नो संस्कृति वा धर्म, पैसाकै लागि बेचिए ।।११५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो सृष्टि कैले कहाँ टुङ्गिने हो
यहाँको व्यथाको कथा के हुने हो ।
कसैलाई अत्तो न पत्तो भएन
म, मेरो महारोग कैले गएन ।।११६।।

अनेकौं भए सृष्टि -संहार पैले
अनेकौं थरी क्रान्ति रे आज, ऐले ।
हिजो हेर आजै कतै शान्ति छैन
पसौं भित्रभित्रै नखोजी भएन ।।११७।।

हरे ! खोज चल्दैछ रे बाहिरैको
कठै ! दुःखले विश्व नै घेरिएको ।
स्वयं शान्ति वा तृप्तिको हो मुहान
स्वयंको स्वयंले गरौं नित्य गान ।।११८।।

सबैलाई छोडे म ता भेटिने छु
अरू लेखिएमा म ता मेटिने छु ।
कि रामै जपौं वा कि ता ब्रह्मबोध
अहा ! लक्ष्य एकै स्वयंको प्रबोध ।।११९।।

लीला ईश्वरको यस्तै, संयोग भो, वियोग भो ।
आएको हो जहाँबाट, उसमा नै विलीन भो ।।१२०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्मा उहाँलाई, सदा शान्ति कृपा गरून् ।
शोक सन्तप्तमा धैर्य, शक्ति-शीत कतै छरून् !!१२१।।

दशगात्रादी सत्कर्म, गर्नुपर्छ गरी दिनु ।
पुण्यले प्राप्त यो पात्र, पुण्यले नै भरी दिनु ।।१२२।।

उदाओस् भक्ति, वैराग्य, भोगमा राग नष्ट होस् ।
मेरो पनि यही बाटो, पालो आए छ बोध होस् ।।१२३।।

बेला छँदै गरौं त्याग, ध्यान, सेवा र भक्तिले
फेरि जन्मनु पर्दैन, अद्वैत ब्रह्मबोधले ।।१२४।।

कहाँ जाने ? र के लाने ? आजै निर्णय गर्नुहोस् ।
कर्म, भक्ति गरी ज्ञान, भव सागर तर्नुहोस् ।।१२५।।

संसारमा बसी हेर्नोस्, नफस्नोस् विष तुल्य छ ।
आत्मानन्द मिठो सत्य, आफूभित्रै छ, पूर्ण छ ।।१२६।।

ध्यानले ज्ञानमा लान्छ, अभेद दृष्टि भो भने ।
सृष्टि देखिन्छ मिथ्या हो, ज्ञानीले उहिले भने ।।१२७।।

साक्षी भएर भोग्नु है, नफस्नु व्यवहारमा ।
चिन्ता वा शान्तिको दृश्य, देखिन्छ अनुहारमा ।।१२८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म भेटिन्छु आजै

शिष्य–

आफैंले हिँड्नु नै पर्छ, मार्ग देखाउने गुरु ।
वेद-वेदान्तको बाटो, हिड्नुँपर्छ खुरु खुरु ।।१२९।।

उक्लँदै जानुहोस् भोलि, अवश्यै चुचुरो छुने ।
वासना, मन होस् नष्ट, आज नै ज्ञानवान् हुने।।१३०।।

भक्तिले मुक्तिमा लान्छ, निर्गुण र अनन्य होस् ।
मुमुक्षा तीव्र वैराग्य, एषणा र अहं नहोस् ।।१३१।।

पुत्र-दारादिले छेक्छन्, वैराग्यले हटाउनोस् ।
वासना आउलान् नाना, बोधद्वारा कटाउनोस् ।।१३२।।

विषयादि मिठो लाग्लान्, विषजस्तै बनाउनोस् ।
जन्जाल जन्म वा मृत्यु, ज्ञानाग्निले डढाउनोस् ।।१३३।।

धरतीभर नै प्रपञ्च छ, अब मोक्षतिरै त लाग्नु छ ।
कति जन्म बिते अझै कति, निज बोध गए ठुलो क्षति ।।१३४।।

शिवमा, रविमा, उमा, रमा, मन मोहनमा रमाउने ।
यदि भो अब ता हुने भलो, प्रभु ज्ञान दिई जगाउने ।।१३५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तल माथि गरी घरी घरी, कति मोह गरी घुमी फिरी ।
रति लाभ नभै जनं गयो, मन बोध भए भलो भयो ।।१३६।।

गुरुको उपदेश दुर्लभ, अब प्राप्त भयो प्रसादले ।
यसलाई सुनी, गुनी, बुझी, अब ब्रह्म बनौंन बोधले ।।१३७।।

म ता भित्र पस्ने र बस्ने सुखी भै
कहिल्यै नफस्ने यता वा उता गै ।
म बस्ने यथास्थानमा दीर्घकाल
यसैमा छ आनन्द, श्रद्धा, विशाल ।।१३८।।

म आएँ जसोरी त्यसोरी नजाने ।
म ता धर्म वा ज्ञान बोकेर जाने ।।
म ता ब्रह्मको बोध गर्ने र जाने
न ता फर्कने हुँ न ता पिण्ड खाने ।।१३९।।

नखोजेर मिल्ने म आत्मा, म-हात्मा
मभित्रै भएको म नै ईश्वरात्मा ।
विवेकै, विरागै ठुला साधनाले
म भेटिन्छु आजै यहीं सत् हुनाले ।।१४०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जन्म वा मृत्यु टर्छ

सद्गुरु–

म आको नखाको मजाको म भाको
मलाई म बुझ्ने अरू ता कता को ?
म ता स्थूल वा सूक्ष्म देहादि हैन
म नै मुक्त आत्मा जडादि त छैन ।।१४१।।

तिमी आफू बने पुग्छ, आत्माकै गीत गाउनु ।
सर्वोत्कृष्ट त आफू हो, आत्मामैं प्रीत लाउनु ।।१४२।।

बनाए पनि बन्दैन, देह–गेहादि नश्वर ।
बनाएँ भन्नु ता मिथ्या, ढोंग मात्र त हैन र ?१४३।।

बनाउन सबै खोज्थे, नबन्दैमा गए, मरे ।
इतिहास यही भन्छ, ज्ञान गर्ने सबै तरे ।।१४४।।

संसारी भोगका भाँडा, न तर्छन्, न त तार्दछन् ।
आफ्नै स्वार्थ पुरा गर्न, मान्छेसम्म त मार्दछन् ।।१४५।।

मारेको पनि राम्रो रे, कस्तो दर्शन आजको ।
प्राणीहिंसा गरेकै छन्, आजको रूप विश्वको ।।१४६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

धर्मका नाममा मार्नु, हिंसा-प्रगति भन्दछन् ।
जीवले जीवको हत्या, न्याय वा नीति गन्दछन् ।।१४७।।

बलीले जे गरे हुन्छ, विशेष अधिकार छ ।
निर्धा, गरिब नै मर्छन्, यस्तै नै व्यवहार छ ।।१४८।।

'मत्स्यन्याय' यही हो रे, अन्याय गर्नु हुन्छ रे ।
विश्वकै न्याय यस्तै छ, समान शब्द मात्र रे ।।१४९।।

म राम्रो बनेमा उ राम्रो भएमा
मलाई त मैले नजान्ने गएमा ।
म मात्रै रहेको मिठो जिन्दगानी
नखाने चरो हुं म मेरै सिरानी ।।१५०।।

रहेमा, गएमा म ता देह हैन
ममा भोगको वासना शेष छैन ।
डढाएँ अविद्या कतै लेश छैन
नगर्ने म आत्मा म ता मर्त्य हैन ।।१५१।।

विरागी, विवेकी म मुक्ताभिमानी
म ता मुक्त आत्मा महाभाग्यमानी
म बाँचे सदा नै म नीति, म कीर्ति
मलाई म बुझ्ने म नै हुं विभूति ।।१५२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म भित्रै म खोजे म नै भेटिइन्छु
मलाई नजाने म नै मेटिइन्छु
यही वेद भन्ने यही नै त युक्ति
म बाहेक अर्को कतै छैन मुक्ति ।।१५३।।

म मेरो मनको साक्षी, म द्रष्टा दृश्य विश्वको ।
म गर्छु सृष्टि साम्राज्य, म स्रष्टा सब भूतको ।।१५४।।

मभित्र दुइटा मेरा, चरा खाने डराउने ।
अर्को हेर्ने रमाएर, नमर्ने नडराउने ।।१५५।।

कर्ता, भोक्ता भयो जीव, सुखी, दुःखी र हो क्षर ।
अकर्ता र अभोक्ता ता, भनिन्छ ईश, अक्षर ।।१५६।।

क्षर, अक्षर ता हैन, म ता हुँ पुरुषोत्तम ।
क्षेत्र, क्षेत्रज्ञको ज्ञाता, सर्वोच्च र अनुत्तम ।।१५७।।

प्रकृति अपरा विश्व, परा हो परमेश्वर ।
म ता नित्य गुणातीत, शुद्ध ब्रह्म परात्पर ।।१५८।।

सविकल्प ममा छैन, शब्द, दृश्यादि हैन म ।
निर्विकल्प विकल्पै ता, छोडेमा भेटिइन्छु म ।।१५९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा हो माकुरा जालो, थाङ्नो, टालो र खोल हो ।
समातेमा चुरो मुक्त, आफू ता अनमोल हो ।।१६०।।

छोडी विषय तत्कालै, मन जोडे परात्ममा ।
आजै मुक्त तिमी हुन्छौ, पुग्ने छौ आत्म-ब्रह्ममा ।।१६१।।

यौटा भोग्यो अगणित अरू भोग भोग्नै छ बाँकी
भोग्दाभोग्दै विषयविषले वाण हान्ने छ ताकी ।
त्यो बेलामा परिजन सबै छोडिदिन्छन् र एक्लै
के गर्ने हो समय नबिती गर्नुपर्ने विवेकै ।।१६२।।

बेला भेट्केपछि त पछुतो हातमा लाग्छ शून्य
शुद्धात्माको विमल मनको वातले हुन्छ धन्य ।
हामी हौं है श्रुति, नियतिमा पूर्ण विश्वास गर्ने
आत्मा चिन्नाकन तप गरी वेद-वेदान्त भर्ने ।।१६३।।

चौरासीमा फनफन घुमी कण्टकाकीर्ण बाटो
पारै गर्ने अवसर यही ज्ञान-विज्ञान पाटो ।
अर्को यस्तै अनुपम जुनी सृष्टिमा पाइदैन
ब्रह्मात्माको अनुभव गरे विश्वमा आइदैन ।।१६४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीता माता नियमित पढौं कृष्णमा भक्ति गर्दै
सुम्पी सारा गुरुचरणमा बोधको ज्योति छर्दै ।
लाग्दै जाऔं सुगमपथ यो लक्ष्यमा पुग्नुपर्छ
ज्ञानात्मा हौं पुरुषतपले जन्म वा मृत्यु टर्छ ।।१६५।।

शिवको शिवमा छ अर्पण
जुन बोध भयो समर्पण ।
अधिकार कसो गरे हुने
बुझ्ने सब पाप नै धुने ।।१६६।।

सम्पत्ति हाम्रो कुन हो कहाँ छ ?
त्यो नासिने वा न त नासिने छ ।
कमाउने हो कसरी म पाउँ
पाएर के लाभ ? कता म धाउँ ? ।।१६७।।

साधना पूर्ण भो आज, ज्ञानको अधिकार भो ।
गुरुबाट हुने ज्ञान, जन्म-मृत्यु त दूर गो ।।१६८।।

शिवमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठ सर्ग

मखमली खण्ड

(षट् सम्पत्ति)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठ सर्ग

मखमली खण्ड

(षट् सम्पत्ति)

शिष्य-

जिज्ञासा मनमा अनेक उठने पाएर सान्निध्य यो
होस् आज्ञा गुरुदेव शुद्ध मनको सम्पत्ति के के त हो ?
के गर्दा अधिकार प्राप्त त हुने ब्रह्मात्मका बोधमा
भन्नुहोस् गुरुदेव सुन्दछु म ता संस्थापना चित्तमा ।।१।।

सद्गुरु-

बढेको जिज्ञासा सरल मनमा देख्तछु म ता
तिमी ज्ञानी हुन्छौ कठिन तपले, छोड ममता ।
कमाऊ आजै नै शम, दम, तितिक्षा, उपरति
अहा ! श्रद्धाले नै उपरत, समाधान विनती ।।२।।

शम हो मन स्वाधीन, दम इन्द्रिय निग्रह ।
छ सम्पत्ति भए ज्ञान, हुन्छ ईश अनुग्रह ।।३।।

शुभकर्म चिताएमा, पूर्ण गर्ने महेश्वर
अधिकारी तिमी बन्छौ, ज्ञानवर्षा निरन्तर ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिचरा बबुरा

शमदमादिले लाने, क्रमैले ब्रह्मबोधमा ।
क्रमैले खुट्किला टेक्दै, जाऊ पुग्छौ स्वलक्ष्यमा ।।५।।

संसारतिर फर्केमा, दुःख, चिन्ता जताततै ।
आफूभित्र पसे शान्ति, आनन्द छ यताउतै ।।६।।

बाठो छु यदि भन्छौ ता, भित्रैभित्र तिमी पस ।
साक्षात्कार हुने ब्रह्म, ब्रह्मानन्दी भई बस ।।७।।

बाँच्नुको यत्ति हो सार, संसार त असारको ।
परिवार न ता तिम्रो, न तिमी परिवारको ।।८।।

आत्मचिन्तनतिरै मन मोडौं
जीव शोधित गरी शिव जोडौं ।
जीवतत्त्व शिवतत्त्व त एक
ब्रह्ममा विषम छैन अनेक ।।९।।

ब्रह्मबोध नभई सुख छैन
जन्मने र मरने म त हैन ।
आउ जाउ अब ता कति गर्ने
शास्त्रचिन्तन गरी मन भर्ने ।।१०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यान, दान गरदा मन शान्त
द्वेष, राग यदि भो मन भ्रान्त ।
आत्मबोध गरनु शिव कर्म
विश्वबीच भुलनु त अधर्म ।।११।।

ईशमा मन दिई गर भक्ति
ब्रह्मबोध जब भो अनि मुक्ति ।
विश्वका विषयबाट विरक्ति
प्रार्थना नित गरौं शिव-शक्ति ।।१२।।

त्यागमा मन दिई धन भोगौं
ईशकै विमल शासन रोजौं ।
वेदको नियम पालन युक्त
ब्रह्मबोध सहजै शिव मुक्त ।।१३।।

आज ता घर ढलान भो भनी
मक्ख पर्दछ बुढो तला गनी ।
भोलि देह त गलान भो अरे
यो क्रमैसित चलान हुन्छ रे ।।१४।।

यो मित्र वा पुत्र, कलत्र आदि
विचित्रको चित्र मभित्र नै छ ।
फरक्क फर्केर निजी स्वरूप
ब्रह्माण्डको सूत्र म मात्र नै छ ।।१५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

पुरुषार्थ

नगर वा वनमा, घरमा बसी
विषयमा नफसी बन वर्चसी ।
विगतका र अनागतका कुरा
नगर ए ! विचरा, बबुरा, भुरा ।।१६।।

भोगीवार्ता नगरन हरे ! विश्वमा विष छर्ने
शास्त्रै बोलोस् अब त मनमा ब्रह्म नै राज गर्ने ।
आजै खोजौं गुरुवर अहा ! चित्तमा ज्ञान भर्ने
सत्सङ्गै हो भव-जलधिमा आज नै पार तर्ने ।।१७।।

कामी, क्रोधी नबनन हरे ! वृत्ति आफ्नो बिगारी
शास्त्राभ्यासी बन बस सदा ध्यानले चित्त खारी ।
शुद्धात्माको सरल मनमा ब्रह्मको ज्योति बल्छ
आफू को हो झलमल भई शान्तिको द्वार खुल्छ ।।१८।।

धेरै घुम्दै नगर र महासागरै पार देश
पाए घुम्ने रहर नगरी शान्त भै बस्नु बेस ।
चौरासीमा अब कति घुमी जीवनी व्यर्थ पार्नु
आफूभित्रै परमसुख ली आत्मउद्धार गर्नु ।।१९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोजी भो रे वन, जल, धरा खोज आफ्नो भएन
जान्यौ धेरै तर पनि हरे आत्मको ज्ञान छैन ।
यस्तै शिक्षा वरपर भए देश भो रे विकास
आफू चिन्ने, परमगतिमा पुग्नको होस् प्रयास ।।२०।।

शिव हा मन यो कता गयो !
भव भोग्नैतिर मात्र मोडियो ।
मनले मनलाई जे गरी
तप रोजी शिव पाउमा परी ।।२१।।

जननी र धरा महान हुन्
यिनको आशिष नित्य बर्सियोस् ।
शुभ कर्म गरी प्रसन्न हुन्
अब ता ज्ञान सुदीप चम्कियोस् ।।२२।।

कति नै दिन हो कहाँ पुगी
भव भोग्नैतिर चित्त यो गयो ।
अब शान्त भएर बस्नुमा
चिरकल्याण हुने कुरो छ यो ।।२३।।

विषयादि हरे ! कुनै पनि
सुख दिन्नन् कहिले कतै पनि ।
तर मोहित मूर्ख नै हुने
गर बोधै शिव टाकुरा छुने ।।२४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टि-सृष्टि भयो वाद, वेदान्त भित्र दर्शन ।
तिम्रै दृष्टि भए सृष्टि, नत्र के को प्रदर्शन ?२५।।

दृष्टिमा सृष्टि सिर्जन्छ, जस्तो दृष्टि भयो त्यसै ।
पारमार्थिक यो हैन, भावना सिद्ध भो उसै ।।२६।।

व्यक्तिपिच्छे छ यो सृष्टि, वासना गुण, भावना
जस्तो सङ्कल्प भो त्यस्तै, हुने हो विश्व सिर्जना ।।२७।।

स्वप्न जस्तै छ यो सृष्टि, गन्दर्भनगरै सरि ।
जस्तो छ वासना त्यस्तै, भासमान घरी घरी ।।२८।।

सृष्टि गर्दछ मायाले, मायावी जगदीश्वर
पस्नोस्, बस्नोस्, नफस्नोस् है, हेर्नोस् सुन्दर, नश्वर ।।२९।।

उसैको हो सबै सृष्टि, उसैलाई चढाउनोंस् ।
आफू सरक्क पन्छेर, आत्मदृष्टि बढाउनोस् ।।३०।।

जसले यो रचेको हो, उसैले गर्छ पालना ।
लय गर्छ उसैले नै, उसैको गर प्रार्थना ।।३१।।

विश्वम्भर उनै नै हुन्, सृष्टि, संहार, पालक ।
सर्वेश्वर, स्वयंज्योति, जीव कारक, तारक ।।३२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नैतिक शिक्षा

सद्गुरु–

कर्मले चित्त भो शुद्ध, भक्तिले ता विशुद्ध भो ।
ज्ञानले चित्त चैतन्य, शास्त्रको सार यत्ति हो ।।३३।।

अनुभव हुनैपर्छ, आत्माको परमात्मको ।
अपरोक्ष भए अर्थ, भयो जीवन जीवको ।।३४।।

अवश्य गर्नु नै पर्छ, चित्तलाई समाहित ।
चित्त शान्त भए बोध, बोधले मोक्ष साधित ।।३५।।

धर्मले मोक्षमा लाने, फोसामा अर्थ, काम ता ।
पुरुषार्थ त मोक्षै हो, यसैको छ विशेषता ।।३६।।

सुधार गर आचार, विचार गर वैदिक ।
अध्यात्ममार्गका यात्री, पहिले बन नैतिक ।।३७।।

परोपकारबाटै नै, यात्रा यो थाल्नु पर्दछ ।
निष्काम कर्म गर्नाले, संसारी दुःख टर्दछ ।।३८।।

सात्विक, शुद्ध आहार, शाकाहारी तिमी बन ।
आध्यात्मिक बनोस् सोच, तपस्या नै बनोस् धन ।।३९।।

सबै प्राणी समानै हुन्, हत्या, हिंसा नगर्नुमा ।
सदा कल्याण नै हुन्छ, ईश दर्शन गर्नुमा ।।४०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाध्याय गर सत्सङ्ग, पढ गीतादि शास्त्र ता ।
मनको धमिलो जान्छ, पूज देवी र देवता ।।४१।।

सुत ईश्वर सम्झेर, उठ ब्राह्म मुहूर्तमा ।
ध्यानमा बस तत्काले, पुग्ने छौ है समाधिमा ।।४२।।

पूजा, पाठ र तीर्थादि, चित्तमा शुद्धता दिने ।
क्रमैले मनको गाँठो, ब्रह्म चिन्तनले फुने ।।४३।।

पिता-माता सबैलाई, बिहानै गर दर्शन ।
गुरु साक्षात् परब्रह्म, मानेमा चित्त शोधन ।।४४।।

व्यवहार सदा सत्य, विचार पनि सत्य होस् ।
ब्रह्म भेटिन्छ आफैंमा, सच्चिदानन्द प्राप्त होस् ।।४५।।

प्रारब्ध प्राप्त जे भोग्दै, परे शरण ईशमा ।
शान्ति, आनन्द पाइन्छ, यो लोक, परलोकमा ।।४६।।

सुख-दुःख यथा प्राप्त, भोग्नुहोस् प्रेमपूर्वक ।
ब्रह्म चिन्तन होस् नित्य, ज्ञानले जन्म सार्थक ।।४७।।

घटना घट्दछन् नाना, द्रष्टा भैकन हेर्नुहोस् ।
घटनाको कुनै पात्र, नबन्नुहोस्, नफस्नुहोस् ।।४८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टि, स्थिति र संहार, लीला वा कल्पना न हो ।
साक्षी भएर हेरेमा, आफू ब्रह्म स्वरूप हो ।।४९।।

जन्मेको देह यो मर्छ, प्रारब्ध सकिएपछि ।
आफ्नो ता जन्म नै छैन, नलाग्नोस् मृत्युका पछि ।।५०।।

शरीरदेखि छुट्टेर, बस्ने अभ्यास भो भने ।
देह सम्बन्धले छुन्न, आत्माको बोध भो भने ।।५१।।

मिल्यो अहा ! साधन ता चतुष्ट
वेदज्ञ खोज्नू गुरु ब्रह्मनिष्ठ !
'त्यो नै तिमी हौ' गुरुदेव भन्छन्
सुन्ने र गुन्ने शिव मुक्त हुन्छन् ।।५२।।

अनात्म सारा विषयादि छोड
जीवात्मभित्रै शिवलाइ जोड ।
मुक्तात्म यो जीव त मुक्त नै भो
वेदादिको सार त यत्ति नै हो ।।५३।।

संसार हो स्वप्न समान, भान
आफू सदा मुक्त भनेर जान ।
स्वीकार यो नै पुरुषार्थ श्रेष्ठ
शिवात्म, ब्रह्मात्म बनौं वरिष्ठ ।।५४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार भो भव बन्धन

शरीरभित्रै अशरीर बोध
छुट्टेर हेरेपछि भो प्रबोध ।
आनन्द भित्रै अनुभूति हुन्छ
ज्ञानी भए विश्व सदा नुहुन्छ ।।५५।।

संसारभित्रै बहुतै रमायौ
डेरा सरेरै भन के कमायौ ?
गर्ने अझै नै कति आउजाउ ?
विवेक, वैराग्य धनै कमाउ ।।५६।।

संसारबाटै अब दृष्टि फेर
मुक्तात्म आफूतिर मात्र हेर ।
आफू चिने मात्र अनन्त शान्ति
बिर्स्यौ भने आत्मतिरै अशान्ति ।।५७।।

मान्छेभन्दा अझै उच्च, सृष्टिमा जीव छैन नि ।
विवेक अरूमा छैन, मान्छे नै मुक्त हुन्छ नि ।।५८।।

विचारबाट वैराग्य, क्रमैले ज्ञानमा पुगे ।
पुग्न सक्ने त मान्छे हो, न देव, पशु नै पुगे ।।५९।।

आत्मा मात्र त हो साँचो, बाँकी सम्पूर्ण कल्पित ।
आफू आफू भए मुक्त, वेद-वेदान्त घोषित ।।६०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पत्ति देह-गेहादि, परिणामी र नाशवान् ।
ज्ञानबाटै हुने मुक्ति, वेदान्त ज्ञान हो महान् ।।६१।।

नराखी फलको आशा, कर्तव्य गर पालन ।
ब्रह्म चिन्तन होस् नित्य, यही जीवन पावन ।।६२।।

नचिताएर बस्नुहोस्, ननिदाउनु पर्दछ ।
समाधि भो, भयो ज्ञान, मान्छे नै सक्छ, गर्दछ ।।६३।।

भए सात्विक संस्कार, सात्विक चिन्तना भयो ।
विशुद्ध सत्वमा बस्तै, गुणातीततिरै गयो ।।६४।।

विषयी विष नै दिन्छन्, ज्ञानी अमृत बाँड्दछन् ।
भक्त भावुक नै हुन्छन्, योगी चित्त निरुद्ध छन् ।।६५।।

जे खोजे पनि पाइन्छ, निरुद्ध चित्त भो भने ।
ज्ञानले मोक्षमा लाने, वासना नष्ट भो भने ।।६६।।

फरक्क फर्कनै पर्छ, तीव्र वैराग्य, बोधले ।
आत्मामा अड्नु नै पर्छ, भेटिन्छ शोध-खोजले ।।६७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुषुप्तिमा म मात्रै छु, अज्ञानानन्द भोगिने ।
समाहित भए चित्त, अखण्डानन्द शोभिने ।।६८।।

कण्टकाकीर्ण संसार, विकास जति नै गरोस् ।
बुद्धको चित्त हो शुद्ध, आत्म-चिन्तनले भरोस् ।।६९।।

चित्तमा सूक्ष्मता आए, आत्मानन्द त भेटियो ।
आत्मा+आत्मा भए एक, आवागमन मेटियो ।।७०।।

संसारमा खोज निकै भएछ
आनन्द आफूसित नै रहेछ ।
अज्ञानले ता मृगचाल भैगो
अध्यासमा अर्थ अनर्थ नै भो ।।७१।।

मिथ्या जगत जानेर, सजिलो हुन्छ पन्छन ।
नजानी नहुने जीव, छोड्न बन्धन, उम्कन ।।७२।।

जान्नै पर्ने त हो ईश, लय, पालन, सिर्जन ।
मायातीत त मायावी, गर पूजन, चिन्तन ।।७३।।

जानेर तीनको तत्त्व,गर है ब्रह्म-बोधन ।
ब्रह्मात्म-बोधले मात्र, पार भो भव-बन्धन ।।७४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ति

राम्रो-नराम्रो अब छोड्नुपर्ला
मीठो-नमीठो नभने नि होला ।
तेरो र मेरो किन राग-द्वेष ?
आत्मा म ता निर्गुण, निर्विशेष ।।७५।।

चिताउनाले त बिताउने छ
जन्मादि जन्जाल घुमाउने छ ।
आशा र इच्छा नगरेर बस्ता
आनन्द वर्षा भवमा नफस्ता ।।७६।।

वेदान्तलाई व्यवहार पारे
भवाब्धिबाटै अहिले उतारे ।
वेदान्तले भोग गराउदैन
प्रारब्धले प्राप्त हराउदैन ।।७७।।

बुझेर, छोडेर अमान-मान
आजै अहिल्यै गर आत्मज्ञान ।
हिजो गयो भोलि न आउला नि
पाइन्न यस्तै अब जिन्दगानी ।।७८।।

क्षरणार्धको मूल्य परार्ध हैन
मान्छे म जस्तै भवभित्र छैन ।
हौ सृष्टिका सार उतार भार
नोक्सान ठूलो जब लम्पसार ।।७९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिदा नहुँदै गर ब्रह्मबोध
मौका यही हो शिव खोज, सोध ।
पर्खेर बस्तैन त काल बित्छ
पर्खेर त्यो काल बसीरहेछ ।।८०।।

कर्तव्य एकै अब शेष देखें
ब्रह्मात्मको बोध बुझेर लेखें ।
प्रपञ्च सारा क्षणमैं विनष्ट
ममात्र मेरो शिव मिष्ट, इष्ट ।।८१।।

हेर्दा-हेर्दै विश्व सारा बिलायो
बाबु-आमा पुत्रले नै जलायो ।
यस्तै हो है सृष्टि तीतो कहानी
ल्याईहालौं बोध मीठो बिहानी ।।८२।।

छोड्नै पर्ने विश्वलाई समाती
स्वास्नी, छोरो, नाति, छोरी, पनाति ।
पाल्यौ, पोस्यौ हात लागे छ शून्य
आफू को हो जान्न सक्ने त धन्य ।।८३।।

जान्यौ रे लौ विश्वब्रह्माण्ड सारा
आफू जाने मात्र लाग्ने किनारा ।
चौरासीमा के अझै घुम्न खोज्छौ ?
ब्रह्मात्मा भै जीवको भोग रोज्छौ ?।।८४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छे हौ है योग वा त्याग रोज
खोज्दैछौ रे भोग वा राग, भोज ।
भोग्दा-भोग्दै भोग नै सिद्धिदैन
योगी, त्यागी भोगमा अल्भिदैन ।।८५।।

सरस पूर्ण बनोस् मन, जीवन
अमरतातिरको गर चिन्तन ।
शिव-शिवा मनमा नित आउलान्
विविध ताप र काम भगाउलान् ।।८६।।

उदय भो जब बोध, अबोध गो
सुमनमा सुविचार सुवास भो ।
अनुभवी बनन् अनुवाद न
मननमा मन नित्य लगाउन ।।८७।।

सफल ता जति नै पनि बन्दछन्
असल बन्नु भनी ऋषि भन्दछन् ।
विषयमा मन लाग्न गयो भने
भुवनमा फसने त सदा रुने ।।८८।।

सरस जीवन भो शिवभावमा
निरस जीवन भो भवभावमा
विषममा सममा शिवमा ममा
विगत भेद भए पुग शान्तिमा ।।८९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव ज्ञानी बनेर

म कामी, म क्रोधी, म लोभी, म मोही
मलाई म बुझ्ने, भएमा विमोही ।
मभित्रै म दोटा, म छाया, म-हात्मा
म ता शुद्ध साक्षी, निराकार आत्मा ।।९०।।

म मात्रै म यौटा, म जस्तै म को छ ?
म एक्लो, म नाङ्गो, म नै ब्रह्म रे छ ।
म कर्मी, म धर्मी, म नै शुद्ध युक्त
म को हुँ बुझेमा नमर्ने म मुक्त ।।९१।।

न ता देह मेरो न ता नाम रूप
सदानन्द सत्, चित्त् म आत्मा स्वरूप ।
मलाई त मैले बुझेमा म बन्ने
जहाँ, जे, जसो हो, त्यही मात्र भन्ने ।।९२।।

आत्मा र जीव र जगत्, परमात्म जान्ने
मिथ्या शरीर र जगत्, शिव आत्म मान्ने ।
आनन्दरूप म त हुँ श्रुतिसार यो हो
साक्षी म शुद्ध परमात्मस्वरूप नै हो ।।९३।।

ध्यानस्थ हौ कि त तिमी बन कर्मयोगी
ब्रह्मस्थ भैकन बसे बनिने वियोगी ।
संसारवास नहटीकन शान्ति छैन
स्वाध्याय नै गर सदा कि त नित्य मौन ।।९४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसार भोग्नु कति नै दिन शेष होला
कल्याण हुन्छ नि हरे ! भज राम, भोला ।
ठेगान छैन अहिले अथवा भरे हो
लौ है विचार गर नित्य त ईश नै हो ।।९५।।

भोगादिले, विषयले शिव-शान्ति हुन्न
आत्मा र ईश्वर चिनेपछि दुःख छैन ।
ब्रह्मात्म नै बुझ तिमी श्रुतिले भनेको
स्वीकार भो यदि भने भव पार भै गो ।।९६।।

वेदादि शास्त्रहरूमा जति छन् कुरा ता
छोडेर सार लिनु मानिसको महत्ता ।
त्यो हैन हैन, जुन शेष उही तिमी हौ
ब्रह्मात्म बोध गरने शिव मुक्त नै हौ ।।९७।।

पक्का गरे विषयलाइ विषै समान
आत्मा म नित्य, शिव, मुक्त भनेर जान ।
राधा, रमा, शिव, उमा, रवि, राम, भोला
श्रीकृष्णको भजनले सुख, शान्ति होला ।।९८।।

जे पर्छ लौ गरनुमा रति दोष छैन
आफ्नै स्वरूप नबुझी, नबसी भएन ।
साह्रै ढिलो अब भयो कति बाँचिएला
ज्ञानी बनेर शिव बाँच त धन्य चोला ।।९९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

बन निर्विकार

बेला यही सरस, उत्तम बोध गर्ने
शास्त्रादि सार खिचने, मनभित्र भर्ने ।
आफू बनेर अरूलाइ बनाउनाले
कल्याण हुन्छ सबको शिवभावनाले ।।१००।।

धर्मैपूर्वक कर्म छन् श्रुतिमुखी सत्सङ्गको पावन
यो मात्रै पुरुषार्थ हो भुवनमा मुक्तात्म होस् जीवन ।
सारा सृष्टि समाप्त होस् प्रलयमा आत्मा म हुँ मर्दिनँ
आफूभिन्न परात्म दृश्य जड हुन चिन्ता म ता गर्दिनँ ।।१०१।।

नाना हुन् कलना, अनित्य सपना मिथ्या कुरा कल्पना
त्यस्तामा नभुली तुरीय म बुझी नित्यात्मको चिन्तना ।
यो नै हो भवरोग अन्त्य गरने शास्त्रीय आधारमा
आत्मानात्म विवेकले गति लिने ब्रह्मात्मका बोधमा ।।१०२।।

सारा विश्व बनाउनैतिर गए बन्दैन मिथ्या छ यो
आफूलाई बनाउने मुनि भए आफू सदा मुक्त हो ।
यो जो भौतिक पिण्ड बन्दछ भनून् भत्किन्छ आजै, भरे
त्यस्तो दुःख र मोहको भवन यो निर्माण गर्ने अरे ।।१०३।।

आत्माको र अनात्मको विषयमा गर्नु सदा चिन्तन
आफू आत्म भई बसौं, अमर हौं साँचो यही जीवन ।
भोगै मात्र गरेर जीवन गयो रोगादिको यो घर
आस्था वृद्धि गरौं परौं शरणमा लाने त के पो छ र ।।१०४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के हो आत्मा, म को हुँ श्रवण, मनन के, भक्ति वा मुक्ति के हो ?
यो सारा सृष्टिधारा किनकुनकसरी, सत्य, मिथ्या त के हो ?
जिज्ञासाका अनेकौं सम-विषम समाधान खोजे त मिल्ने ।
आफू आत्मा बुझेरै परमगति दिने ब्रह्मको बोध खुल्ने ।।१०५।।

सर्वात्मा, सर्वसाक्षी गुण विगुण उता ज्योतिको ज्योति नै हो
त्यो आत्मा, त्यो म साक्षी विपुल बल हुने मोक्षको रूप नै हो ।।
बोकी सन्देश आफ्नै सुर-असुर पुरी पार पुग्ने म विद्या
सारा संसार छोडी शरण शिव परी छोडिहालौं अविद्या ।।१०६।।

मिथ्या हटाउन सके शिव, सत्य भेट्ने
वैराग्य हो विषयमा कुविचार मेट्ने ।
सन्तोषले मनन गर्न सघाउने छ
सत्सङ्ग होस् त सुविचार उदाउने छ ।।१०७।।

उद्देश्य मोक्षतक हो सब साधनाको
कर्मादि, भक्ति र विराग परम्पराको ।
त्यागादि, तीर्थ, जप, पाठ र पूजनादि
शास्त्रादि मर्म बुझ ता शिव हुन् अनादि ।।१०८।।

जे पर्छ जीवन चलाउनका निमित्त
निष्कामपूर्वक गरौं भइ शुद्ध चित्त ।
गेहादि, देह सब हुन् क्षणमैं विनाशी
आनन्द, सत्य म त हुँ अविनाश काशी ।।१०९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मे मरे सकल जीव त वासनाले
छोड्दैन है अझ कडा यम शासनाले ।
आजै विचार गर ईश्वर, जीव के हो ?
ब्रह्मात्म बोध गरने भवमा सुखी हो ।।११०।।

कर्मै गरेर अब छोड समस्त कर्म
ब्रह्मात्म चिन्तन सदा असमान धर्म ।
निष्ठा बढाउन सके शिवमा, शिवामा
सन्तोष, शान्ति मनमा हरसाधनामा ।।१११।।

गर्दैन कर्म यदि ता मन शुद्ध हुन्न
सत्कर्मले त सुविचार भरेर टन्न ।
पाइन्छ राम-शिव भक्ति गरे त मुक्ति
पूर्णात्म बोध अहिले यदि भो विरक्ति ।।११२।।

शास्त्रादिले, मननले मन शुद्ध हुन्छ
सौभाग्यले गुरु मिले चुचुरो नुहुन्छ ।
यो जीवको र शिवको अपरोक्ष बोध
वैराग्यले र तपले हुन गो प्रबोध ।।११३।।

भज्ने गरौं शिव-उमा, रवि, राम-सीता
पढ्ने गरौं मन दिईकन वेद, गीता ।
ध्यानस्थ भो यदि भने मनको सुधार
ब्रह्मात्मबोध गरदै बन निर्विकार ।।११४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञान भाग्छ

तनले, जनले, धनले, मनले
यसरी, उसरी, जसरी तसरी ।
शिव जीव विचार गरे मनले
म त जीव थिएँ अब ब्रह्मसरि ।।११५।।

हरिको, हरको, रविको र मको
बुझ तत्त्व उही जलको मलको ।
बुझने जति पार तरेर गए
नबुझीकन धेर मरेर गए ।।११६।।

अब के छ र लानु यता र उता
भन जानु कता न यता न उता ।
किन शोक र मोह विचार गर
भव रोगतिरै अब ता नपर ।।११७।।

शुभ कर्म गरी शुभ जन्म लियौ
शिवसाधनले मन शुद्ध भयौ ।
अब बोध गरी नपरी भुमरी
शिव मुक्त हुने भवमा नझरी ।।११८।।

म ता शुद्धात्मा हुँ अमरपथयात्री शिव र सत्
अनेकौं यात्राले थकित अहिले जान्दछु जगत् ।
सबै मायैमाया विगलित भए भोग भुमरी
अहा ! ब्रह्मात्मा भै अब त पहिरी शान्ति पगरी ।।११९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नजाने राम्रो भो क्षणिक, परिणामी भव कुरा
सबै मिथ्या जान्दै तर पनि भुले मूर्ख बबुरा ।
विचारौं आजै नै विरत भवमा, आत्मसुखमा
लगाऔं सर्वस्वै मन, वचनले ब्रह्म हुनमा ।।१२०।।

हरे ! खाँदा-खाँदै कति दिन बिते खान मन छ
कमायौ, थुप्र्यायौ अकुत धन होस् रुग्ण तन छ ।
कसो गर्ने बाबा अझ छटपटी शान्त गरने
यही यौटा बाटो शिवशरण वा बोध भरने ।।१२१।।

बुझेरै ब्रह्मात्मा अनुभव भए पार पुगियो
लगत् कट्टा भो है भवजलधि ता आज तरियो ।
तिमी ज्ञानी बन्दा सकल कुल एक्काइस तरे
बनौं ज्ञानी आजै सकल कलना दूर त सरे ।।१२२।।

खायौं, लायौं, कमायौं यस- उस, जसरी भोग मात्रै चितायौं
भोग्दा-भोग्दै अनेकौं विषय सुख हरे जिन्दगानी बितायौं ।
सम्झौला देव-देवी धन, जन, मितले छोडदा, रोग लाग्दा
पर्ला आपत्ति नाना अमर गति दिने शास्त्र-सन्देश नाग्दा ।।१२३।।

छोडौं आजै अहिल्यै विषय विष बुझी मोक्षको मार्ग लागौं
ब्यूझौं, जागौं, समाऔं गुरुचरण महान् ज्ञान, सद्भक्ति मागौं ।
मान्छेका जिन्दगीमा अमर फल दिने ज्ञान-विज्ञान नै हो
आफू आत्मा बुझेमा तन, मन, धनले साधना सिद्ध नैभो ।।१२४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रवण, मनन गर्दै ब्रह्ममा नै रमाई
निरतिशय सुखी भै बोध नै होस् कमाई ।
जनम-मरण डोरी ज्ञानले काट्नु पर्छ
अविरल गतिमा नै साधना गर्नु पर्छ ।।१२५।।

जप र तप गरेमा चित्त ता शुद्ध हुन्छ
तन, मन, धनलाई त्यागले शक्ति दिन्छ ।
अनुपम नर चोला तीव्र वैराग्य पाए
सुरपुरतिरका ती देव ता सिक्न आए ।।१२६।।

कवलित भइसक्ता कालले जिन्दगानी
अझ पनि विषयैको भोगभोग्ने कहानी ।
मरण नजिक आए छट्पटाएर रुन्छौ
विगत दिन गरेका के गरी पाप धुन्छौ ?१२७।।

अब त विषय छोडी मोक्ष नै लक्ष्य होओस्
भजन र शुभ कर्मै त्यागले चित्त धोओस् ।
अनि त सहज आफ्नै ब्रह्मको बोध जाग्छ
जनम सफल भो है दूर अज्ञान भाग्छ ।।१२८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्तको तृप्ति

योगले योगमा, भोगले भोगमा
धर्मले स्वर्गमा, पापले नर्कमा ।
रागले जन्ममा, त्यागले शान्तिमा
ध्यानले ईशमा, ज्ञानले मोक्षमा ।।१२९।।

भोगको, रागको त्याग होस्, योग होस्
धर्ममा, कर्ममा, त्यागमा ध्यान होस् ।
ईशको गान होस्, ब्रह्मको ज्ञान होस्
राममा भक्ति होस् मोक्ष नै लक्ष्य होस् ।।१३०।।

चित्त ता शुद्ध होस्, ध्यानमा, ज्ञानमा
नित्य नै योग होस्, राममा, श्याममा ।
बुद्धिका शुद्धिले, जीवले ब्रह्मको
बोधले मार्ग यो, पक्रियोस् मोक्षको ।।१३१।।

जान ता पर्छ है, आज वा भोलि नै
लान के सक्तछौ, सोच है आज नै ।
मोक्षका लागि ता, ज्ञान नै साधन
गर्नु ता पर्छ है ब्रह्मकै चिन्तन ।।१३२।।

विवेकी, वैरागी तन-मन दिई भक्ति गरने
मुमुक्षा तीव्रै भै सब सुख भुली खोज्न तरने ।
तिनैले पाएकै विमल गतिको उत्तम धन
विकारी, संसारी विषय सुखमा मोहित मन ।।१३३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कठै बाबा रुन्छौ धन, जन खुबै मान असुली
अहा ! हाँसेका छन् भव-भय हरी ज्ञान बटुली ।
कता लाग्ने होला अब त मनले निर्णय गर
नमर्ने बाटो हो भव-विभव नै त्याग त तर ।।१३४।।

अघाउन्नन् कोही विषय सुख भोगेर कहिले
तिनै हुन् पुण्यात्मा विषय विष छोडेर अहिले ।
यही हो बेला है सुर-असुर छुट्याउन सिके
अवश्यै भेट्नेछौ गुण-विगुण भन्दा पर टिके ।।१३५।।

गृहस्थीका नाना विषयहरू पन्छी नसकिने
भनी धेरै भन्छन् तर मन दरो होस् त सकिने ।
गरे, आँटे सक्ने विमल मनले ब्रह्म बुझिने
म नै ब्रह्मात्मा हुं अनुभव यही उच्च कहिने ।।१३६।।

मनले, मनको महिमा बुझदा
मन शुद्ध गरी शिवमा बसदा ।
मन शान्त हुने शुभ कर्म गरे
शिव भक्ति गरे भव पार तरे ।।१३७।।

तनमा, मनमा शिवभाव भर
भव यो विष झैं छ कुरै नगर ।
जति, जे त मिले उति भोग गरी
हरिले त दिने सब पाप हरी ।।१३८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुखका दिनमा धन-मानतिरै
जब दुःख भयो अनि आत्मतिरै ।
यसरी, कसरी अब बोध हुने ?
प्रभुका वरले सब दुःख धुने ।।१३९।।

सब जीव समान त भाव गरे
मन पावन बन्दछ आज, भरे ।
म विवेक गरेर मुमुक्षु बनूँ
गुरु वाक्य सुनेर, बुझेर तरूँ ।।१४०।।

भएको वस्तु हो ब्रह्म, बाँकी सारा त कल्पित ।
ब्रह्ममा अड्न सक्नु नै, ब्रह्मज्ञान अकल्पित ।।१४१।।

यही जीवनमा ज्ञान, गरे जीवन धन्य भो ।
ज्ञानले मुक्त भो जीव, जीव नै शिवरूप हो ।।१४२।।

शिवमा शक्तिमा भेद, छैन अद्वैतरूपमा ।
अभेद दर्शनम् ज्ञानं पाइन्छ वेद शास्त्रमा ।।१४३।।

नचिताएर बस्नु नै, ध्यान हो अनि ज्ञान भो ।
अखण्डाकारमा ब्रह्म, आज नै अपरोक्ष भो ।।१४४।।

ज्ञानवार्ता चलोस् नित्य, अखण्ड शान्ति पाइने ।
अभ्यास दृढ वैराग्य, भए पाप भगाइने ।।१४५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्य प्रेमले कृष्ण, प्रसन्न भै प्रसादले ।
गर्छन् कृपा सदाकाल, जीव मुक्त विवेकले ।।१४६।।

नभएको कुरो फाले, भएको वस्तु पाइने ।
नाङ्गो हुन सके आजै, ब्रह्मको नजिकै हुने ।।१४७।।

रामको नामको सम्झना मात्रले
तत्त्वको बोध होस् आत्मको खोजले ।
तत्त्व ता भेटिने आत्म-साम्राज्यमा
मुक्तिको मार्ग यो वेद-वेदान्तमा ।।१४८।।

भक्ति नै शक्ति हो, मुक्तिको कामना
सूक्ष्म वैराग्य होस्, तीव्र होस् साधना ।
आज नै ब्रह्मको ज्ञानले मुक्त भो
जीवको जन्मको मृत्युको चक्र गो ।।१४९।।

वासना, चाहना, कामना, कल्पना
झूट हुन्, छोड्दिनू, गर्नु है प्रार्थना ।
ईशको वन्दना, अर्चना, साधना
चित्तमा शान्तिको हुन्छ है स्थापना ।।१५०।।

भौतिकी खोजले, भोजले, मोजले
के भयो आज खै ? नाशवान् प्राप्तिले ।
शान्ति आनन्द ता आत्मका खोजमा
भित्र नै पाइने चित्तको तृप्तिमा ।।१५१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्षको चाहना

के छैन यो भुवनमा मनले गरेमा
सद्भाव चिन्तन परा मनमा भरेमा ।
आत्मा समेत अपरोक्ष हुने यसैमा
यो देह, गेह शिवमानसमा बसेमा ।।१५२।।

ब्रह्मा र विष्णु, शिव, सूर्य, गणेश, अम्बा,
आधार ईश सबमा अविकार खम्बा ।
यो चित्तलाइ जसरी शिवमा लगाए
सम्पूर्ण आश मनको नभमा बिलाए ।।१५३।।

सत्सङ्ग नै भुवनको वनको निकास
ज्ञानाग्नि नै सृजनको मनको विकास ।
स्वाध्याय नित्य गरदै मन होस् विशुद्ध
संसारका कथनमा भन के छ शुद्ध ? १५४।।

आश्चर्य हो मन यता किन हो नजाने
सम्पूर्ण जीवन गयो कति नै त खाने ?
वेदान्त मात्र अबको बलियो सहारा
श्रीरामको शरणले पुगियो किनारा ।।१५५।।

हेर विज्ञानका ज्ञानले के गरे ?
विश्वमा क्रान्ति रे, रक्तकै पात रे ।
भोगमा शान्तिको लेश नै छैन है
योगको, त्यागको नाम नै छैन है ।।१५६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

धर्मको, कर्मको, न्यायको, नीतिको
वेदको, शास्त्रको, त्यागको, प्रीतिको ।
खेत नै बाँझियो, भौतिकी झाङ्गियो
भोगकै मोहले विश्व नै नाङ्गियो ।।१५७।।

धर्मका दुर्गमा, पापको राज भो
पुण्यका नाममा, स्वार्थमा दृष्टि गो ।
साधुको, सन्तको, भक्तको दुर्गति
भोटका राज्यमा नोटमा गो मति ।।१५८।।

धर्मको ह्रास भो, पापको वृद्धि भो
अर्थका लागि नै धर्म नै बेचियो ।
नीति ता गो कता न्याय ता अर्थमा
ईशका ज्ञानले ब्रह्मका बोधमा ।।१५९।।

हाम्रा पुर्खा ज्ञानभित्रै भिजेका
सेवा-धर्मी राममा नै रमेका ।
आफूलाई न्यून मानेर ठूला
मुक्तात्मा थे साधु गार्हस्थ भोला ।।१६०।।

हामी को हौं थाह पत्तो त छैन
फुर्ती धेरै ज्ञानले बुद्ध हैन ।
त्यागी, ज्ञानी, सिद्धमा प्रेम छैन
भोग्ने मात्रै योगको खोज हैन ।।१६१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोजेका छन्, शान्ति रे त्याग शून्य
पाएका छन्, दुःख, चिन्ता अचम्म ।
आफूभित्रै शान्ति, आनन्द देखे
खोजे भेट्ने सत्य हो वेद लेखे ।।१६२।।

हाम्रो यौटै काम हो ज्ञान गर्ने
आफू को हो बोधले नित्य जाग्ने ।
बाँचेको ता सार आत्मा बुझेमा
धिक्कारै हो भोगमा नै भिजेमा ।।१६३।।

हाम्रा पुर्खा सरल मनका वासना-शून्य जस्ता
संसारैको वरिपरि घुमी लोभिने पुत्र यस्ता ।
सारा मान्छे विचलित भए भोगले, रोगले नै
प्रज्ञा खुल्ने विगलित भए योगले, त्यागले नै ।।१६४।।

मनन शिव गरेरै शान्तिको द्वार खोल
विषय-विष नलाग्ने वेदको वाक्य बोल ।
नगनन अब पैसा ब्रह्मकै चिन्तना होस्
सुनन, बुझन आत्मा मोक्षकै चाहना होस् ।।१६५।।

शिवमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तम सर्ग

लालीगुँरास खण्ड

(मुमुक्षा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

सप्तम सर्ग

लालीगुँरास खण्ड

(मुमुक्षा)

शिष्य-

गुरुदेव दया गरी-गरी
मनको, धनको अहं हरी ।
हरिको, शिवको, शिवात्मको
शिव ज्ञान दिनोस् परात्मको ।।१।।

म त पर्दछु पाउमा सदा
हरको, हरिको र मोक्षदा ।
सब जीव र तत्त्व रे महान्
कसरी म बुझूँ क्रिपानिधान् ।।२।।

म त बन्धनमा परेछु नि
अब मुक्त कसो गरी हुने ?
मनमा अति नै छ छट्पटी
मनको मल के गरी धुने ? ।।३।।

गुरुले उपदेश गर्नुहोस्
मनमा शिवभक्ति भर्नुहोस् ।
म त जान्दिन तत्त्व के छ रे
शिव-जीव कहाँ छ भेद रे ।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमर फूल

सदगुरु–
तिम्रो प्रश्न मिठो, सफा हृदयका हे शिष्य तिम्रा भला ।
गर्ने उत्तर दिन्छु आज, अहिले मुक्तात्म हुन् है ठुला ।
संसारी सुखमा विरक्त जब भो मोक्षार्थले, मुक्तले
आत्मोद्धार हुने क्रमैसित अहा ! श्रद्धा तथा प्रेमले ।।५।।

मुमुक्षा सद्इच्छा प्रभुचरण भेट्ने सुर गरी
कुनै इच्छा छैनन् भुवनभर वा देव नगरी ।
त्यसैले आत्माकै हरबखत सोच्ने मन भयो
मुमुक्षा जागेमा विषयसुख भोग्ने मन गयो ।।६।।

मुमुक्षा इच्छा हो तर भुवन वा स्वर्गतकको
निरिच्छा पक्कै होस् विषयसुख ब्रह्माण्डतकको ।
अहा ! मोक्षेच्छा हो भुवन-वनको पार पुगने
स्वयं ज्ञानी बन्दै शिव शिव हुने जीव नहुने ।।७।।

तितिक्षा हो यो ता शमदम समाधानतिरको
अखण्डै श्रद्धा यो उपरति हुने भोग भवको ।
विवेकी, वैरागी क्रमसित यतै आरुढ भए
यही कक्षाबाटै गुरुचरणका योग्य भनिए ।।८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुमुक्षाले मिल्ने कठिन तपले देशिक ठुला
उनैले देखाए परमपदको मार्ग त भला ।
त्यसैमा लागेमा श्रवण विधिले आत्मबलले
अवश्यै भेट्नेछौ जुन पद पुगे सिद्ध जनले ।।९।।

मुमुक्षावस्थामा कठिन तपले पुग्न सकिने
तितिक्षा-श्रद्धाले यम-नियम कक्षा पर हुने ।
ठुला पुण्यात्मा नै असल गुरु पाएर बुझ्ने
भए है मुक्तात्मा लगत सब कट्टा पनि हुने ।।१०।।

शिष्य–

सरस्वतीको वरदान पाएँ
कृपा उनैको कविता बनाएँ ।
मेरो यहाँ भन्नु त रत्ति छैन
सारा उनैको उनमा अभिन्न ।।११।।

यी शब्द वा अक्षर ता न मेरा
न भावमा वा न त बुद्धि घेरा ।
जे हो उनैको उनमा चढाएँ
निमित्त बन्दै म पढें, पढाएँ ।।१२।।

शब्दादि, आकाश म भूत हैन
श्रोत्रादि बाह्येन्द्रिय आदि हैन ।
म बुद्धि भित्री करणादिदेखि
टाढा रहेको अभिमान सेखी ।।१३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी भित्र वा बाहिरका सबै नै
ममा न मेरा सब नै उनै नै ।
नितान्त नाङ्गो म अकिञ्चनैको
म मात्र अद्वैत सबै उनैको ।।१४।।

न कल्पना वा न त भावना छ
न शास्त्रको ज्ञान न चाहना छ ।
विवेक, श्रद्धा उनमा चढाएँ
जो सक्तथें प्रेम यतै बढाएँ ।।१५।।

सद्गुरु–
अकालै कालै वा नजिक अति नै नित्य बसने
परे मौका भ्याप्पै गरन सकने बाध नहुने ।
बुझी यस्तो चाला सरल मनले आत्म बुझने
ल है स्वाध्यायै होस् बुझन सकिए मुक्त कहिने ।।१६।।

यही बाटो यौटा श्रुतिवचनले इङ्गित हुने
अहिल्यै पुग्ने हो यदि मन दिए शान्त भइने ।
कठोरै यत्नैले अगम पद पुग्ने सुर गरे
नपुग्ने को होला जप, तप पुगे ब्रह्म-सुख रे ।।१७।।

कमायौ, थन्क्यायौ अब त हरिको नाम भज है
अझै मुद्दा लड्छौ अब त मिलने कार्य गर है ।
अझै मन्त्री बन्ने रहर छ हरे छोड्नु परने
सबै छोडी आफ्नो मन त शिवमा जोड्नु परने ।।१८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

हरे भोका, नाङ्गा गरिब जनता छन् सडकमा
बिरामी, रोगी छन्, मुलुकभर ठूला सकसमा ।
बुढा आमा, बाबा घरघर हरे एक्लिन गए
बुहारी छोरा ता पर मुलुकमा नोकर भए ।।१९।।

अझै आशा, इच्छा प्रबल छ भने शान्ति कसरी ?
तिमीभित्रै सारा अमन मनले खोज जसरी ।
पिता-माता द्यौता सरि जब भए शान्ति, सुख छ
म खाने, मैं बाँच्ने नभनन हरे ! नित्य दुख छ ।।२०।।

मुमुक्षा भिक्षामा विषय मनमा प्राप्त नहुने
सुरागी, भोगीमा कठिन जनमा बोध नछुने ।
म को भित्रै आए विषय विषजस्तै हुन गए
मुमुक्षा होला है भुवन वन मिथ्या ठहरिए ।।२१।।

म मुक्तै बन्ने हुं दृढ मति भए मुक्त भइयो
यही चोलामा नै बुझ्न परने ब्रह्म कहियो ।
त्यही हो ब्रह्मात्मा विमल मनमा बोधित भए
भए मुक्तात्मा थे दुख र सुखभन्दा पर गए ।।२२।।

मुमुक्षा हो तीव्रै तर र तम भन्दा पनि पर
यही नै तिम्रो हो जनम छुटने अन्तिम घर ।
तपस्या त्यागैले स्तुति र जपले ज्ञान गरने
बुझेरै ब्रह्मात्मा अभय पदमा शोभित हुने ।।२३।।

प्रा.शिवगोपाल रिसाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुमुक्षा हो इच्छा प्रबल अति नै मुक्त हुनमा
विवेकी, वैरागी जब त हुन गो आत्म-सुखमा ।
भए श्रद्धा ज्यादा अमर पदमा पुग्न सकिने
मुमुक्षाले मान्छे परम गतिमा स्थापित हुने ।।२४।।

अरू सारा छोडी चरण शिवकै चिन्तन गरे
अवश्यै पुग्ने छौ शिवशिखरमा आज कि भरे ।
मुमुक्षाको राम्रै परिणत हुने मोक्षपथमा
गरे मात्रै फुल्ने अमर फुल हो ब्रह्मसुखमा ।।२५।।

वेदान्त बगैंचा

वेदान्तको सुन्दर वाटिकामा
फुले मिठा पुष्प त नाटिकामा ।
रङ्गी-विरङ्गी नवनीत फूल
मौरीहरू हो अब मस्त भूल ।।२६।।

वेदान्तको रस चुसी बन मग्न-मस्त
श्रीसूर्यको उदय होस् अथवा त अस्त ।
नाना थरी सुमन गर्न रसानुभूति
पाल्नुहओस् रसिक काव्य बनोस् सुनीति ।।२७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

वेदान्त-काव्य-रसमा जब डुब्नु हुन्छ
आनन्द जीवन बने जगतै नुहुन्छ ।
यो वाटिका सरर हेर्न र घुम्न हैन
चुर्लुम्म डुब्न सकिए अनमोल चैन ।।२८।।

वेदान्त जीवन बने मरणान्त हुन्न
सिद्धान्त मात्र नभए भयले त छुन्न ।
हाम्रो बनोस् घर यही व्यवहार राम्रो
यो मोक्षका शिखरमा चढने त थाङ्रो ।।२९।।

वेदान्तले र वनले उपकार गर्छ
यो वाटिका कुसुमले रसराज भर्छ ।
आनन्दसाथ यसमा त रमाउनोस् है
सुस्वागतम् छ मधुमास मनाउनोस् है ।।३०।।

भोगादिले वा धनले, जनैले
संसारकै आश बढाउनाले ।
अनेक रोगादि कठै ! कमायौ
योगादि आनन्द यतै गुमायौ ।।३१।।

कता जान आको, कता जान लाग्यौ ?
सुधा खानु पर्ने, विषै पो त माग्यौ ।
सुखै भोग्न आको, दुखैमा डुबेको
नराम्रो र राम्रो, भुलेरै भुलेको ।।३२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

न संसार साँचो न झुट्टा छ आत्मा
हरे छानिहाल्यौ तिमीले अनात्मा ।
कठै ! हार खायौ कि बाटो बिरायौ
जहाँ पुग्नु पर्ने बिचैमा हरायौ ।।३३।।

न ता शास्त्र मान्यौ न ता ईश्वरैमा
भयो प्रेम मिथ्या कुरा नश्वरैमा
बितायौ हरे ! जिन्दगी भोगमा नै
सदा शान्ति मिल्ने जुटे योगमा नै ।।३४।।

कि ता ! भक्ति लागोस् कि ता ज्ञान जागोस्
कि ता देह-गेहादि अध्यास भागोस् ।
कि ता तीव्र वैराग्य होस् वा मुमुक्षा
अवश्यै छ कल्याण पाए सुशिक्षा ।।३५।।

म मुक्त बन्दा सब मुक्त हुन्छन्
वेदादिले लक्ष्य यही त भन्छन् ।
छोड्नू र जोड्नू यति मात्र काम
ज्ञानी बने काम भयो तमाम ।।३६।।

खोज्छन् सबै विज्ञ बनेर भन्न
कमाउनैमा मन गो नि टन्न ।
कल्याण आत्यन्तिकमा नहेर्दा
सर्वत्र ढाक्ने अभिमान पर्दा ।।३७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निस्वार्थ सेवी त कता-कता छन्
लोभी र पापी त जताතता छन् ।
कराल कालो कलिकाल आयो
मार्ने र काट्ने बिरुवा पलायो ।।३८।।

यता-उता क्रान्ति, अशान्ति नै छ
निस्वार्थको शान्ति त दुर्लभै छ ।
मान्छे भनेको खतरा रहेछ
सर्वत्र नै आश र त्रास नै छ ।।३९।।

विद्रोह, आन्दोलन रे यता रे
मारे हजारौं अवशेष छन् रे
हत्या र हिंसा जित भो यसैमा
विद्या बिलायो अब बन्दुकैमा ।।४०।।

शिष्य–

शब्द पुष्पाञ्जलीद्वारा, सम्पूर्णमा समर्पण ।
नाङ्गो छु तर पूर्णै छु, पूर्णमा गर्छु अर्पण ।।४१।।

यो सारा उनको हो है, उनकै शब्द संगम ।
उनकै वर्ण विन्यास, उनकै वाक्य संयम ।।४२।।

म त मात्र निमित्तै हुँ, नाङ्गिएको समग्रमा ।
सबै फूल फुलेका छन्, हेर्नुहोस यथार्थमा ।।४३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौन्दर्य वासना नाना, अलङ्कार मिले कतै ।
रसास्वाद भए राम्रो, भन्नुहोस् र दिनोस् उतै ।।४४।।

मेरा अक्षर मात्रै हुन्, पुरुषोत्तम छन् यतै
सृष्टि, स्थिति उनैको हो, भेट्नुहोस् त जतातते ।।४५।।

भेटिन्छन् मनमा नित्य, शुद्ध चित्त भयो भने ।
मल, विक्षेप हो दोष, शोक, मोह गयो भने ।।४६।।

फुले वसन्तका वाग, वेदान्ती वास मगमग ।
ढकमक्क फुले फूल, अनेक ऋतु जगमग ।।४७।।

व्यतिरेक भए फूल, धागो अन्वय रूप हो ।
परमात्मा सदा काल, दुवैमा एकनास हो ।।४८।।

विश्वका वागका फूल, ओइलाएर झर्दछन् ।
फुले वेदान्तका फूल, न झर्छन् न त मर्दछन् ।।४९।।

मान्छे नै ब्रह्म बन्दछ

सद्गुरु–

संसार ता हो मन, बुद्धि, चित्त
ज्ञानै भए मात्र हुने सिनित्त ।
खेलाउने खेल अनेक भाँती
घुमाउने विश्व लगाइ ताँती ।।५०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो चित्तको चित्र विचित्रको छ
मार्ने, उतार्ने मन भित्रको छ ।
सिद्धान्त वा दर्शन चित्त नै हो
विश्रान्ति पाए पछि मुक्त नै भो ।।५१।।

मान्छे त हो केवल चित्तमूर्ति
निन्याउरो वा अझ हेर फुर्ती ।
खोजेर वित्तादि हरे ! सतायो
संसारलाई अझ झन् ततायो ।।५२।।

यो चित्त जञ्जाल त फैलिएको
कुसङ्गतैले कति मैलिएको ।
भोगादिको वास त चित्तमा छ
विश्रान्ति ता केवल मोक्षमा छ ।।५३।।

इच्छा यही गर्छ अडाउनामा
आसक्ति भन्ने त बढाउनामा ।
हेऱ्यो भने बाहिर शान्ति छैन
मभित्र हेर्दा अनमोल चैन ।।५४।।

प्रतिष्ठा, प्रभा, बुद्धिले मात्र हुन्न
स्वयंका कृपाले सुधा त्यो पिइन्न ।
कि ता ईश्वरैको कि ता देशिकैको
कृपाले त माया र मोहै छुटेको ।।५५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

घराना हुदैमा, खजाना छुदैमा
कहाँ ज्ञान हुन्थ्यो पढेको हुदैमा ।
हुनै पर्छ निष्ठा म आत्मा -परात्मा
बुझेरै त ज्ञानी, भएका महात्मा ।।५६।।

कुरा धेर गर्ने छुरा भाषणैमा
भएरै त के भो फसे बन्धनैमा ।
मरोस् मोह माया, जलोस् क्रोध, काम
म आत्मा चिनेरै पुगुँ ब्रह्मधाम ।।५७।।

म यात्री पुरानो यहीं टुङ्गिने हो
म सोझो स्वयंमा न ता बाङ्गिने हो ।
अकर्ता, अभोक्ता म वार्ता नगर्ने
अहा ! मस्त बन्दै स्वयंमा बिचर्ने ।।५८।।

पूजा, पाठ गरौं जपादि तप वा ध्यानादि, संकीर्तन
आत्मा नित्य, निरन्तरै मनन वा वेदान्तको चिन्तन ।
सत्सङ्गै दिन-रात लेखन कि ता स्वाध्याय नित्यै चलोस्
आत्मानात्म विचारले दिन बितोस् ब्रह्मात्मको बोध होस् ।।५९।।

वैराग्यादि विवेक साधन भए सत्कर्मले धोइने
श्रद्धाले, गुरुवाक्यले, मननले गाँठो सबै फोइने ।
यो हो वैदिक मार्ग हिंड्नु यसमा लक्ष्यार्थ प्राप्तै हुने
सर्वात्मा प्रभुका कृपा यदि भए सर्वोच्च चूडा छुने ।।६०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

पूजा होस् शिव, विष्णु, राम, रवि वा दुर्गा गणेशादिको
आमा, बा, गुरुदेवको हृदयले निष्काम सद्भावको ।
यी नै साधन वा उपाय सजिला चित्तादि शुध्यर्थमा
शुद्धै भो जब चित्त आत्मतिरको ज्ञानादिले मोक्षमा ।।६१।।

ज्ञानै मात्र समर्थ मोक्ष दिनमा सत्कर्मले, भक्तिले
ज्ञानीभक्त भए विशुद्ध मनमा छर्लङ्ग भो ज्ञानले ।
ज्ञानी मुक्त महामना जगतमा सौभाग्यका शेखर
अर्काकै उपकारमा दृढ हुने यी सृष्टिका भास्कर ।।६२।।

आफ्नै स्वरूपमा बस्नु, अवस्था उत्तमोत्तम ।
शास्त्र चिन्तनमा लाग्नु, बनेको स्थिति मध्यम ।।६३।।

जप, यज्ञ चलोस् नित्य, कनिष्ठमा छ है दम ।
तीर्थाटन ठुलो यज्ञ, निकृष्ट तर के कम ? ।।६४।।

यी हाम्रै स्थिति सोपान, अध्यात्म साधना क्रम ।
साधनामा बढे निष्ठा, स्थिति हुन्छ अनुत्तम ।।६५।।

ज्ञानी बस्छन् सदाकाल, स्वरूप सहजस्थिति
मुमुक्षु, भक्तको हुन्छ, आफू आफ्नै परास्थिति ।।६६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रले जे भनेको छ, गुरुको उपदेश हो ।
निष्ठापूर्वक लागेमा, अन्तिम स्थिति मुक्ति हो ।।६७।।

आफ्नो स्वभाव छोडेमा, मान्छे बन्दछ पामर ।
ठानेको स्व त छोडेमा, मान्छे बन्दछ ईश्वर ।।६८।।

नछोडी न त जोडेको, मान्छे नै ब्रह्म बन्दछ ।
भाग-त्याग गरेमा नै, ब्रह्म वेदान्त भन्दछ ।।६९।।

सदा भक्ति लागोस्

कृपाकै आशाले अगणित बिते जीवन कला
अझै आशा गर्दै परमकरुणा सागर भला ।
गरेको मैले हो नभनन हरे ईश्वर खडा
उनैले बर्साए अनुपम दया छुट्छ बखडा ।।७०।।

तिमी वेदान्ती हौ करम अथवा योगतिर छौ
विरागी -रागी वा भगत हरिका भोगतिर छौ ।
जता जे जे मान्छे शिवशरणबाटै सब हुने
बनी ज्ञानी, ध्यानी परमपदको शेखर छुने ।।७१।।

म, मेरो भन्नाले परमगतिका बाधक भयौ
यही छोडे सोझै विषय सुख भोग्नेतिर गयौ ।
न ता त्याग्ने -भोग्ने तम, रज गुणातीत बनदा
भयौ आत्मानन्दी मरण नछुने ज्ञान गरदा ।।७२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गए पैले ऐले विषय विष भोगेर नसकी
अझै भोग्दै होलान् नरकतिरको आसन कसी ।
त्यसैले ऐले नै विषय-विष छोडेर बस है
बसेमा भेट्ने छौ अमर पदवी जीवित छदै ।।७३।।

कमायौ, थन्क्यायौ अकुत धनका मालिक भयौ
नभोग्दै भोग्दैमा अझ पनि नभोगीकन गयौ ।
यही हो चाला है मनुज सबको भोग्न मनको
अघाउन्नन् कोही विषय-सुखमा आश धनको ।।७४।।

कि ता श्रद्धा जागोस्, परमगतिको प्रेम रसमा
कि ता सत्सङ्गै होस् विरत रतिमा ज्ञान गतिमा ।
अवश्यै पुग्ने छौं अमर पदमा शान्त सबल
यही हाम्रो यौटा श्रम र तपको अन्तिम फल ।।७५।।

कहाँबाटै आयौं किन र कसरी यो जनम भो
कहाँ जाने होला ? विकट पथ, पाथेय कुन हो ?
विवेकी, वैरागी तन-मन दिई ज्ञान गरने
लगत् कट्टा गर्दै जनम जननी मुक्त बनने ।।७६।।

नमर्ने भै मर्ने जनम नलिने कर्म गरने
'म ता ब्रह्मात्मा हुँ' यम, नियमले बोध भरने ।
यही नै हो बाटो श्रुति अनुरुपै हिंड्न सकिने
पुगे श्रद्धा, सेवा गुरुचरणले शक्ति भरिने ।।७७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

रङ्गी विरङ्गी फुल यी फुलेका
पराागको राग भरी भुलेका ।
वेदान्तको पावन वासनाले
निर्वासिनी हौ शिव शासनाले ।।७८।।

आनन्दवर्षा शिव भावनाले
अध्यात्मको वास र वासनाले ।
संसारको वास भए मरिन्छ
सत्सङ्गले ब्रह्मघडा भरिन्छ ।।७९।।

देहादि हाम्रो त कदापि हैन
देखिन्छ साँचो तर भूट नै हो ।
स्वप्नादि जस्तै हुनमा त छैन
म ब्रह्म आत्मा शिव सत्य नै हो ।।८०।।

डोरीतिरै सर्प त भान हुन्छ
देखिन्छ पानी तर बालुवा हो ।
ठानेर साँचो मन मूर्ख रुन्छ
आनन्दको स्थान समाधि नै हो ।।८१।।

शरीरमा रोग अनेक लाग्लान्
जो सक्तछन् ती उपचार गर्लान् ।
प्रारब्ध बाँकी त अवश्य बाँच्लान्
समाप्त भो भोग भने त मर्लान् ।।८२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

शरीर यो दुर्लभ मान्नु पर्छ
कृपा ठुलो ईश्वर जान्नु पर्छ ।
शिवालयै हो शिववास गर्ने
बसी यसैमा शिवबोध भर्ने ।।८३।।

मिथ्या भए तापनि काम लाग्छ
विवेकले बोध अवश्य जाग्छ ।
मनुष्य योनी अनमोलको छ
स्वरूप बुझ्ने यसमा खुबी छ ।।८४।।

बसी यसैमा शिवभक्ति भर्नोस्
ननासिने ब्रह्म-विचार गर्नोस् ।
शरीर मर्नेतिर सारिहाल्नोस्
आफू नमर्नेतिर पारिहाल्नोस् ।।८५।।

पढेर धेरै पनि काम छैन
सम्पत्ति जोडे पनि चैन छैन ।
बढाउने हो श्रुति-सार भक्ति
ब्रह्मात्मको बोध भए विमुक्ति ।।८६।।

विवेकबाटै पुगिने छ माथि
बनाउ वैराग्य अभिन्न साथी ।
शमादि सम्पत्ति कमाइहाल
मुमुक्षुताले विषयादि फाल ।।८७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ममा सन्त बस्छन् सदा नै वसन्त
छुटे आश सारा घरैमा रमन्त ।
यही शुद्ध बाटो गएमा पुगिन्छ
अझै लोभ गर्दा नदीमा डुबिन्छ ।।८८।।

कसैको कहिल्यै कुनै आश गर्दा
न ता शान्ति, सन्तोष आशा नमर्दा ।
निराशा भएमा सदा शान्ति फुल्छ
गरे भक्तिमा मुक्तिको द्वार खुल्छ ।।८९।।

गरौं खेतिपाती, गरौं राजनीति
कि वाणिज्य, उद्योग मिथ्या प्रतीति ।
सदा ब्रह्म-वार्ता कि आत्मा विचार
गरेमा अवश्यै म पुग्ने नि पार ।।९०।।

भजौं कृष्ण, राधा कि सीता र राम
महादेव वा विष्णु एकै विराम ।
गुणी वा निर्गुणी बुझेरै भजेमा
सदा भक्ति लागोस् म पुग्ने चुलीमा ।।९१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य ज्ञान र विशेष ज्ञान

अहङ्कारले जीवलाई गलायो
अहङ्कारबाटै म, मेरो पलायो ।
शरीरादिलाई म, मेरो भनेमा
सदा दुःख, चिन्ता बसेमा, गएमा ।।९२।।

कुनै वस्तुलाई म, मेरो नभन्दा
जहाँ, जे त मिल्ला त्यही ठीक मान्दा ।
सदा शान्ति, सन्तोष वा तृप्ति हुन्छ
यिनैलाई हेरी धरा नै नुहुन्छ ।।९३।।

म, मेरो नभन्ने यिनै हुन् महात्मा
विरोधी, नबुझ्ने नबन्ने दुरात्मा ।
धरामा बसेका धरादेखि माथि
सबैका हितैषी सबै मित्र, साथी ।।९४।।

म, मेरो नभन्दा सबै काम पूर्ण
भनेमा सबै नै हुने कर्म चूर्ण ।
म, मेरो रहेमा भयो मोक्ष टाढा
हटेमा अहा ! ज्ञान नै हुन्छ गाढा ।।९५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लीला, कथा सुन्नु र पढ्नु पर्छ
विवेकद्वारा अब गुन्नु पर्छ ।
सक्ने भएरै अब भन्नु पर्छ
वेदान्तको सार त बन्नु पर्छ ।।९६।।

वेदान्त सिद्धान्त बुझी क्रमैले
जीवन्त पार्छन् शुभ साधकैले ।
शुद्धात्म बन्दै व्यवहार गर्दा
हट्ने छ चाँडै अभिमान पर्दा ।।९७।।

बेला छदै तीर्थ र कर्म गर्नु
सकिन्छ जो, जे, जति दान गर्नु ।
ध्यानादिले चित्त विशुद्ध हुन्छ
सद्भक्तिले ज्ञान अवश्य खुल्छ ।।९८।।

पुराण, वेदान्त त पढ्नु हाम्रो
सुनी क्रमैले अघि बढ्नु राम्रो ।
सनातनी यो श्रुति-सार हाम्रो
ज्ञानी, सुखी भैकन बाँच्नु राम्रो ।।९९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

खोजेर फेला, अब पार्नु पर्छ
म को ? कहाँ छु ? किन मर्नु पर्छ ?
म ता नमर्ने शिव, सत्य, आत्मा
बुझेर बाँच्ने म त हुँ महात्मा ।।१००।।

पर्दैन मैले व्यवहार गर्न
प्रारब्धमा जे छ उही हुने छ ।
कर्तव्य मेरो पुरुषार्थ नै हो
स्वरूपको बोध र मोक्ष रे छ ।।१०१।।

बाँकी सबै सुम्पनु ईश्वरैमा
सरक्क पन्छेर बसे हुनेमा ।
कमाउने वा कति भोग गर्ने ?
बोकेर बास्ना कति जन्म मर्ने ? ।।१०२।।

हो बुद्धिमानी शिव मात्र भन्नु
कि ब्रह्मको चिन्तन नित्य गर्नु ।
कल्याणको मार्ग यही समात्नु
पुगिन्छ चाँडै अरू के छ जान्नु ? ।।१०३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निकै कमायौ धन फालहाली
अशान्ति, चिन्ता धन-जाल फाली ।
वैराग्य, सेवा उपकारबाट
पाइन्छ आनन्द र शान्ति साट ।।१०४।।

आनन्द, सन्तोष त खोज गर्दै
फन्को लगायौ अति कष्ट भर्दै ।
खोज्यौ त जे जे तर पाउदैनौ
खोज्नै नपर्नेतिर आउदैनौ ।।१०५।।

आनन्द आफूसित भित्र नै छ
खोज्यौ तिमी बाहिर दुःख नै छ
पायौ हरे दुःख अनादिकाल
यो जिन्दगी भोगतिरै नफाल ।।१०६।।

चिन्ता त छोडी ननिदाउदामा
आनन्द मिल्ने नचिताउदामा ।
समाधि यो हो यसमा अडेमा
स्वरूपको बोध यही बुझेमा ।।१०७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

शरीर यो मर्छ भनी बुझेनौ
अध्यात्मविद्या रसमा भिजेनौ ।
देहादि, गेहादि त सत्य मान्दै
बित्यो हरे जीवन भोग छान्दै ।।१०८।।

बुढो भयौ रोग सताउने छ
भक्तै थियो पुत्र घिनाउने छ ।
आयो भने काल डराउने छन्
आफ्नै भनेका त हराउने छन् ।।१०९।।

आत्मार्थका निम्ति सबै त प्यारा
आफू जमेरै अनि पो सहारा ।
आत्मा छ प्यारो धरती भरीमा
हुनै परेको भवमा धुरीमा ।।११०।।

सम्पूर्ण छोडेपछि आत्मबोध
सुषुप्ति हेरेर समाहितै हौ
विज्ञान भो ज्ञान भने प्रबोध
मुक्तात्म आफू तिमी मुक्त नै छौ ।।१११।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

व्याख्या हुने स्थान, प्रशस्त होओस्
अध्यात्म चर्चा मनभित्र छोओस् ।
सन्देश-सेवा र परोपकार
साहित्य कल्याण गरोस् सुधार ।।११२।।

के गर्नु मिथ्या भ्रम, कल्पनाले ?
झुट्टा व्यथाका कविता, कथाले ।
सिद्धान्त जीवन्त सुधार गर्ने
चाहिन्छ साहित्य विचार भर्ने ।।११३।।

रङ्गाउने कागज अक्षरैले
अन्योल पार्ने त कुरै-कुराले ।
साहित्य गाली त कदापि हैन
युगान्तकारी रसमा छ चैन ।।११४।।

जान्नै परेमा म त ब्रह्म जान्नु
भन्नै परे ब्रह्म र आत्म भन्नु ।
पढ्नै परे ब्रह्म र ईश पढ्नु
ब्रह्मात्मको बोध गरेर लड्नु ।।११५।।

हो धर्मशाला घर वा शरीर
यात्री बसे बास त भोलि जाने ।
मेरो त यो हैन भनी बुझेर
प्रारब्धले जे, जति दिन्छ खाने ।।११६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो विश्वमा जे, जति नै कमाउ
सकिन्न कौडी पनि साथ लान ।
छोडेर नै जान अवश्य पर्छ
कमाउने ज्ञान भनेर जान ।।११७।।

म साथ जाने कि त पाप, धर्म
थालौं म आजै शुभ गर्न कर्म ।
प्राणी सबैको उपकार पुण्य
पीडा दिए पाप कुकर्म जन्य ।।११८।।

साहित्य होस् जीवनको सहारा
लगाइदेओस् भवमा किनारा ।
यो ता मनोरञ्जन मात्र हैन
अध्यात्ममा लौ भन के त छैन ? ।।११९।।

अध्यात्म वा दर्शनले भिजाए
साहित्य कल्याण बने र आए ।
संसारकै चक्करमा घुसेमा
राहित्य बन्ने विषयै चुनेमा ।।१२०।।

के काव्य भो त्यो ? कविता त के हो ?
अध्यात्म सन्देश दिए त जे भो ।
कुरै-कुराले कविता नबन्ने
भुरै-भुरा नैतिकता नभन्ने ।।१२१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थ नारा र कथा भनेर
छाडा र भाँडा खुब नाङ्गिएर ।
साहित्यको हुर्मत नै लिए नि
आदर्श वा धर्म कता गए नि ।।१२२।।

नजान्नु संसार त दोष छैन
आफू नजाने बरबाद भो है ।
अज्ञान मूला जब ता रहेन
तूला रहेमा पनि मुक्त भो है ।।१२३।।

संसार जाने पनि लाभ के भो ?
आफू त सिङ्गै अनभिज्ञमा छ ।
जाने-नजाने विषयादि जे भो
छर्लङ्ग आफू जब बोधमा छ ।।१२४।।

ब्रह्माण्ड सारा, विषयादि सारा
छर्लङ्ग भो रे तर शान्ति छैन ।
साक्षी म आत्मा जब बोध हुन्छ
त्रिताप, चिन्ता मनमा हुदैन ।।१२५।।

त्यो प्रेय विद्या, अपरा सबै नै
जान्यो भने भन् अभिमान बढ्ने ।
यो श्रेय विद्या र परा बुझेमा
चिन्तादि, शोकादि हटेर अड्ने ।।१२६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

साहित्य, संगीत, कलाहरूमा
अशिष्ट नारा छ तलातलामा ।
बोकेर त्यो वाद र राजनीति
बर्बाद भो नैतिकता र नीति ।।१२७।।

संस्कार वा मानवता हराए
नारा भुके, स्यालहरू कराए ।
खोजी गरौं मूल्य र मान्यताको
आदर्श, आत्मा, शिव, सत्यताको ।।१२८।।

स्रष्टा हरे ! नक्कलमा रमेका
आफू र आफ्ना, अरूमा भुलेका ।
भविष्य हाम्रो त कता-कता छ !
उत्ताउलो नाच जता-तता छ ।।१२९।।

नेता हरे ! उत्तरका ठुला रे
धर्मै भए पश्चिमका भला रे ।
बने सबै दक्षिणका गुलाम
कोही नमस्ते ! अरु ता सलाम ।।१३०।।

मूला अविद्या तम-मूल नै हो
आफू नजानेर अनाफू मान्नु ।
अज्ञान, माया, भ्रमरूप नै हो
भ्रमात्म, अध्यास त हो नि ठान्नु ।।१३१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डोरी थियो सर्प भनेर तर्स्यो
द्विचन्द्र देख्यो तर एक नै हो ।
सिपी र चाँदी नचिनेर बिर्स्यो
तूला अविद्या पनि कार्य नै हो ।।१३२।।

अज्ञान नै कारण हो अविद्या
आत्मा नजाने भव-मूल बन्छ ।
ब्रह्मात्मको बोध भयो नि विद्या
सामान्य अज्ञान सदा रहन्छ ।।१३३।।

अज्ञान तूला न त हानि गर्छ
सामान्य अज्ञान रहीरहन्छ ।
अज्ञान मूला सब भस्म गर्दा
स्वरूपको बोध हटेर पर्दा ।।१३४।।

बोधले मुक्त हुन्छ

शिष्यको उद्‌गार-महाकाव्य विषयमा

यसो छैन, उसो छैन, त्यो पनि लौ नभन्नुहोस् ।
पूर्ण ता परमात्मा हो, उसैभित्र त खोज्नुहोस् ।।१३५।।

जे, जे छ यसमा त्यो छ, त्यो, त्यो मात्रै त पढ्नुहोस् ।
जे छैन यसमा छैन, छैन भन्दै नछोड्नुहोस् ।।१३६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

निवेदन यही मेरो, पढ्नुभो धन्यवाद छ ।
महाकाव्य भयो नौलो, न ता वाद-विवाद छ ।।१३७।।

जानेको छैन है बाबा ! दुबै हात उठाउँछु ।
नाङ्गो रूप यही नै हो, लम्पसार म पर्दछु ।।१३८।।

मेरो भाँडो त यत्रै छ, अटाउन्नन् सबै कुरा ।
ध्यान दिन्नँ म जानेरै, भिना र मसिना भुरा ।।१३९।।

अन्यत्र पनि पाइन्छन्, संसारभरका कुरा ।
हास्य, व्यंग्य र श्रृङ्गार, गन्धा र वादका छुरा ।।१४०।।

आध्यात्मिक भए शान्ति, स्थायित्व त्यसमा हुने ।
पस्नुहोस् वाटिकाभित्र, क्रमैले शान्ति पाइने ।।१४१।।

नाङ्गिएर यहाँ पस्नोस्, भरिएर त जानुहोस् ।
भरिएर यहाँ पस्नोस्, नाङ्गिएर त जानुहोस् ।।१४२।।

यहाँ जो, जति राम्रा छन्, उनैका शब्द-शब्द हुन् ।
कम्जोरी र कमी मेरा, स्वीकार्छु भन्न पाउँछन् ।।१४३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो नासिने देह र गेहभित्र
नानासिने ब्रह्म शिवात्म मित्र ।
भेट्टाउने साधन हो पवित्र
बुझ्यो भने देह विचित्र चित्र ।।१४४।।

देहादिको ता महिमा अपार
बस्ने, नफस्ने पुगिने नि पार ।
कृपा उनैको वरदान पाको
ब्रह्मात्मको बोध गरे त पाको ।।१४५।।

सबै कुराको अनुकूल यो हो
यो साधना क्षेत्र पवित्र नै हो ।
यो गेह देहै करबाट मैले
भो साधना-तत्त्व कवित्व ऐले ।।१४६।।

जे देख्छु साँचो कविता म लेख्छु
वेदान्तको मर्म बुझेर भन्छु ।
कोरा पढेंको अनुवाद हैन
वेदान्तको दर्शन बोध छैन ।।१४७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

नजान्नुबाटै म त जान्नुमा छु
जान्ने भएरै त नजान्नुमा छु ।
नजानिने त्यो कसरी म जान्ने ?
स्वरूप मेरै कसरी नजान्ने ।।१४८।।

ईर्ष्या नगर्नु नै राम्रो, अर्काका धन, मानमा ।
बितोस् जीवन यो सारा, रामकै गुण-गानमा ।।१४९।।

पाप हो लोभको पुत्र, पापी ता डुब्छ नर्कमा ।
सकाम पुण्य भो कर्म, भोग भोगिन्छ स्वर्गमा ।।१५०।।

लोभले लाभ के हुन्थ्यो, अलाप र विलाप भो ।
लोभी, क्रोधी र पापीको, नर्कमा नै मिलाप भो ।।१५१।।

चित्त लागोस् सदाकाल, ज्ञान, ध्यान र दानमा ।
मुखमा, कानमा राम, शुद्ध होस् खान-पानमा ।।१५२।।

लोभ-मोह पुरै नष्ट, गर्नु पर्दछ आज नै ।
सद्गुरु, शास्त्र, अभ्यास, वैराग्यबाट हुन्छ नै ।।१५३।।

मान्छेको जिन्दगी के हो ? पानी फोका सरी त हो ।
भुतुक्कै हुन के बेर ? गरे ज्ञान त मुक्त भो ।।१५४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

जीवन्मुक्त भई बाँच्नु, बाँच्नु हो नत्र मर्नु हो ।
वेदादि शास्त्रको मर्म, बुझेरै कर्म गर्नु हो ।।१५५।।

कति लुट्पुटिने होला, सम्पत्ति, परिवारमा ।
धन वा मन लागोस् है, सेवा र उपकारमा ।।१५६।।

संसारी, विषयी, भोगी, भोगकै वाक्य वक्तछ ।
अचानक कुनै बेला, प्राण यो छुट्न सक्तछ ।।१५७।।

लिएर रामको नाम, होसियार सदा बन ।
अभ्यास गर्नु शास्त्रैको, कि ता सत्सङ्ग पावन ।।१५८।।

विराग हुनु नै पर्छ, संसारबाट आज नै ।
विषयादि बिसै हुन् है, भोगमा सुख,शान्ति खै ?१५९।।

सारा जीवन बर्बाद, भोगकै, रोगकै कुरा ।
धिक्कार जेलिए झैं छौं, माकुरा जालका किरा ।।१६०।।

धेरै समय गो व्यर्थ, कुरामा राजनीतिको ।
युवा हिरिक्क भो दिक्क, वार्ता भोग र भीतिको ।।१६१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चाताप गरे वृद्ध, बेलामा गरिएन रे ।
बाल्यावस्था त खेल्दैमा, पढाइमैं बितेछ रे ।।१६२।।

कमाउ, खाउ वा लाउ, मोजैमा जिन्दगी अरे ।
पछुताउनु पर्ला है, रोगका रासमा परे ।।१६३।।

विचार गर्नु आजै नै, सबै छोडेर जानु छ ।
पापको, पुण्यको पोको, मात्रै बोकेर लानु छ ।।१६४।।

अर्काकै मात्र चर्चा किन, कति गरने आत्म चर्चा गरौं न
आफू आत्मा भएरै तनतिर मन गो ब्रह्मवार्ता भनौं न ।
मिथ्या यो लोक-वार्ता हरबखत गरे के त कल्याण होला ?
आत्माको ब्रह्मको वा हरि हर रविको ज्ञानले मुक्त चोला ।।१६५।।

दौडादौडी गरेका जन-मन-धनले शान्तिको आश गर्दै
लाखौं-लाखौं, करोडौं त्रिभुवन भरमा काम-भाँडो नभर्दै ।
पुण्यात्मा, भाग्यमानी मन-मथन गरी शान्ति-साम्राज्य पाए
पापात्मा भोग खोज्दै धनजन बटुली रोग खाए, बिलाए ।।१६६।।

ज्यूँदो उत्साह बोकी अमरपथतिरै लाग्नुले ज्योति बल्छ
मोक्षार्थी भै बढेमा अगम गति दिने मोक्षको द्वार खुल्छ ।
आफ्ना जो-जे-जहाँ छन् सबतिर सबको आत्मकल्याण हुन्छ
आफू नै हो सबै नै शिवशरण परे पाप सम्पूर्ण धुन्छ ।। १६७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो मेरो साधनाले गुरुतम गुरुको दिव्य यो दृष्टि पाएँ
आफ्नै आस्था र श्रद्धा क्रमसित बढने मुक्ति मैले कमाएँ ।
आत्माको नित्य खोजी हरिचरण भजे लक्ष्यमा नै पुगिन्छ
आफ्नो कर्तव्य पूरा जनममरणको वासना नै चुडिन्छ ।।१६८।।

सदानन्दी आत्मा परमपदको चेतन धन
म ता अद्वैतात्मा शिवशिखरमा स्थापित मन ।
बुझेँ मैले आफू अवतरित कूटस्थ तनमा
नमर्ने प्रज्ञात्मा निखिल भवमा छैन उपमा ।।१६९।।

जान्नैपर्ने ब्रह्मविद्या रहेछ
खोज्दा-खोज्दै लौन आफू छुटेछ ।
आत्मा जाने ब्रह्मको बोध हुन्छ
ब्रह्मात्माको बोधले मुक्त हुन्छ ।।१७०।।

शिवमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम सर्ग

कमल खण्ड

(ब्रह्म र ज्ञान)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम सर्ग

कमल खण्ड

(ब्रह्म र ज्ञान)

शिष्य-

ब्रह्म हो कति कुरा गुरु भन्नोस्
शिष्य हुँ शरणमा मन चिन्नोस् ।
पात्र हुँ यदि भने म त आत्मा
बोध गर्छु सहजै परमात्मा ।।१।।

ज्ञान हुन्छ कसरी किन गर्ने ?
ब्रह्मबोध नगरी किन मर्ने ?
लौन लौ चरणमा गुरु पर्छु
बोध खातिर म जे पनि गर्छु ।।२।।

सद्गुरु-

राम्रो मीठो प्रशन तिम्रो छ बाबु
ज्ञानी बन्दै मुक्त बन्ने छ दाउ ।
सुन्दै जाऊ ब्रह्म के हो म भन्छु
त्यस्तै तिम्रो ज्ञानमा दृष्टि दिन्छु ।।३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेद छोडे त ती तरे

ब्रह्म सत्य सब हो जग शेष
ज्ञान गर्नु यसकै वन बेस ।
ब्रह्म चित् र सुख एक भएको
ज्ञान गर्नु भव यो नभएको ।।४।।

वर्ण आश्रम नै छैन, पारमार्थिक दृष्टिमा ।
ब्रह्मदृष्टि भए मात्र, संसार छैन सृष्टिमा ।।५।।

आफू नाङ्गो भई आजै, फुकाल खोल, नेल ता ।
पन्छाउ विश्व ब्रह्माण्ड, आफू शेष विशेषता ।।६।।

तिमीभित्र नहोस् द्वेष, विद्वेष बाहिरै नहोस् ।
क्लेश मुक्त भए भैगो, विश्व यो नरहोस्, रहोस् ।।७।।

भएको बन्न के गाऱ्हो ? मिथ्या फाल्न बुझे भयो ।
आफू मुक्त सदाकाल, अस्तित्त्व विश्वको गयो ।।८।।

मैले म चिन्नु हो ज्ञान, अज्ञान ता नचिन्नु हो ।
संसार सत्य मान्नु ता, अज्ञान, भ्रमज्ञान भो ।।९।।

शास्त्र हुन् बुद्धिका खेल, सबै बुद्धि बुझी झिक ।
बुद्धिराहित्य हो आफू, शास्त्रबाटै तिमी सिक ।।१०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीव+ब्रह्म हुने एक, नाङ्गो बन्न सके पुग्यो ।
फुकालेर सबै छोडे, आत्मसाम्राज्यमा डुब्यो ।।११।।

सुषुप्तिमा पुगी हेर, अनायासै त नाङ्गिने ।
समाधिमा हुने नाङ्गो, आनन्द मात्र भाङ्गिने ।।१२।।

बाँचिन्छ नचिताएरै, अभ्यास दृढ भो भने ।
विश्वम्भर सबै गर्छन्, शास्त्रले उहिले भने ।।१३।।

ब्रह्म मात्र थियो पैले, अहंको स्फुरणा भयो ।
अहं हो पहिलो च्यूति, मनमा बासना थियो ।।१४।।

ममकार, अहंकार, आकार फैंलदै गयो ।
अनर्थ पनि बढ्दै गो, जीवको दुर्दशा भयो ।।१५।।

जीवले बुझ्नु नै पर्छ, म ता शिवस्वरूप हुँ ।
अखण्डाकार भो चित्त, अब छैन नि हुँ, नहुँ ।।१६।।

तिमी मुक्त थियौ बाबा, मानेमा आज मुक्त छौ ।
मुक्ति-दर्शनले भन्छ, तिमी नित्य विमुक्त छौ ।।१७।।

जड हुन् देह-गेहादि, छुट्टिएर तिमी बस ।
आजै मुक्त तिमी बन्छौ, भवमा छैन लस्पस ।।१८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छे निर्णयको पोको, मति जस्तै हुने गति ।
मुक्त छु मान्नुमा लाभ, होओस् है विश्व विस्मृति ।।१९।।

तिम्रै प्रकाशले विश्व, भएको हो प्रकाशित ।
तिमी मात्र भएका हौ, बाँकी सम्पूर्ण कल्पित ।।२०।।

प्रसूतिको पिडा भोग्छन्, जस्को छ गर्भमा शिशु ।
मनुष्य गर्दछन् ज्ञान, के गर्थे विचरा पशु ।।२१।।

जुन्किरी बाल्छ रे बत्ती, न उज्यालो, न उष्णता ।
पढेका मूर्खको ज्ञान, न शान्ति, न त शिष्टता ।।२२।।

मरुड मात्रले जान्ने, आकाश कति व्यापक ।
ब्रह्मको ज्ञान, आनन्द, ज्ञानी मात्र सुमापक ।।२३।।

संसारी भोगकामीले, भोग भोग्छ यताउतै ।
भुल्काले दिनमा देख्छ, अन्धकार जताततै ।।२४।।

नदी तार्ने भए माझी, ज्ञानी पितृ उतार्दछन् ।
वैद्य रोग निको पार्छन्, हत्यारा जीव मार्दछन् ।।२५।।

कालो सर्प महाक्रूर, अक्रूर कृष्णभक्त हुन् ।
हाम्रो स्वभाव हो मुक्त, ज्ञानी बुझेर मुक्त छन् ।।२६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो स्वभाव नै हैन, दुःख चिन्ता र भोग ता ।
आनन्द, शान्ति, सन्तोष, स्वभाव हो निरोगिता ।।२७।।

हामी अमर आत्मा हौं, मुक्त छौं, मुक्त नै थियौं ।
गुरु, ईश कृपा पाए, ज्ञानले मुक्त नै भयौं ।।२८।।

सनकादि, वसिष्ठादि, अखण्ड ब्रह्मचिन्तन ।
गर्दथे र त मुक्तैथे, बन्यो जीवन पावन ।।२९।।

आत्मचिन्तन गर्नाले, सम्पूर्ण पाप नासिने ।
संसारकै गरे वार्ता, पुण्य मासेर भासिने ।।३०।।

विषयादि बिसै रेछन्, सम्झेमा पनि पोलने ।
ब्रह्मचिन्तनले शान्ति, ब्रह्मानुभव बोलने ।।३१।।

नाना तर्क र सिद्धान्त, बुद्धिका हुन् सुचालन ।
शास्त्र जान्ने भए वक्ता, फोस्रा दर्शन, भाषण ।।३२।।

फाल्नै पर्दछ सारा ती, खोपडीमा भए जति ।
नाङ्गिएमा हुने शान्ति, बोध, तृप्ति समुन्नति ।।३३।।

देह, गेहादि भन्दैमा, सारा जीवन गैसक्यो ।
न ता शान्ति, न ता तृप्ति, जाने बेला त भैसक्यो ।।३४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूले मनमा नाना, भेदको कल्पना गरे ।
वासना, कलना, नाना, भेद छोडे त ती तरे ।।३५।।

म ता पूर्ण आत्मा

मरेरै गएका कठै ! फर्किएनन्
त्यहाँ के, कसो भो त केही भनेनन् ।
यहीं नै सबै काम सक्नै परेको
अजन्मादिको ज्ञान गर्नै परेको ।।३६।।

अनात्मा र दुःखी म ता जीव हैन
विकारी, प्रमाता ममा मृत्यु छैन
म साक्षी, चिदात्मा, शरीरादि भिन्न
म आकाश जस्तै अखण्डै अभिन्न ।।३७।।

भुटौं वासनाको जरो नै उखेलौं
विरागी भएरै भुटो खेल खेलौं ।
शरीरादि ता नाश पक्कै हुने छन् ।
भजौं राम वा कृष्ण ता नित्य नै छन् ।।३८।।

कृपाले मिलेको मिठो जिन्दगानी
अझै सार्थकै होस् सदा होस् बिहानी ।
म ज्ञानी भएमा सबै मुक्त हुन्छन्
यही हो नि पक्का सबै शास्त्र भन्छन् ।।३९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

म भन्ने चराले मलाई भुले छ
नभन्ने चराको स्वयंमा खुले छ ।
म, मेरो भनेरै अनेकौं भए छ
म, मेरो नभन्ने सदा एक नै छ ।।४०।।

मलाई त मैले फकाएँ, छकाएँ
हरे ! जिन्दगानी मफत्मा बिकाएँ ।
खुले आज आँखा म ता जीव हैन
अहा ! ब्रह्म, आत्मा ममा मृत्यु छैन ।।४१।।

म सुन्ने, म गुन्ने, म बुझ्ने म आत्मा
गृहस्थाश्रमैमा बसेको महात्मा ।
मलाई त मैले नमर्ने बनाएँ
म ता ज्ञान गर्ने भनेरै त आएँ ।।४२।।

कृपा भो उनैको खुले ज्ञान दृष्टि
म आत्मा, महात्मा कतै छैन सृष्टि ।
सबै नै बिलाए म ता केवलात्मा
भने वेद-वेदान्तले एक आत्मा ।।४३।।

अमुक्तादिको भाव आजै छुटेमा
म ता मुक्त आत्मा शिवैमा जुटेमा ।
न केही छ झिक्ने न ता थप्नु केही
म ता पूर्ण आत्मा न ता देह, देही ।।४४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

बोध हुन्छ है

सदा राम भज्दै म आराममा छु
उनैका कृपाले स्वयं बोधमा छु ।
अहा ! भित्रभित्रै रमाएर बस्ता
न ता स्वस्थ ता देहमा भस्म घस्ता ।।४५।।

यताको, उताको कुराले त के भो ?
म आत्मा बुझेमा ठुलो लाभ नै भो ।
विनासी, अनात्मा धनै छोड्नु पर्छ
म ता नित्य आत्मा मनै मोड्नु पर्छ ।।४६।।

गुरुका कृपाले, म मेरै कृपाले
सदा ईश्वरैका कृपाले, दयाले ।
कृपा शास्त्र गर्छन् पढेमा, सुनेमा
सबैको कृपा भो म मुक्तै भएमा ।।४७।।

मनमा राम राखेर, घरमा, वनमा बस ।
रामतत्त्व बुझे ज्ञान, भित्रैभित्र तिमी पस ।।४८।।

अध्यारोप गरे हुन्छ, संसार, व्यवहारको ।
अपवाद त गर्नै छ, मिथ्या मानेर विश्वको ।।४९।।

वसिष्ठ भन्दछन् राम ! संसार मात्र कल्पना ।
तिमी ता मुक्त हौ ब्रह्म, छोड भोग र वासना ।।५०।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूपमा छ चिन्मात्र, आफू ब्रह्म सनातन ।
संसार चित्तको खेल, चित्त चैतन्य चिन्तनं ।।५१।।

सच्चिदानन्द हो ब्रह्म, मूर्तामूर्त परात्पर ।
सृष्टिलाई लिई हेर्दा, ब्रह्मा, विष्णु, महेश्वर ।।५२।।

शब्दातीत, गुणातीत, अवाङ्मनसगोचर ।
मायातीत कलातीत, ब्रह्म नै बन्छ ईश्वर ।।५३।।

माया साथ भई मुक्त, सृष्टि गर्दछ ईश्वर ।
सृष्टि सत्य नमानेमा, ईश्वरै ब्रह्म भास्वर ।।५४।।

व्यवहार भए सृष्टि, छैन है परमार्थमा ।
देखिए पनि यो हैन, सुषुप्ति र समाधिमा ।।५५।।

अजातवादले भन्छ- सृष्टि छैन कुनै क्षण ।
कल्पना विश्व ब्रह्माण्ड, हैन, छैन कुनै कण ।।५६।।

भएको हो भने विश्व, सुषुप्तिमा कहाँ गयो ?
समाधिमा अझै छैन, जगत्मिथ्या सही भयो ।।५७।।

नचिताएर जागा हौ, तिमी ब्रह्म सनातन ।
सृष्टि सम्भावना छैन, सच्चिदानन्द नै बन ।।५८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वप्न झैँ सृष्टि देखिन्छ, जागेमा छैन, छैन है ।
जाग्रत्मा तिमी जागेमा, ब्रह्मको बोध हुन्छ है ।।५९।।

आफू भएरै अरूलाई भन्नु

कुरा धेर गर्ने भुरा नै भुरा हुन्
बुझी मौन बस्ने महात्मा सुरा हुन् ।
स्वरूपाभिमानी सदा मौन बस्छन्
कठै देहभित्रै नबुझ्ने त फस्छन् ।।६०।।

कि ता कृष्ण, राधा, कि ता राम, सीता
कि काली र भोला, पिता वा कि माता ।
सदा भज्नुपर्ने कृपा प्राप्त गर्ने
कृपाले यिनैको अह बोध भर्ने ।।६१।।

म आएँ यहाँ के कमाएर जाने ?
कि नाङ्गो म ता पूर्ण भै पूर्ण लाने ।
म राम्रो, म ठूलो, म आत्मा, महात्मा
म जाने, नजाने यही नै छ हात्मा ।।६२।।

तिमी जीव हैनौ, अहा ! ब्रह्म नै हौ
तिमी वेद-वेदान्तका मूलमा छौ ।
म सत्मा, म चित्मा, म आनन्दमा छु
यही बोध पक्का म ता मोक्षमा छु ।।६३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

मदेखि भिन्न ता सबै विनासिने चराचर
नृनासिने म मात्र हुँ, म नित्य हुँ परात्पर ।
अनात्म विश्व छोडदा म आत्मरूपमा रहें
नथप्नुमा, नझिक्नुमा म जो थिएँ, त्यही भएँ ।।६४।।

सरक्क पन्छिनु अहा ! अनन्त शान्ति मिल्दछ
म देह, गेहमा भुले अभावले त चिल्दछ ।
बनाउने त भन्दछन् कदापि यो बनेन नि
स्वयं बने त हुन्छ है, म सत्य, नित्य हुन्छु नि ।।६५।।

प्रभाव वेदको परोस् अभाव के छ आत्ममा ?
अनन्त शान्ति मिल्दछ ममा तिमी-तिमी ममा ।
समस्त वासना उडे म मात्र शेष विश्वमा
म शुद्ध, बुद्ध, मुक्त हुँ, विशेषमा, अशेषमा ।।६६।।

गरौं न साधना सदा, असीम बोध खुल्दछ
म नाङ्गिएर बस्नुमा प्रबुद्ध पुष्प फुल्दछ ।
म पूर्णबाट पूर्ण हुँ म नित्य, सत्य, आत्म हुँ
नजन्मने, सदा, हुने अखण्ड आत्म-दीप हुँ ।।६७।।

म राम्रो तिमी छौ त राम्रा विवेकी
मजस्तै अकामी, भलाद्मी, छिमेकी ।
म राम्रै बनेमा सदा शान्ति, शान्ति
हरामै बनेमा अशान्तै अशान्ति ।।६८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म जस्तै त राम्रो म मात्रै रहेछु
मलाई त चिन्ने म मात्रै त हुन्छु ।
अरू ता विनासी, विधर्मी, प्रवासी
म ता नित्य आत्मा, स्वधर्मी, स्ववासी ।।६९।।

न ता दृश्य साँचो, न यो विश्व नित्य
सबै हुन् अनात्मा, विकारी, अनित्य ।
म ता ब्रह्म, साक्षी सदानन्द बुद्ध
चिदात्मा, महात्मा, गुढात्मा, प्रबुद्ध ।।७०।।

म नै भूतमा थें, म हुं वर्तमान
अनन्तै म ता हुँ, म नै ब्रह्म-ज्ञान ।
म चिन्ता नगर्ने नसोच्ने भविष्य
म बाहेक सारा अनात्मा र हिस्स ।।७१।।

म मुक्तै भएमा सबै मुक्त हुन्छन्
अहा ! ज्ञानले नै सबै नै नुहुन्छन् ।
म ता ब्रह्म मान्छे नमर्ने नसर्ने
सदानन्द आत्मा स्वयंमा विचर्ने ।।७२।।

म आत्मा बुझेमा, परात्मा बुझिन्छ
बुझेरै त यो जीव नै ब्रह्म बन्छ ।
म मुक्तै भएरै युगौंसम्म बाँच्ने
म छुट्टेर बस्ने, यसैलाई साँच्ने ।।७३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न पृथ्वी, न पानी, न ता तेज, वायु
न आकाश साँचो सबैको छ आयु ।
तिनै देह मिथ्या, गुणै, कोश झुट्टा
म एक्लो म आत्मा बसेको म छुट्टा ।।७४।।

न ता शास्त्र, शिक्षा, न ता यो प्रपञ्च
न ता तर्कको, योगको, घन्चमन्च ।
न थप्ने, न झिक्ने, म ता पूर्ण नाङ्गो
म आकाशजस्तै न सोझो, न बाङ्गो ।।७५।।

विश्वास गर्दा गुरु, ईश, आत्ममा
आनन्द मिल्ने छ सदा स्वरूपमा ।
म मात्र बाँकी अरू ता हराउने
ज्ञानी बनेमा किन ? को ? डराउने ।।७६।।

अनात्म पन्छाउन यत्न गर्नुहोस्
आत्मा स्वयं बोध गरेर बन्नुहोस् ।
संसार मिथ्या, विषयादि छोड्नुहोस्
शिवात्ममा जीव लगेर जोड्नुहोस् ।।७७।।

वेदान्तले ब्रह्म विचार गर्नमा
देखाउने मार्ग भवाब्धि तर्नमा ।
बेला भयो लौन फरक्क फर्कनोस्
भोगादिबाटै त तरक्क तर्कनोस् ।।७८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरौं न नित्य चिन्तन

संसारमा नै अब के छ लस्पस
मिथ्या जगत् छोड र सत्यमा बस ।
कल्याण तिम्रो शिव आत्म बन्नुमा
आफू भएरै अरूलाइ भन्नुमा ।।७९।।

पानी फोका सरी यो क्षणभर रहने, छैन विश्वास पक्का
खेलाडी झैं फसेरै नभनन हरे ! आज चौका र छक्का ।
यौटा मात्रै सहारा त्रिभुवन घुमे, ईश्वरैको कृपा छ
तिम्रा, हाम्रा सबैको थर-घरतिरको, हाल बेहाल नै छ ।।८०।।

'म को हुं ? आफैंले, मन वचनले शोधन गरौं ।
म आत्मा, त्यो आत्मा जल, थल सबै आत्म विचरौं ।।
महावाक्यै बोलौं श्रवण पछि नै 'ब्रह्म म' भनी ।
पढी वेदान्तैको अमर फल 'ब्रह्मात्म म' भनी ।।८१।।

बाँधिएको भनी माने, तिमी बन्धनमा पऱ्यौ ।
थियो शिखरमा बास, नमाने तल नै झऱ्यौ ।।८२।।

मान्नुमा चल्छ संसार, नमाने छौ तिमी तिमी ।
'नेति नेति' भनी वेद, भन्छ छैन रिमीझिमी ।।८३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व ब्रह्मण्डका प्राणी, मान्यताभित्र नै परे ।
ब्रह्म माने भए ब्रह्म, नमाने तल्तलै झरे ।।८४।।

स्वीकृति मात्र संसार, तत्त्व-शून्य छ यो भव ।
तत्त्व ता ब्रह्म मात्रै हो, ब्रह्म बन्दै सुखी भव ।।८५।।

दुःखी भएर बाँच्ने ता, स्वभाव विपरीत हुन् ।
अन्यथा नै समात्नेमा, मूर्ख, पामर, धूर्त हुन् ।।८६।।

सुषुप्ति, स्वप्नमा बाँच्ने, संसारी भोगमा डुबे ।
नित्य जाग्रत्मा बस्ने, संसारबाट उत्रिए ।।८७।।

हाम्रो जीवन हो धन्य, वेदान्त सुन्न पाइयो ।
पूर्वका पुण्यले आज, मान्छे भैकन आइयो ।।८८।।

सुनेको शास्त्रको सार, बुझी अनुभवै गरे ।
धन्य धन्य तिनै हुन्छन्, भवसागर नै तरे ।।८९।।

अनुवाद भए मात्रै, शास्त्रको उपदेशको ।
सामान्य लाभ ता होला, सत्सङ्गमा प्रवेशको ।।९०।।

गुरुको, शास्त्रको शिक्षा, सुनेर गुन्नु पर्छ है ।
गुनी जीवनमा उन्ने, सत्पात्र बनिएछ है ।।९१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताली ठोकेर पुग्दैन, क्या राम्रो भन्न जान्दछौ ।
कुरा, पुस्तक, व्याख्यान, वेदान्त यत्ति ठान्दछौ ।।९२।।

बाहिरी नाम वा दाम, होला आश्रम भव्य ता ।
भित्र बोध हुनै पर्छ, ज्ञानको नै विशेषता ।।९३।।

मलाई मनपर्ने म, अरूलाई अरूहरू ।
अक्षर ब्रह्म राम्रो म, अग्नि, आज्य अरू चरु ।।९४।।

मलाई चिन्न मैले नै, प्रयत्न गर्नु पर्दछ ।
म चिने सकियो काम, नचिने मर्नु पर्दछ ।।९५।।

मभित्र महरू दोटा, म दृश्य मर्त्य, स्थूल हो ।
म द्रष्टा, शुद्ध साक्षी हुँ त्यही म बिम्ब, ब्रह्म हो ।।९६।।

कर्ता, भोक्ता, प्रमाता ता, प्रतिबिम्ब र जीव हो ।
अकर्ता शिव, संहर्ता, आत्मा म बोध मुक्त भो ।।९७।।

म को थिएँ, म के भएँ, मलाई छैन थाह रे
मदेखि भिन्न बोधमा प्रशस्त हुन्छ मान रे ।
कठोर साधना भए स्वरूपको प्रबोधन ।
म आत्मको, म मात्रको गरौंन नित्य चिन्तन ।।९८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव हुँ भने हुने

अनात्म वस्तु छोड है, म आत्मरूपमा बस
अखण्ड शान्ति मिल्छ है, मभित्रभित्र नै पस ।
हटुन् समस्त वासना न भोगको, प्रवृत्तिको
प्रवाह नित्य नै चलोस् विशुद्ध ब्रह्मवृत्तिको ।।९९।।

म बाँच्नु पर्छ जे गरी अरू सबै मरे मरून्
यही त आज विश्वको मनुष्यको स्वभाव छ ।
ममाथि पुग्नु पर्दछ अरू तलै झरे झरून्
छ मारकाट सर्वदा विशुद्धता अभाव छ ।।१००।।

अनात्मका प्रचारमा म आत्म ता कता-कता
म आत्मका विचारमा अनात्म ता छ वेपता ।
विरोध देखिने सदा म आत्मको अनात्मको
म बोधमा अबोध रे अनादिकालदेखिको ।।१०१।।

म आत्मा, त्यो आत्मा शिवशरणमा भेद नहुने
सबैमा एकात्मा बुझ्न सकदा दुःख नछुने ।
बुझे गीता, सीता भव-विभव एकै समझमा
हुने आत्मानन्दी शिव-शिव अहा ! ज्ञान गरिमा ।।१०२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अझै मर्ने- सर्ने नगरन कुरा भोग्न अधुरा
अझै बासी-तासी अमन नभई खानु छ पुरा ।
उठौं, लागौं, जागौं, गुरुशरणले ज्ञान गरने
यही बेला हो है समय नबिती पार तरने ।।१०३।।

म को हुं ? आएको किन र कसरी ज्ञान भरने ?
अनेकौं जिज्ञासा क्रमसित समाधान गरने ।
पुगेमा ज्ञानीका गुरुशरणमा बोध गरियो
स्वयं ब्रह्मात्मा भै भुवन-वन नै पार तरियो ।।१०४।।

श्रवण- साधकको मन शुद्ध होस्
मननमा मनमा सुख शान्ति होस् ।
मन उपासनमा दृढ भो भने
शिव-शिवा अपरोक्ष सदा हुने ।।१०५।।

कलमले मन शुद्ध गराउने
श्रुति-सुधातिर चित्त लगाउने ।
सरल साधन यो गुरु भेटिने
यदि दया हुन गो भव मेटिने ।।१०६।।

अमरतातिर नै मन लोभियोस्
विमल चित्त बनाउन शोभियोस् ।
मन सदा शिवमा, शिवमांथमा
अब विनायक वा शिवसाथमा ।।१०७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमन होस् विषयादि सबैतिर
मननले मन शुद्ध र सुस्थिर ।
शरणमा शिवको अब पर्नुहोस्
स्वरूप-बोध गरी भव तर्नुहोस् ।।१०८।।

मनले मनको सुधार होस्
धनको अभिमान मासियोस् ।
शिवको महिमा ठुलो भन
शिव-दर्शनले शिवै बन ।।१०९।।

जपमा, तपमा बसेपछि
मन शुद्ध हुने गरेपछि ।
जब भो सबमा समानता
श्रुतिसम्मत भो महानता ।।११०।।

शिवमा जब जीव एक भो
श्रुतिमा, स्मृतिमा यही त हो ।
अब आत्म सुधारको, म को
गर चिन्तन है परात्मको ।।१११।।

अब धेर कुरै-कुरा गरी
नबिताउनुहोस् जनं मरी ।
म त जीव भनी उनी रुने
शिवले शिव हुँ भने हुने ।।११२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

नपाइने यो धन खर्चनाले
नदेखिने यो तन अर्चनाले ।
न यो यता मात्र उता-कता छ
बुझेर हेर्दा त जता-तता छ ।।११३।।

पढिन्छ यो वा न त लेखिइन्छ
आँखा र चस्मा न त देखिइन्छ ।
सुनिन्छ यो वा न त चाखिइन्छ
छोइन्छ यो वा न त यो सुघिन्छ ।।११४।।

यस्तो छ यो ता उपमा त छैन
त्यस्तै छ जस्तो नमुना त हैन ।
अद्वैत हो एक भनी नमिल्ने
आफू मजस्तै मनमा नभुल्ने ।।११५।।

मैले मलाई म भनेर चिन्दा
जन्मादि मुद्दा छिचलेर छिन्दा ।
उद्रेक आनन्द कता-कता हो ।
भन्नै नसक्ने र जता-तता हो ।।११६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

वेदादि व्याख्या सुविचार छर्ने
ओम्कारले इङ्गित मात्र गर्ने ।
आकाश ता ब्रह्म र शब्द नै हो
जे हो त्यही हो हुनु मात्र नै हो ।।११७।।

अरण्य यो होइन वाटिका हो
यो हैन है नाटक नाटिका हो ।
सानो म मान्छे उसमा म नाङ्गो
उद्देश्य ठूलो मन छैन बाङ्गो ।।११८।।

पसेर हेर्नोस् म कता-कतै छु
बुझेर पढ्नोस् म जता-ततै छु ।
वेदान्त दर्शाउन काव्य लेखें
यस्तै गरेको गुरुले नि देखें ।।११९।।

यो काव्य मीठो रसिलो कथाको
वेदान्त चर्चा भवको व्यथाको ।
पुराण सारा कविता-कथा हुन्
वेदान्तकै सूक्ष्म यथा-तथा हुन् ।।१२०।।

कर्ता र भोक्ता म त हैन, छैन
निमित्त मात्रै कवि-काव्य मौन ।
बोल्दैन यो काव्य कथा लिएर
खोल्दैन है दृश्य सुधा पिएर ।।१२१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त गम्भीर भएर बस्ने
संसारको मोहतिरै नफस्ने ।
वेदान्तको यो महिमा अपार
हुँ शिष्य नाङ्गो गुरु पार तार ।।१२२।।

वेदान्त नै फुल्दछ वाटिकामा
संस्कार नै खुल्दछ वा टिकामा ।
काँडा त होलान् अथवा नहोलान्
बास्ना बिनाका पनि फूल होलान् ।।१२३।।

यो कोपिला हो दिनुहोस् त फुल्न
यो फूल नै हो लिनुहोस् त भुल्न ।
यो वाटिकामा कति के छ शोभा
गर्नोस् समीक्षा अथवा अशोभा ।।१२४।।

म लेख्नलाई जति नै स्वतन्त्र
बुझेर लेख्नोस् उति नै स्वतन्त्र ।
पढेर वेदान्त बुझेर आफू
बनेर भन्दा हटने अनाफू ।।१२५।।

म बन्नुहोस् चिन्न मलाइ पूर्ण
सामान्य चिन्दा त भयो अपूर्ण ।
यौटा म पाटो त कदापि हैन
लुगा नहेरे त सकिन्छ चिन्न ।।१२६।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समग्रमा व्यग्र भएर हेर्दा
नाङ्गो बनाई चिरफार गर्दा ।
म भेटिने हुँ शिवशब्दभित्र
वेदान्तको चित्रकथा विचित्र ।।१२७।।

बढ्यो भने पित्त त चित्त दुख्ने
घट्यो भने वायु त आयु घट्ने ।
भण्डार हो यो कफ, वात, पित्त
सुधारने हो मन, बुद्धि, चित्त ।।१२८।।

संसार भोग्ने अब छैन बेला
सत्कर्म गर्नैतिर भो अबेला ।
यो सास ऐले पनि रोक्किएला
मरे-जलेमा कति के त गर्ला ? ।।१२९।।

धिक्कार, बेकार त जिन्दगानी
रानी र नानी, जननी खरानी ।
आजै, अहिल्यै पनि जानुपर्ला
उपाय एकै भज राम, भोला ।।१३०।।

के लान सक्छौ जति नै कमाऊ
के खान सक्छौ जति नै बनाऊ ।
वैराग्य भो तीव्र त शान्ति होला
बेला छदैमा भज राम, भोला ।।१३१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोड्नै पर्ने विषय विष हो आज नै छोडिहालौं
जोड्नै पर्ने मन त शिवमा आज नै जोडिहालौं ।
यौटा मात्रै गरन सकिने काम हो ब्रह्मबोध
संसारीको नगरन् कुरा बास, बाटो नसोध ।।१३२।।

गर्नै पर्ने नगरि नहुने कर्म हो ईश भक्ति
यो मात्रै हो मलिन मन धुने शास्त्रको सिद्ध युक्ति ।
सुन्ने, गुन्ने विमल मनले जीवनी शुद्ध राम्रो
आत्मामा नै रमण गरने लक्ष्य हो मोक्ष हाम्रो ।।१३३।।

शत्रु मेरा छदै छैनन्, मित्रैमित्र जताततै ।
मित्रले पनि के गर्लान्, देखे ईश यताउतै ।।१३४।।

कल्पना कलना नाना, छोडेमा सब भावना ।
एक्लो, नाङ्गो भए शान्त, बनून् है दिव्य कामना ।।१३५।।

मौनमा हुन्छ आनन्द, एकान्त स्थलमा बसी ।
आत्मचिन्तनमा डुब्दा, तुच्छ स्वर्ग र उर्वशी ।।१३६।।

आफू सत्य र नित्यात्मा, आफू आनन्द सागर ।
चितिस्वरूप नै आफू, अद्वयानन्द भास्कर ।।१३७।।

आफू मात्र चिने पुग्छ, चिन्यौ रे विश्व के भयो ?
सच्चिदानन्द आफूमा, जन्म-मृत्यु सबै गयो ।।१३८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्राम

भोगादि भोग्दा जब मात्तियौला
रोगादि लागे पछि आत्तियौला ।
यो जिन्दगानी यति मात्र हैन
श्रीरामको नाम नली भएन ।।१३९।।

कुरैकुरा हुन् सब राजनीति
संसार मिथ्या तब के छ कीर्ति ?
ब्रह्मात्मको बोध गरे मरिन्न
त्यो भोग भाँडो कहिले भरिन्न ।।१४०।।

विश्राम गर्दछु म ता गुरुदेव आज
आनन्दले हृदयमा शिवदेव राज ।
छर्लङ्ग भो, मनन भो उपदेश पाएँ
यो जीव नै शिव बुझेर बनेर आएँ ।।१४१।।

वेदान्तका श्रवणले नर-जन्म धन्य
आत्मा र ईश्वर म ता गुरुमा अनन्य ।
आनन्दसाथ मनले शिवमा रमाई
विश्रामपूर्वक बसैं शिव-राम गाई ।।१४२।।

विश्राम जीवन बनोस् हरिमा, रमामा
सन्तोष, शान्ति मिलने मन नासनामा ।
अध्यात्म-योग अथवा शिव-वन्दनामा
विश्रान्त, शान्त मन भो नचिताउनामा ।। १४३।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्राम भो मननले शिवमा शिवामा
नाङ्गो भएर बसदा तप साधनामा ।
संसार पन्छिन गए वन कन्दरामा
आनन्द भो मरण-जन्म हराउदामा ।।१४४।।

सदगुरुचरणमा व्यक्त उदगार

संसारको नाम निसान छैन
आत्मा-परात्मा समता समान ।
यो जीवनी भो अब धन्य धन्य
स्वरूपमा रूप र छैन जन्य ।।१४५।।

माता-पितामा गुरु- देवतामा
यो सृष्टि सम्पूर्ण चराचरैमा ।
कृतज्ञता ज्ञापन गर्न आएँ
नाङ्गो भएरै सब यो चढाएँ ।।१४६।।

उद्गार मेरो कसरी बताउने ?
सानो छ भाँडो कसरी अटाउने ?
छाती छ ठूलो मन, शब्द सानो
ब्रह्मात्म पाथी मन -बुद्धि मानो ।।१४७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

म ब्रह्म वाणी त अटाउदैन
शब्दादिले भन्न त आउदैन ।
मभित्र आनन्द जतातता छ
यो शब्द सीमा त यताकता छ ।।१४८।।

देखिन्छ यो शब्द र लेखिइन्छ
पढिन्छ, बोलिन्छ मिठो भनिन्छ ।
आत्मा म ता बोल्न यता नमिल्ने
शब्दादिले बोध कतै नखोल्ने ।।१४९।।

वेदान्तमा अब त शेष विशेष छैन
सुन्ने र बुझ्नु परने विषयादि हैन ।
वेदान्त -सार उपदेश लिई सुधारें
आनन्दमा मगनमस्त भई उतारें ।।१५०।।

अन्तिम उपदेश

सद्गुरु-

अन्तिम हो यो उपदेश-सार
सुन्दै र बुझ्दै गर लौ प्रचार ।
'त्यो नै तिमी हौ' बुझ वेद वाक्य
'म ब्रह्म हुँ' निर्णय बोध ऐक्य ।।१५१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'म ब्रह्म हुँ' भन्न त थालिहाल
संसारकै शेष नराख फाल ।
म भन्न बाँकी, तिमी सुन्न बाँकी
छैनन् भयौ पूर्ण त चाखिहाल ।।१५२।।

कृतज्ञता ज्ञापन

शिष्य-

कृतज्ञता ज्ञापन गर्छु पैले
कृतज्ञ आत्मा स्थिति लाभ ऐले ।
कृपा मिलेको गुरुदेवबाट
अज्ञान ता ध्वस्त भयो मबाट ।।१५३।।

मलाई लेख्न सक्तैन, मेरो कलमले किन ?
मलाई देख्न सक्तैनन्, मेरा आँखा हरे किन ?१५४।।

कोशमा शब्द नै छैनन्, मलाई व्यक्त गर्दिन ।
दृश्य सारा मरे, मर्लान्, दृक्स्वरूप म मर्दिनँ ।।१५५।।

गुणमा बाँधिए वेद, म ता निर्गुण बुद्ध हुँ ।
अशुद्ध हो सबै सृष्टि, म ता ब्रह्म विशुद्ध हुँ ।।१५६।।

अभेदमा कहाँ लेख, कहाँ लेख्नु र लेखक ।
अद्वैतमा कहाँ दृश्य, कहाँ दर्शन, दर्शक ।।१५७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलम यो जड हो, म त चेतन
कलमले कसरी मन लेखन ।
मन र बुद्धि ममा म त लेख्तिनँ
कलमले, मनले सब देख्तिनँ ।।१५८।।

जति त लेख्न सके उति शेष छन्
गणितले अब के त बताउछन् ?
सकल दर्शन नै अब थन्किए
सब समाहितमा लय भैगए ।।१५९।।

नबुझदा बुझदा अति नै फसें
अब त मौन भएर म ता बसें ।
गुण र गान त वेद बताउने
अब त शून्य समेत सताउने ।।१६०।।

शिष्य विदा

बिदा भएँ है गुरुदेव आज
यात्रा भयो पूर्ण र काम-काज ।
जे लक्ष्य बोकेर यहाँ म आको
मैले म पाको शिवबोध भाको ।।१६१।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाएँ मैले विशालै जन-मन चिरने ज्ञान- विज्ञान ऐले
आत्मा- आत्मा मिलेको समरस रसिलो ज्ञान खानोस् सबैले ।
मान्छेको जिन्दगानी असल सफल भो ब्रह्मको ज्ञानले नै
वेदादि शास्त्र सारा अनुपम विधिले बोध होस् भन्दथे नै ।।१६२।।

मैले बोलें कृपाले गुरुचरणको आशिषै दिव्य पाएँ
मैले लेखें कृपाले शिवशरणको ज्योतिले ज्ञान पाएँ ।
मैले भेटें मलाई विमल मति लिई खोज गर्दा मभित्र
मेरो ब्रह्माण्ड यौटै अमर फल दिने ब्रह्मको बोध-चित्र ।।१६३।।

कृपाको वर्षा भो गुरु, हरि, रमा, शास्त्र, शिवको
मलाई भेट्टाएँ मन अमनमा शुद्ध मनको ।
तिमीलाई तिम्रो हृदय शिवमा के कति टिकें
म ता नाङ्गो मान्छे अझ पनि यहाँ नाङ्गिन सिकें ।।१६४।।

अमर फल

आत्मा-आत्मा अमन मनको योग भो, भोग भाग्यो
गर्दा-गर्दै जप र तपले ब्रह्मको बोध जाग्यो ।
आफू खोज्दा विषय-विष छुटे भेटिएका महात्मा
आफू नाङ्गो श्रुति वचनले, ज्ञानले ब्रह्म-आत्मा ।।१६५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्य-

कृतज्ञ बन्दै गुरुदेव आज
आनन्दमा मग्न भएँ विराज ।
कृपा भएको अनमोल शक्ति
पाएर भो बोध र दिव्य भक्ति ।।१६६।।

थिएँ म पैले पनि मुक्त आत्मा
भएँ म मुक्तै अब ता परात्मा ।
आत्मा-परात्मा सब एक नै भो
जे जे छ मेरो गुरुदेवकै हो ।।१६७।।

नाङ्गो थिएँ नाङ्गिन आज पाएँ
यो ज्ञानमाला गुरुमा चढाएँ ।
प्रसाद पाउँ अब जे त हुन्छु
कृपा सबै यो गुरुकै म भन्छु ।।१६८।।

विज्ञान भास्कर सदा सबमा उदाऊन्
प्रज्ञान बोध रसमा सब डुब्न पाऊन् ।
संसारका विषयमा विषभाव आओस्
आनन्द, शान्ति भवमा अविराम छाओस् ।।१६९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्द भोग गरने शिवका छिमेकी
खोजेर शास्त्र यसमा सदसद् विवेकी ।
जिज्ञासु जान्न सकने मनले समस्त
वेदान्तको रस लिएर मुमुक्षु मस्त ।।१७०।।

लौ काव्यको रस लिनोस् नव नाटिकामा
वेदान्त पोख्न सकियो शिव-वाटिकामा ।
विज्ञान-ज्ञान यसमा अभिराम धाम
आनन्द कानन मिठो शिव राम नाम ।।१७१।।

श्रीकृष्णार्पणमस्तु !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशित कृतिहरू (आध्यात्मिक र दार्शनिकमात्र)



प्रा. शिवगोपाल रिसाल

१. म को हुँ ? (अध्यात्म-काव्य) : वि.सं. २०४४
२. दुर्गापूजा र बलिको रहस्य (भक्ति-काव्य) : वि.सं. २०४४
३. श्रीरामनाम (अध्यात्म-काव्य) : वि.सं. २०४७
४. श्रीविष्णुसहस्रनामस्तोत्रम् (चतुर्थ्यन्तः सहितको कोशशैलीमा अनुवाद) : वि.सं. २०४९
५. श्रीचर्पटपञ्जरिकास्तोत्रम् (अनुवाद एवं व्याख्या): वि.सं. २०४९
६. श्रीखप्तडबाबा (अध्यात्म-काव्य): वि.सं. २०५३
७. अभेद-दर्शन (दार्शनिक निबन्ध सङ्ग्रह): वि.सं. २०५६
८. ब्रह्मजिज्ञासा (दार्शनिक निबन्ध सङ्ग्रह): वि.सं. २०५७
९. सुख कहाँ छ ? (दार्शनिक निबन्ध सङ्ग्रह): वि.सं. २०५७
१०. पद्मकन्या महाकाव्य (दार्शनिक, ऐतिहासिक महाकाव्य): वि.सं. २०५७
११. श्रीपशुपतिनाथको सेरोफेरो (अध्यात्म-काव्य): वि.सं. २०५९
१२. श्रीमस्तरामबाबा (अध्यात्म-काव्य): वि.सं. २०६०
१३. म को हुँ ? (अजातवादसहित द्वितीय संस्करण): वि.सं. २०६०
१४. वैदिक संस्कृति (दार्शनिक निबन्ध सङ्ग्रह): वि.सं. २०६१
१५. शिव-गायत्री स्तोत्रावली (१०८ स्तोत्र सङ्ग्रह): वि.सं. २०६२
१६. अखण्ड आनन्द (१०१ आध्यात्मिक कविता सङ्ग्रह): वि.सं. २०६२
१७. ईश्वरको अनुग्रह (दार्शनिक निबन्ध सङ्ग्रह): वि.सं. २०६२
१८. श्रीविष्णुसहस्रनामस्तोत्रम् (१००० कवितासहित, द्वितीय संस्करण): वि.सं. २०६४
१९. दशश्लोकी र मृत्यु-माहात्म्य (अध्यात्म-काव्य): वि.सं. २०६४
२०. प्रेमदेखि परमात्मासम्म (दार्शनिक निबन्ध सङ्ग्रह): वि.सं. २०६५
२१. सन्तमहिमा (सन्तहरूको जीवनीपरक निबन्ध सङ्ग्रह): वि.सं. २०६५
२२. श्रीशिवसहस्रनामस्तोत्रम् (चतुर्थ्यन्तः सहितको कोशशैलीमा अनुवाद): वि.सं. २०६५
२३. नीतिका कुरा (नैतिक कोश-काव्यमा सहभागिता): वि.सं. २०६५
२४. आमा (आध्यात्मिक शोक-काव्य): वि.सं. २०६५
२५. संसार कस्तो छ ? (दार्शनिक निबन्ध सङ्ग्रह): वि.सं. २०६६
२६. प्रेमदेखि परमात्मासम्म (दार्शनिक निबन्ध सङ्ग्रह, द्वितीय संस्करण): वि.सं. २०६७
२७. श्रीविष्णुसहस्रनामस्तोत्रम् (अन्य दुई विष्णुसहस्रनामसहित, तृतीय संस्करण): वि.सं. २०६७
२८. ज्ञानको चमत्कार (आध्यात्मिक संवाद): वि.सं. २०६७
२९. मृत्युविज्ञान (आध्यात्मिक दृष्टिमा मृत्यु): वि.सं. २०६८
३०. सत्य-दर्शन (आध्यात्मिक कविता सङ्ग्रह): वि.सं. २०६८
३१. अमृतका थोपा (आध्यात्मिक अमर वाणीहरू): वि.सं. २०६८
३२. नाङ्गो दर्शन (दार्शनिक चिन्तन): वि.सं. २०६९
३३. मान्छेभित्रका मान्छेहरू (दार्शनिक चिन्तन): वि.सं. २०६९
३४. अष्यवक्रगीता (सार-संक्षेप र विविध) : वि.सं. २०६९
३५. वेदान्त वाटिका (आध्यात्मिक महाकाव्य) : वि.सं. २०७०

9789937270465

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal